ISSN 2631-2298
nepalmag.com.np
आइतबार • ४ फागुन २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

पूर्वपार्टी जीवितै

एमाले-माओवादी एकताको २० महिना नाघ्दासम्म नेता-कार्यकर्ताबीच कटुता यथावत

सुदूरपश्चिममा चुरेको निर्लज्ज दोहन | अख्तियारलाई आधा धन्यवाद

K. L. DUGAR GROUP
Sunflow हिराको
उपहार
Sunflow तेलमा पकाऔं मिठो परिकार
साथमा पाऔं हिराको हार उपहार!
Sunflow Sunflower तेलको १ र १/२ लि. को उपहार प्रवर्द्धित प्याकेट खरिद गर्दा प्याकेटमा भएको १० अंकको नम्बरलाई ३१००८ मा SMS गर्नुहोस् र लक्की ड्र मार्फत पाउनुहोस्
हिराको लकेट, हिराको टप र हिराको हार ।
साथै एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ
आकर्षक हिराको नेकलेस सेट*
सबै विजेताहरुको नाम राष्ट्रिय दैनिकमा प्रकाशित हुनेछ
१० अंकको नम्बर हुने स्थान
हिराको हार जित्ने मौका
Sunflow
REFINED SUNFLOWER OIL
Cholesterol Free
1 Ltr. Net
* यो योजना सीमित अवधिको लागि लागु हुनेछ । शर्तहरु लागु हुनेछन् ।
CHOLESTEROL free
Original खोज्नुस् Sunflow नै रोज्नुस्
हिराको हार विजेताले Sunflow खरिद गर्नुभएको पसलको बिक्रेताले जित्नुहुनेछ 32" TV उपहार

AMBE STEELS
दीर्घायु भवः
AMBE GROUP
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
ने गु १९१
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500
gradesteels
UTM
TESTED
TMT STEEL BARS

Join us each week as Hantakali tears into everything from Dharaney kalo bangur and haku choila to, occasionally, an overconfident, overcooked pasta. We pay for the food we eat, and we'll tell you if it's worth it—without fear or favour.

kathmandupost.com/food

THE KATHMANDU POST

WITHOUT FEAR OR FAVOUR

Smart Appliances P Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

मित्र

आइतबार, ४ फागुन २०७६ (वर्ष २०, अंक २८)
Nepal National Weekly, 16 Feb 2020 (Vol. 20, No. 28)

काठमाडौंमा कनेक्टिभिटी बहस

२६

कान्तिपुर कन्केलभमा बोल्दै प्रधानमन्त्री केपी ओली, २४ माघ २०७६

१४ **हाम्रो नेपालमा** होलेरीको हँसिलो मुहार

२० **समाजवाद बहस-४** जीवन क्षत्री

२३ **विशेष** अख्तियारकै निष्ठामा प्रश्न

२८ **आवरण** पार्टी एक, मोर्चा अनेक

३४ **पर्यटन** पाहुना बढे, कमाइ बढेन

चुरेको निर्लज्ज दोहन १६

सम्पादकीय । ५
प्रतिक्रिया । ६
प्रवेश । ८
परिहास । १०
ती दिनहरू । १३
रङ । ४६
पुस्तक । ४८
तीन किताब । ४९
शब्द-श्रद्धा । ५०
कोलाज । ५२
नगरकोटी क्याफे । ५३
नेपाल मण्डल । ५४
नोटबुक । ५६

३७ **अर्थ** मिलेन तथ्यांक र यथार्थ

४० **छिमेक** भारतको बदलिंदो भावभंगी

४२ **व्यक्तिचित्र** क्यामेराको बाटो

अख्तियारलाई आधा धन्यवाद

भुरा माछामा मात्रै अल्झिएको भनेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यशैलीप्रति आलोचना भइरहेका बेला बहुचर्चित ललिता निवास प्रकरणलाई एउटा टुंगोमा पुऱ्याएको छ। अख्तियारले अघिल्लो साता प्रधानमन्त्री निवास घुऱ्यानको जग्गा बेचबिखनमा संलग्न १ सय १० जनालाई भ्रष्टाचार मुद्दा अनि बाँकी ६५ लाई जग्गा जफत प्रयोजनका लागि मुद्दा दायर गऱ्यो। सराहनीय कदम चालेकामा अख्तियारलाई आधा धन्यवाद।

आधा धन्यवाद किनभने यो प्रकरणमा संलग्न भनिएका सत्तासीन दलका नेताहरूलाई मुद्दा नचलाउने उसको निर्णयले केही गम्भीर सवाल सतहमा ल्याइदिएको छ। कानुनले व्यक्ति चिन्दैन। उसको हैसियत बुझ्दैन। कसुरका मात्रा मात्रै जोख्छ र दण्ड निर्धारण गर्छ। अख्तियारले भने व्यक्ति चिन्यो र चिन्यो उसको हैसियत। एउटै मन्त्रिपरिषद्का समान कामकारबाहीमा संलग्न कसैलाई दोषी देख्यो, कसैको रौँधरी खोट पहिल्याएन। यसले निष्पक्ष र तटस्थ हैसियतमा बस्नुपर्ने संवैधानिक निकाय कतै सत्ताको प्रभावमा परेको सन्देश पनि दियो।

विभेदकारी बन्न अख्तियारले टेकेको जमिन झनै खतरनाक छ, स्वयं उसका लागि पनि। मन्त्रिपरिषद्को सामूहिक नीतिगत निर्णय आफ्नो क्षेत्राधिकारमा नपर्ने भन्दै दुई प्रधानमन्त्रीलाई उन्मुक्ति दिइयो। सत्ताधारी दलका महासचिव विष्णु पौडेल छानबिनमै तानिएनन्। *नेपाल*ले गत वैशाखमा स्थलगत खोजमार्फत पौडेलले कसरी गृहनगर बुटवलको सुकुम्बासी बस्तीदेखि बालुवाटारको जग्गासम्म हत्याए भन्ने तथ्य उजागर गरेको थियो। आफ्ना जिल्लाबासी शोभाकान्त ढकाललाई अगाडि सारेर ललिता निवासको जग्गा जालसाजीमा पौडेल संलग्न थिए। त्यसलाई वैध बनाउन आफ्नै पार्टीको सरकारलाई प्रभावमा पारे। हदैसम्मको कम मोलमा आफ्नो छोराले जग्गा किनेको फर्जी कागज मालपोतमा खडा गरे। तर उनलाई अख्तियारले प्रतिवादी नै बनाएन।

कानुनले मालपोतको कार्यक्षेत्रमा पर्ने प्रस्ट व्यवस्था हुँदाहुँदै जग्गा स्रेस्ता खारेज, दर्ताबारे मन्त्रिपरिषद्ले निर्णय गरेर कार्यान्वयनका लागि पठायो। कानुनी प्रस्टता नभएको र कानुन बनाएर काम गर्दा अव्यावहारिक हुने भएमा मन्त्रिपरिषद्ले नीतिगत निर्णय गरेर गाँठो फुकाउन सक्छ। तर यहाँ त कानुनले दिएको अधिकार प्रयोग गर्ने संस्थालाई नै खास काम गर्न मन्त्रिपरिषद्ले अह्राएको छ। त्यस कारण मन्त्रिपरिषद्को नीतिगत निर्णय भनेको के हो र यसको औचित्य कुन हदसम्म मान्ने भन्ने गम्भीर विषयको निर्क्योल गर्नुपर्ने भएको छ।

आफू कारबाहीबाट बच्ने उपायको खोजी गर्दै मन्त्रिपरिषद्बाट सबै निर्णय गराउने हो भने मातहतका निकाय किन चाहियो ? त्यस कारण मन्त्रिपरिषद्का निर्णय कुन नीतिगत र कुन कार्यगत भन्ने छुट्याउन जरुरी छ। नीतिगत निर्णय कार्यपालिकाको अनियमितताको ढकनी बन्नु हुँदैन। त्यसलाई अख्तियारले सहयोग गर्नु आफ्नो कार्यक्षेत्र झनै साँघुऱ्याउनु हो।

निष्पक्ष भूमिकामा अविश्वास गर्ने ठाउँ दिएर अख्तियारले गल्ती गरेको छ। विगतमा पनि अख्तियार सरकारको प्रतिशोधी हतियार बनेको कुरा उठेको थियो। सूर्यनाथ उपाध्यायले तत्कालीन एमालेलाई जोगाएको र कांग्रेसलाई छानीछानी जेल हालेको आरोप लाग्ने गर्छ, यसको इतिहास खोतल्दा। अर्कातिर २० वर्षअघि लाउडा जहाज भाडा प्रकरणमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई जोगाएर तत्कालीन विभागीय मन्त्री तारिणीदत्त चटौत आदि मात्रै कारबाहीको भागीदार बन्नु परेको विवादास्पद विगत छ। बारम्बार यस्तो अवगाल खेप्दा संस्थागत साख सखाप हुन्छ।

अख्तियारलाई तटस्थ संवैधानिक हैसियत त्यसै दिइएको होइन। त्यसअनुसारको व्यवहार पनि अपेक्षा गरिएको हुन्छ। आफ्नो साख जोगाउने हो भने अख्तियारले अझै पनि पूरक मुद्दा दायर गर्न सक्छ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २६ माघ २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

सचेतना जगाऊ

जलवायु परिवर्तन र व्यवस्थापनको लापरबाहीका कारण कोरोनालगायत संक्रामक भाइरसको जोखिममा नेपाल पनि पर्ने लक्षण देखिँदै छन् *(बढ्दै छ संक्रामक भाइरसको सन्त्रास, २६ माघ)* । चीनको उहान सहरबाट फैलिएको कोरोना संक्रमणका कारण विश्वभरि नै सन्त्रास छाएको छ । कोरोना फैलिन नदिन सीमा जोडिएको नेपालले पनि पूर्वसावधानी अपनाउनैपर्छ ।

विश्वराम दंगाल
बनेपा, काभ्रे



कांग्रेस नेतृत्वले बिगारेको नेविसंघ

लोकतान्त्रिक विधिको रटान लगाउने नेपाली कांग्रेसकै कारण उसका भ्रातृसंगठनमा विवाद देखिएको हो *(नेविसंघमा लोकतन्त्रको खोजी, २६ माघ)* । कांग्रेस नेतृत्व हाँकिरहेको संस्थापन र गुट-उपगुटमा विभक्त नेताहरूकै कारण नेविसंघको विवाद मत्थर हुन नसकेजस्तो लाग्छ । नेविसंघलाई आफ्नो पक्षमा पार्न संस्थापन पक्ष र गुट-उपगुट चलाइरहेका नेताहरूकै कारण भाँडभैलो नथामिएको हो ।

पुष्प दाहाल
त्रिचन्द्र कलेज

नेकपाको नजर महाधिवेशनतिर

Kiran @khajuraaa

यो कोणबाट कसैले लेखेन । पार्टीभित्रका अधिवेशन-महाधिवेशनले यो टीकावालाहरूको पत्तासाफ हुन्छ नै । आन्तरिक लोकतन्त्र पनि उन्नत हुन्छ । यसैले यो बैठक ठीकै छ ।

के समाजवाद, के पुँजीवाद (समाजवाद बहस-२)

Suresh Dhakal @suracedhakal

'नेपालका आर्थिक र सामाजिक रूपान्तरणका अवरोध अन्य पश्चिमा मुलुकमा झैँ उत्पादन र वितरणसँग जोडिएका विशुद्ध प्राविधिक कुरा होइनन् ।' नेपालका अवरोध सामाजिक-सांस्कृतिक तथा भौगोलिक संरचनासँग जोडिएका छन् ।' सञ्जीव पोखरेलको यो आलेख भर्खरै पढियो । जहिले पढे पनि हुन्छ । मननयोग्य ।

मिजाको नोटबुक

Bedvyas@Bedvyas3

नगरकोटी दाइका हरेक टुनामुनाले मथिंगल नै ध्वस्त पारिदिने । दिनभरिको थकान बल्ल मेटियो । दाइको नाममै एक खिल्ली चुरोटको दाहसंस्कार गरियो ।

नेता जुध्ने, गोरु नजुध्ने

Harihar Joshi

मोटरसाइकलबाटै आउने हो, गाउँघरमा समृद्धि । अब बिस्तारै घरघरमा मोटरसाइकल, कार आउँछन् । नुवाकोटमा मोटरसाइकल समृद्धि आएको त दशक भइसक्यो ।

दौरा-सुरुवालीकृत माओवादी

Lama Steven

हिजो सामन्ती शासकविरूद्ध वर्गीय संघर्ष गर्न जनतालाई बन्दुक बोकाएर १७ हजार सिध्याउने । अहिले आएर तिनै सामन्ती शासकले कायम गरेको राष्ट्रिय पोसाक दौरासुरूवाललाई प्रिय मान्ने । यो अलि मिलेन कि ?

विषाक्त पुरुषवादबाट मुक्त समाजवादको पक्ष (समाजवाद बहस-३)

Bhim Thapa Thapa

यदि महिला आफ्नो अधिकार चाहन्छन् भने पुरूषबिनै पनि जिउन सक्छन्, गरिखान सक्छन् । अहिले हाम्रो देशमा महिलाप्रतिको सोचाइ भनेको दाइजो प्रथा, एसिड प्रथा, घर निकाला, कुटपिटमा मात्र सीमित छ । पुरूषको जति अधिकार छ, महिलाको पनि त्यत्ति नै छ । संविधानमै महिला अधिकार प्रस्ट किटान गरिएकाले नदिए आन्दोलन गर्नुस् । नेपालका महिला स्वतन्त्र भएको हेर्न चाहन्छु । महिलाको पूर्ण स्वतन्त्रतापछि मात्र प्रकट हुन्छ, नेपालमा विवेकको राजनीति ।

सातासाका ७ nepalmag.com.np

१ आफ्नै सुनको झ्यालबाट नेपालले के सिक्न सक्छ ? (ब्रुनो मासाई)
नेपालले आज समान रूपमा विविध भूराजनीतिक परिदृश्यको सामना गरिरहेको छ । यसका शासक पनि मल्ल राजाहरूले सामना गरेजस्तै समस्यालाई सम्बोधन गर्न बाध्य छन् । विपरीत सत्यलाई समेट्ने र सम्बोधन गर्ने तथा सबैलाई खुसी बनाउने गरी राजनीतिक प्रस्तुतीकरणको विम्ब कसरी निर्माण गर्ने ? अहिलेको प्रश्न यो हो ।

२ पेन्सनबिनाको ४० वर्षे सरकारी पत्रकारिता (ध्रुवहरि अधिकारी)
०२६ साललाई पत्रकारिता क्षेत्रको प्रवेशवर्ष मानेर हिसाब गर्दा ४० वर्ष दुर्गानाथ शर्मा गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजनमा क्रियाशील रहनुभयो । उहाँले मुलुकको जेठो अखबार, पहिलो रेडियो प्रसारण संस्था र पहिलो टेलिभिजन प्रसारण केन्द्रमा आबद्ध भएर काम गर्ने दुर्लभ अवसर पाउनुभएको हो । ०६१ मा नेपाल टेलिभिजनको महाप्रबन्धकबाट सेवानिवृत्त हुँदाको प्रसंगमा शर्मा आफैँले लेख्नुभएको छ : 'सरकारी पत्रकारिताको यो मेरो ४० वर्षको अवधि हो, पेन्सनबिनाको ।'

३ घरेलु मैदानमा भएको पहिलो अन्तर्राष्ट्रिय वान डेमा किन चलेन नेपालको ब्याटिङ ?
क्रिकेटमा खेल जित्न आत्मविश्वास र घरेलु मैदान मात्रले पुग्दैन, आवश्यक रन पनि चाहिन्छ । त्यसैमा चुक्दा नेपाल ओमानसँग पराजित हुन पुग्यो ।

४ दुर्गानाथ शर्मा भन्थे : सरकारी मिडियामा स्वतन्त्र पत्रकारिताको समय आएकै छैन (कुन्दन अर्याल)
दुर्गानाथ शर्माको निधनसँगै नेपाली टेलिभिजन पत्रकारिता इतिहासको प्रारम्भिक अध्यायको अन्त्य भएको छ । ७२ वर्षसम्मको आयुमा उनले छापा पत्रकार, लोकप्रिय समाचार वाचक, सक्रिय प्रसारण पत्रकार र प्रशासकको भूमिका कुशलतापूर्वक निर्वाह गरे ।

५ कोठी नं ६४
दलालको चंगुलमा परेर धेरै युवती भारतमा बेचिने गरेका छन् । दलालहरूले फोनबाट युवतीको मन जित्ने, भेट्न बोलाउने, जबर्जस्ती यौनसम्बन्ध राख्ने, बिहेको नाटक गर्ने, घुम्न भनेर भारत पुऱ्याउने र कोठीमा बेच्ने गर्छन् । सामाजिक सञ्जालबाट चिनजान भएका व्यक्तिलाई विश्वास गर्दा पनि युवती बेचिने गरेका छन् ।

६ बालुवाटारमा प्रधानमन्त्रीका अर्थपूर्ण आग्रह
'बडी ल्यांग्वेज' बाटै थाहा हुन्थ्यो, प्रधानमन्त्री पछिल्ला महिनाहरूमा मिडियासँग चिसिएको सम्बन्ध सुधार्न चाहन्छन् । पछिल्लो पार्टी केन्द्रीय कमिटी बैठकपछि ओलीले थप एक्लिएको अनुभूति गरेका छन् । नेकपाको सचिवालय, स्थायी कमिटी उनका लागि आजका दिन उति अनुकूल छैन । पोलिटब्युरोले आकार पाउन बाँकी छ । यस्तो प्रतिकूलतामा पनि के 'सम्पादकहरूको मुटु' खोजेर बसिराख्नु !

७ समाजवादले आलोचनाबाहेक के दिन सकेको छ ? (पोडकास्ट)
ट्रिकल डाउन नवउदारवादको यही दाबीको पछाडि हामी लाग्यौँ र रोटी बढाउनमा सबै कुदेको कुदेकै भयौँ । रोटी बढेकै हो र भागमा पनि परेकै हो । तर समाजवादले सतर्क गराएजस्तै रोटी बढाउने ९९ प्रतिशतको भागमा १ प्रतिशत पऱ्यो भने बाँकी ९९ प्रतिशत सबै १ प्रतिशतको भागमा ।
दोभान राईको लेख पोडकास्टमा

सबै स्टोरी पढ्न क्युआर कोड स्क्यान गर्नुहोस् ।

THE ORIGINAL
XXX RUM
Khukri
SINCE 1959
Khukri
XXX Rum
NEPAL'S FINEST
FULLY MATURED RUM
SINCE 1959
Khukri
XXX Rum
खुकुरि XXX रम
PRODUCT OF NEPAL
Since 1959
EXCELLENT.
SMOOTH.
FULLY MATURED
IN WOODEN VATS.
वर्षौंदेखि सर्वप्रिय
www.khukrirum.com
khukrirumnepal
@khukrirum
Enjoy responsibly.

प्रवेश

सोझै

साताका चर्चित

विनोद पौडेल
फिल्म निर्देशक

नेपाली फिल्म बुलबुललाई फ्रान्समा सम्पन्न दक्षिण एसिया फिल्म फेस्टिभलमा पब्लिक च्वाइस अवार्ड ।

प्रज्ज्वल ओली
पत्रकार

९ लाख रूपैयाँसहित विश्वको उत्कृष्ट समाचार 'एआईपीएस स्पोर्ट्स मिडिया अवार्ड' ।

नभेष चित्रकार
फोटो पत्रकार

पीजे क्लबले आयोजना गरेको फोटो प्रतियोगितामा 'प्रेस फोटो अफ द इयर' उपाधि ।

अनुपमा खुञ्जेली
सीईओ, मेगा बैंक

यो वर्षको 'बेष्ट वुमन म्यानेजर अफ द इयर' उपाधि ।

लालबाबु राउत
मुख्यमन्त्री, प्रदेश २

सार्वजनिक रूपमै छोरीले छोराको मुखमा एसिड हाल्छन् भनेपछि विवादमा ।

केक खाँदाखाँदै ढलेपछि

गुलियो धेरैलाई मन पर्ला । अस्ट्रेलियाको क्वीन्सल्यान्डमा यस्तै एक गुलियोप्रेमीको भने निधन भएको छ, त्यो पनि केककै कारण । क्वीन्सल्यान्डको हार्वी वेस्थित बीच हाउस होटलमा आयोजित केक खाने प्रतियोगिता जित्ने चक्करमा ६० वर्षीया महिला भकाभक खाँदै थिइन् । त्यत्तिकैमा उनको श्वासप्रश्वासमा समस्या देखियो र भुइँमा पछारिइन् ।

अस्ट्रेलियाको *एबीसीनेटएयुका* अनुसार वरपर रहेका व्यक्तिले सीपीआर दिएर होसमा ल्याउने प्रयास गरे । एम्बुलेन्स बोलाए, अस्पताल पुर्‍याए तैपनि उनी बाँच्न सकिनन् ।

आयोजकले *फेसबुक*मार्फत उनको परिवारप्रति समवेदना व्यक्त गर्‍यो । अस्ट्रेलिया डेको अवसरमा त्यहाँ धेरै खाने प्रतियोगिता हुन्छन् । सहभागीबीच बढीभन्दा बढी केक, पाई, हट डग आदि खाएर पुरस्कार जित्ने होडबाजी नै चल्छ । अस्ट्रेलियामा पहिलो पाइला चाल्ने युरोपेलीको स्मरण गर्दै यस्ता प्रतियोगिता हुँदै आएका छन् । ने



स्रोत : प्रदेश सभाको कार्यप्रणाली र सहभागिता अध्ययन प्रतिवेदन, डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल

त्यस बखतको **नेपाल**

सकें भने छोरालाई राजनीतिज्ञ बनाउँछु

राजनीति त्यस्ता मानिसहरूको पेसा हुनुहुँदैन भन्ने मान्यता ममा प्रबल रूपमा रहेको छ। किनभने, पहिलो कुरा त त्यस्ता अल्पज्ञानीहरूमा कुनै पूर्वदृष्टि र सोच नै हुँदैन, जुन देश चलाउनका लागि अत्यन्त जरुरी छ, दोस्रो कुरा, राजनीतिमा राज गर्ने तिनीहरूमा तीव्र महत्त्वाकांक्षा हुन्छ तर त्यसअनुरूपको क्षमता नहुनाले आफ्नो महत्त्वाकांक्षा पूरा गर्न तिनले इमानदारी बेच्नैपर्ने हुन्छ। तल्ला स्तरका त्यस्ता मानिसहरू फट्याइँ नगरी माथि पुग्नै सक्दैनन्।

आजसम्म त हाम्रो राजनीति मूलतः फटाहाहरूकै नेतृत्वमा छ, त्यसमा कुनै शंका छैन। तर अब हामीले पनि त्यो प्रवृत्तिमा परिवर्तन ल्याउन प्रयास नगर्ने हो भने कसले गर्ने र कहिले गर्ने ? के राजनीतिलाई सधैँ छिःछिः दुरदुर मात्र गर्ने ? आखिर देशको भाग्य निर्माण त मूल रूपमा राजनीतिले नै गर्ने न हो। तसर्थ देश बनाउने हो भने सक्षम, असल, प्रतिभाशाली केटाकेटी तथा युवक-युवतीहरूलाई राजनीतिमा प्रोत्साहित गर्नु नितान्त जरुरी छ। यही धारणाले गर्दा नै मेरो छोरा असल र बुद्धिमान भयो भने उसलाई जितेन्द्र (राउत) जीले सल्लाह दिनुभएझैं सूचना-प्रविधि विशेषज्ञ नबनाएर मैले राजनीतिज्ञ बनाउने सपना बुनेको छु।

रवीन्द्र मिश्र, नेपाल, १६-२९ माघ २०५७

सुरेश किरण

गुटहरूको अन्त्य

अन्ततः पार्टीले गुट–उपगुट जम्मै अन्त्य गर्ने निर्णय गऱ्यो किनभने गुटबाजीले पार्टीलाई धुजाधुजे पार्ने हो कि भन्ने चिन्ता सबैलाई लागिसकेको थियो । नेताहरूले पनि बैठकमा त्यही कुरा राख्न थालेका थिए । अतः पार्टीमा अबउप्रान्त गुटबाजी गर्न पाइँदैन भन्ने निर्णय गर्न पार्टीलाई कुनै गाह्रो भएन ।

निर्णय त भयो तर शंका भने कायमै छ– के पार्टीबाट गुटबाजी साँच्चै अन्त्य होला ? धेरै नेताले यसमा शंका प्रकट गरिरहेका छन् तर मलाई यसमा पटक्कै शंका छैन । शंका किन छैन त भन्दा पार्टीभित्र अब गुटबाजी गर्न पाइँदैन भन्ने निर्णय जो छ, त्यो सबै गुट मिलेर गरेको सामूहिक निर्णय हो । गुटबाजी गर्न पाइँदैन भन्ने निर्णय सबै गुट मिलेर गरेको हो । सबै गुटको सामूहिक निर्णय भएकाले अब गुटबाजी हुँदैन भन्नेमा पूरै विश्वास गर्न सकिन्छ ।

पार्टीले यसका लागि एउटा कार्यदल पनि बनाएको छ । कार्यदलमा पनि सबै गुटबाट एक-एक जना प्रतिनिधि रहेका छन् । यदि कतै गुटबाजी गरेको देखियो भने सबै गुटका नेताहरू बसेर त्यसको समाधान निकाल्ने निर्णय पनि भएको छ । कुनै गुटले गुटबाजी गरेको भेटियो भने अर्को गुटले त्यसको खुलेरै आलोचना गर्न पाइन्छ भन्ने आचारसंहिता पनि बनाएको छ । अहिलेसम्म त्यस्तो अवस्थाचाहिँ आइहालेको भने छैन किनभने पार्टीबाट गुटबन्दी निमिट्यान्न पार्न सबै गुट कम्मर कसेरै लागिरहेका छन् । यसलाई कसरी हटाउन सकिन्छ भनेर सबै गुटबीच कहिले सामूहिक रूपमा त कहिले आ-आफ्नै गुटभित्र पनि नियमित मन्थन भइरहेको छ । गुटबाजी अन्त्य गर्न यति कठोर प्रयास भइरहेको छ भने त्यो कसरी अन्त्य नहोला र ?

फैलिँदो अधिनायकवाद

प्रमुख प्रतिपक्षी नेता शेरबहादुर देउवा यतिबेला अत्यन्त व्यस्त छन् । देशकै प्रमुख प्रतिपक्षी नेता हुन्, व्यस्त त हुनैपऱ्यो । उसै त पार्टीभित्र उनलाई काम नगर्ने नेता भनेर आलोचना गर्नेहरू प्रशस्त छन् । पार्टीभित्र काम नगर्ने नेता किन भन्छन् भने उनी वास्तवमा के काम गरिरहेका छन्, त्यो कसैलाई थाहा हुँदैन । थाहा नभएपछि आलोचना हुनु पनि स्वाभाविकै भयो ।

सायद यो पनि धेरैलाई थाहा छैन होला, उनी यतिबेला एमसीसी सम्झौता पारित गराउने काममा व्यस्त छन् । हुन त एमसीसी सरकारले ल्याएको प्रस्ताव हो तर यो प्रस्ताव असफल होला भनेर सरकारलाई भन्दा पनि विपक्षीलाई बढी चिन्ता लागिरहेको छ । त्यही भएर पनि विपक्षी नेता बढी व्यस्त भएका होलान् ।

गत साता पनि एउटा केस यस्तै भयो । प्रदेश ३ को नामकरण र स्थायी राजधानी तोक्ने मुद्दा थियो । सरकारले प्रस्ताव ल्याइहाल्यो । सरकारले ल्याएको त्यो प्रस्ताव सफल पार्न पनि विपक्षी पार्टीले बढी भूमिका

सभागृहमा नयाँ नाटक

सत्तारुढ पार्टी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को केन्द्रीय कमिटी बैठक यसपालि काठमाडौंको भृकुटीमण्डपस्थित राष्ट्रिय सभागृहमा बस्यो । राष्ट्रिय सभागृहमा सभा त अरूका पनि बस्छन् तैपनि त्यहाँ बढी हुने काम भनेको नाटक मञ्चन हुन् । प्रज्ञा प्रतिष्ठानमा हल पाइएन वा त्यहाँको हल महँगो पऱ्यो भने त्यति बेला नाट्य टोलीहरूको 'च्वाइस' सभागृह नै हुने गर्छ । साउन-भदौतिर त राष्ट्रिय सभागृहमा गाईजात्रा महोत्सव पनि चलिरहेको हुन्छ । मैले पनि राष्ट्रिय सभागृहमा धेरै पटक गाईजात्रे कार्यक्रम हेरेको छु ।

गत साता राष्ट्रिय सभागृहमा नेकपाको केन्द्रीय बैठक भन्ने समाचार आएपछि मित्र भजनलालले मलाई भन्यो, 'तिमीलाई थाहा भयो ? अहिले त नेपाल कम्युनिस्ट पार्टीले पनि सभागृहमा नाटक देखाउने भयो नि ।'

'नाटक ! कस्तो नाटक ?' मैले अचम्म मान्दै सोधेँ ।

खेलिदिनुपर्‍यो । अहिले पनि त्यही भइरहेको छ । प्रस्ताव त सरकारको हो तर चिन्ता विपक्षीलाई छ ।

देउवा अक्सर भन्ने गर्छन्, यो सरकार अधिनायकवादी हो । उनको भनाइ त सय प्रतिशत नै सत्य रहेछ । नपत्याए हेर्नुस्, सरकारको अधिनायकवाद त फैलिँदै गएर अहिले देउवासम्मै पुगिसकेको रहेछ । सरकारले ल्याएको एजेन्डा देउवासम्मले त बोक्न बाध्य छन् भने योभन्दा ठूलो अधिनायकवाद अरू के होला र ?

(गत साता बालुवाटारमा प्रधानमन्त्री केपी ओलीले आयोजना गरेको रात्रिभोजमा देउवा बोलाइएको थियो कि नाइँ ?)

भजनले भन्यो, 'खै कस्तो नाटक हो, त्यो त थाहा भएन तर नाटकको नामचाहिँ केन्द्रीय बैठक रे भन्ने सुनेको छु ।'

मलाई त नामै अनौठो लाग्यो- केन्द्रीय बैठक ! सायद राजनीतिक खालको नाटक होला । मैले सोधेँ, 'अनि कलाकारचाहिँ को-को छन् नि ?'

भजनले भन्यो, 'कलाकार धेरै छन् तर हिरोचाहिँ नौ जना रहेछन् । हिरोइन भने एउटै छैन ।'

नाटक पाँच दिनसम्म भव्य रूपले नै मञ्चन भएछ । नाटकका एक जना डाइरेक्टर बेला-बेला 'कलाविहीन नाटक' को चर्चा गर्ने गर्थे । यसपालिचाहिँ पूर्ण कलासहितको नाटक देखाउन उनी सफल भएछन् । नाटक सफल भएको खुसीयालीमा बालुवाटारमा 'ग्रान्ड सक्सेस पार्टी' पनि भएको रहेछ । सबै नाटक यसरी नै सफलतापूर्वक मञ्चन गर्दै जाने हो भने भविष्यमा गुरूकुल, शिल्पी, मण्डलाजस्ता थिएटरलाई धक्का पुग्ने निश्चित छ ।

बाबा र नेता उस्तैउस्तै

[झटारो]

लक्ष्मण गाम्नागे

हाम्रा प्रायः सबै राजनीतिक दलका धेरै नेताहरूको साँठगाँठ र उठबस महन्त, बाबा वा महाराजाहरूसँग भएको देखेर अनेक शंका र टीकाटिप्पणी हुन्छन् । कतिपय सञ्चार माध्यमहरूले त खेदै खनेको पनि देखिन्छ । यसो गर्नु हाम्रो अज्ञानता मात्र हो । नेता र बाबाहरूको चरित्र निर्माण एकै प्रकारले हुने भएकाले उनीहरूको बेहोरा पनि उस्तै भएको हो भनेर एक अनुसन्धानले नै बताइसकेको छ । उस्तै-उस्तै बेहोरा भएकाहरूमा घनिष्टता हुनु प्राकृतिक कुरा हो, यसमा आलोचनाको कुनै अर्थ छैन ।

अनुसन्धानले भनेको छ, समय-समयमा अलि चर्कोसँग धर्तीमा प्रकट हुने गरेका बाबाहरू उहिले स्कुल पढ्दा एउटै कक्षामा केही वर्षसम्म पढाइ दोहोर्‍याएर किताबी ज्ञानमा परिपक्व भई गाउँमा कसैलाई ठगेर, कसैलाई थला बसालेर, कसैलाई खाडलमा खसालेर वा कुनै महिलालाई चारित्रिक संकटमा फसाएर फरार भएका हुँदा रहेछन् । घर छाडेर उनीहरू मसानघाट वा धामतिर पसेर वर्षौं भूमिगत भएर ज्ञान प्राप्त गरी बाबाको रूपमा फर्किंदा रहेछन् । हाम्रा धेरै नेताहरू पनि त्यस्तै केके गरेरै आएको हामी सबैलाई थाहै छ ।

विगतमा सधैं कानुन उल्लंघन गरेर राज्यविरुद्ध लडेका नेताहरू आज कानुन बनाएर हामीमाथि लागू गरिरहेका छन् । वर्तमानमै कानुन, मर्यादा, जमिन, जंगल आदि धेरै थोक मिचेर सिंहासनमा पुगेका बाबा-महाराजाहरू हामीलाई धर्म र नैतिकताको पाठ पढाइरहेका छन् । एकथरी अनेक यज्ञादि लगाएर यसो गरे स्वर्ग पुगिन्छ, उसो गरे नर्क पुगिन्छ भनेर हामीलाई तर्साएर दान झार्छन् । अर्काथरी पनि उसलाई जिताए नर्क पुगौला, मलाई जिताए स्वर्ग पुगौला भनेर हामीलाई लोभ्याउँछन्, तर्साउँछन्, झुक्याउँछन् र भोट झार्छन् ।

सुकोमल शरीर, स्वादिष्ट खानपान, सुविधासम्पन्न महल वा आश्रमको बास, आरामदायी गाडी, जहाज वा हेलिकप्टरको सवारी, बिरामी हुँदा वा भएजस्तो गर्नुपर्दा पाँचतारे अस्पतालको सुविधा, यस्ता सबै सुख दुवैथरीलाई प्राप्त छ ।



उनीहरूबाट हुने सानाठूला गल्ती वरिपरिका सहयोगी, कार्यकर्ता वा भक्तजनले छोपछाप पार्छन्, बाहिर आउन दिँदैनन् । कहिलेकाहीँ अलि ठूलै विस्फोट हुँदा ठूलै भ्वाङ पर्छ र छोप्न सकिँदैन । जस्तै, यता सभामुखको घटना, उता सिद्धबाबा र महाराजाको घटना । भ्वाङ ठूलो परेकाले सभामुखले आफ्नो भीभीआईपी पद, मान, सम्मान र राजसी सुविधा छाडेर बलात्कार अभियोगमा जेल जानुपर्‍यो । बाबा-महाराजाहरूले बलात्कार र ठगी अभियोगमा लाखौं भक्तजन, सुविधासम्पन्न आश्रम, गाडी, हेलिकप्टर, सुरक्षा व्यवस्था सबै छाडेर निधारमा चन्दनको साटो कलंकको टीका लगाएर फरार हुनुपर्‍यो । आक्कलझुक्कल यसरी छरपस्टिएका घटनाको प्रभाव पनि दुवैतिर उस्तै हुन्छ, लामो समय रहँदैन । अभियोग प्रमाणित भएर जेलै परे पनि निस्कँदा सय किलोको माला लगाएर निस्कन्छन्, दुवैथरी । दुवैथरीलाई भगवान्‌ले शरम भन्ने तत्त्व खासै दिएका हुँदैनन् ।

अतः यिनीहरूबीचको साँठगाँठमाथि प्रश्न उठाउनु बेकार छ । साँठगाँठ भनेकै चरित्र र स्वार्थ्य मिल्नेहरूबीच हुने हो । त्यसैले उनीहरू एकअर्कालाई सघाउँदै अघि बढिरहेका हुन् । बाबाहरू आफ्ना प्रवचनमा 'राजनीति फोहोरी खेल हो' भन्छन् र त्यही फोहोरको आडमा मस्ती गर्छन् । नेताहरू 'धर्म भनेको अफिम हो' भन्दै तिनै बाबाहरूले बाँडेको अफिममा लठ्ठ परेर उनीहरूका खुट्टा वरिपरि लुटपुटिन्छन् ।

त्यसैले त बनेको हो नि, 'नेताको भर बाबा, बाबाको भर नेता' भन्ने उखान ।

KANTIPUR PUBLICATIONS PVT. LTD.

nepalmag.com.np

नेपाल

KMG
KANTIPUR MEDIA GROUP

समसामयिक घटनाक्रमबारे नितान्त नयाँ कोण
अझै नयाँ स्वाद र साजसज्जासहित
तपाईंसामु प्रस्तुत छः

बदलिँदो नेपालको अन्तर्कथा

www.nepalmag.com.np

GET IT ON Google Play

Download on the App Store

राजाले दिएको टिकटमा अमेरिका


शशि शाह

नेपाली कलाकारका सिर्जना एसियाका भारत, चीन, बंगलादेश, जापानमा पटक-पटक र रसिया, केही युरोपेली मुलुकमा प्रदर्शनी भए पनि अमेरिकामा नाफाबाट हालसम्म पुग्न सकेका छैनन् । मैले व्यक्तिगत/एकल प्रदर्शनी गर्नुअघि त्यही बसेका नेपालीबाट अमेरिकाका विभिन्न म्युजियममा नेपाली कला भने पुगिसकेका थिए । अमेरिकामा मलाई संयोगले नै कला प्रदर्शनी अवसर जुटेको थियो ।

काठमाडौँको सिर्जना आर्ट ग्यालरीमा नेपाली कलाकारका चित्र आगन्तुकका लागि प्रदर्शनीमा राखिएका हुन्थे । पेसाले चिकित्सक भए पनि कला सोखिन इजरायली मूलका अमेरिकी डाक्टर जेरोम बी ब्लक दम्पती सन् १९९३ मा नेपाल घुम्न आएका बेला सिर्जना ग्यालरीमा राखिएका मेरा घोडा चित्र देखेर प्रभावित भए । ग्यालरीमा अन्य कलाकारका सिर्जना छँदै थिए । तर मेरै केही घोडा चित्र किनेर पनि लगे, डाक्टर दम्पतीले ।

उनै डाक्टरले मलाई अमेरिकामा कला प्रदर्शनी गर्न निम्त्याए । अमेरिकाको लसएन्जलस घरको ठेगाना र ग्यालरीको नाम पनि टिपाए । चित्रकला प्रदर्शनी अवधिभर अमेरिका बसाइको खर्च व्यवस्थापन र नेपालस्थित अमेरिकी दूतावासमा भिसा ग्यारेन्टी बसिदिने बताएर डा बी ब्लक आफ्नो देश फर्किए ।

अमेरिकामा कला प्रदर्शनीको सबै खर्च जुटाइदिने आश्वासन दिए पनि थप रकम चाहिन्थ्यो । राजा वीरेन्द्रसँग सन् १९९३ को दसैं टीका थाप्न जाँदा र नाफामै आएका बेला यसबारे बिन्ती बिसाएँ । राजाले हुन्छ, हुन्छ जानू, केही नभए पनि अमेरिकाका म्युजियम हेरेर आउनू भने । राजा वीरेन्द्रले आफ्ना निजी सचिव चेतबहादुर कुँवरमार्फत ६० हजार रूपैयाँ पठाइदिए । त्यही पैसाले अमेरिका जान हवाईटिकट काटेँ ।

डाक्टरको निम्तो, अमेरिकामै बसेर चित्रकलालाई पेसा बनाएका परमेश अधिकारी, बम्बईको जेजे स्कुलमै सँगै आर्किटेक्ट अध्ययन गरेका न्युयोर्कस्थित नेपाली मिसनमा कार्यरत कीर्तिनिधि विष्टका छोरा विनोदले सहयोगको वचन दिएपछि काठमाडौँबाट आफ्ना सिर्जना बोकेर एकल कला प्रदर्शनी गर्न अमेरिका उडेँ, सन् १९९३ डिसेम्बरमा ।

अमेरिका पुगेपछि डा बी ब्लकको साउथ वे प्यासिफिक ग्यालरीमा २२ देखि २९ डिसेम्बरसम्म एकल कला प्रदर्शनी गरेँ । साउथ वे प्यासिफिकमा विभिन्न देशका कला सिर्जना रहेकाले स्थान अभावका कारण केही त्यही र बाँकी कला ठूलो क्षेत्रफल ओगटेको डाक्टरकै घरमै प्रदर्शनी चलाइयो । अमेरिका पुगेका नेपालीले मेरा चित्रकला प्रदर्शनीलाई निकै सघाए ।

कला क्षेत्रमा रुचि राख्ने धरणीधर कोइरालाका नाति ज्योति दुवाडी, क्यालिफोर्नियाकै क्लेरे माउन्ट युनिभर्सिटीमा कला विषय पढाउने दीपक सिम्खडाहरू मिलेर खोलेको हिमालयन आर्ट काउन्सिल, प्यासिफिक एसिया म्युजियम, बनारस अध्ययन गरेका र काठमाडौँबाट अमेरिका पुगेर कला व्यवसाय अँगाल्दै आएका परमेश अधिकारीहरूले खोलेको गोल्डक्रस कन्टेम्पोररी ग्यालरीलगायतमा मेरा कला प्रदर्शनी तथा डिस्प्लेमा राखिदिए । गोल्डक्रस ग्यालरी भव्य रहेछ । उक्त ग्यालरीमा आर्ट हस्पिटल (कला बिग्रिए बनाउने), आर्ट स्कुल अथेन्टिक ट्रान्सलेसन सर्भिस, आर्ट फेयर एन्ड एक्जिविसनलगायत कला अध्ययनका सम्पूर्ण पूर्वाधार थिए ।

प्रदर्शनीका क्रममा क्यालिफोर्नियाबाहेक न्युयोर्क, लसएन्जलस, वासिङ्टन डिसीलगायतमा रहेका म्युजियम अवलोकन भ्रमण गर्ने अवसर पनि पाइयो । कलानुरागी भारतीय प्रतिमादित्य पाल लसएन्जलस काउन्टी म्युजियमका क्युरेटर थिए । उक्त म्युजियममा नेपाली कलाको ठूलो संग्रह रहेछ, जुन देखेर म आफैँ अचम्मित भएँ । न्युयोर्कमा रहेको न्युयोर्क मेट्रोपोलिटियन म्युजियम र अमेरिकाकै सबैभन्दा ठूलो गगेनहाइम म्युजियम पनि अवलोकन गर्ने अवसर मिल्यो । ती म्युजियममा विश्वविख्यात सिर्जना र नेपाली कला संग्रह पनि समेटिएको रहेछ । राजधानी वासिङ्टन डिसीमा रहेका प्रख्यात म्युजियमहरू पनि घुमियो ।

नेपाली नियोगमा काम गर्ने हुँदा विष्टसँगै संयुक्त राष्ट्रसंघको मुख्यालय हेर्ने अवसर पनि मिल्यो । युएनभित्र विश्वभरबाट ल्याइएका ठूल्ठूला चित्रसमेत अवलोकन गरियो । अंग्रेजी वर्ष अन्त्यको (१९९४ जनवरी) समय युएनमा आयोजित नेपाल डे र राजा वीरेन्द्रको जन्मोत्सवमा आयोजना गरिने पार्टीमा पनि सरिक हुने अवसर मिल्यो मलाई ।

चित्रकला प्रदर्शनीका क्रममा संसारमै सबैभन्दा अग्ला रूख पाइने स्थल क्यालिफोर्नियाको मिकेन्ली भ्याली आरक्ष भ्रमण अवसर जुटाइदिए, आयोजकले । त्यहाँका केही रूखलाई आधार मानेर मैले पनि केही चित्र उतारेको थिएँ । अमेरिका प्रदर्शनीका क्रममा केही सिर्जना बिके पनि सोचेजस्तो भएन ।

■ **प्रस्तुति : गोकुल अर्याल**

पोडकास्ट सुन्न soundcloud.com/nepalmagazine



होलेरीको हँसिलो मुहार

आरके अदीप्त गिरी

माओवादी सशस्त्र युद्धको उद्गम थलो, होलेरी । दशक लामो युद्धकालमा मात्र होइन, पछिसम्मै चर्चामा रह्यो । १ फागुन ०५२ मा तत्कालीन विद्रोही नेकपा माओवादीले होलेरी आक्रमण गरी सुरु भएको 'जनयुद्ध' देशैभरि भुसको आगोझैँ सल्किँदै गयो । युद्धको अँध्यारो सुरुङभित्र देश निस्सासियो । भनिन्छ, कालो बादलभित्र चाँदीको घेरा हुन्छ । माओवादीको आधार इलाका होलेरी आज अँध्यारो सुरुङबाट समृद्धिको गोरेटोमा लम्किन थालेको छ । युद्धको विभीषिका, विरक्ति र शोक बिर्सेर अहिले विकास र समृद्धिको लक्ष्य पछ्याइरहेछ ।

माओवादी विद्रोहकालमा होलेरी केन्द्रीय राजनीतिक विचारधाराको हिसाबले क्रान्तिको पर्याय बनेर उभियो । त्यस बखत राज्य र माओवादी दुवैले होलेरीलाई 'युद्धभूमि' बनाए । एकातिर होलेरी माओवादीको आश्रयस्थल थियो भने अर्कातिर राज्य पक्षका लागि आक्रमणको निशाना । २७ असार ०५८ मा माओवादीले होलेरी प्रहरीचौकी आक्रमण गरेर ७१ जना प्रहरी कब्जामा लिएको थियो । ठूलो संख्यामा सरकारी सुरक्षाकर्मी कब्जामा परेको यो नै पहिलो घटना थियो । यस घटनाले होलेरी एकाएक चर्चाको शिखरमा पुग्यो । विकट भूगोलको एक कुनामा लुप्त रहेको होलेरी राष्ट्रिय राजनीतिको गरम विषय बन्यो ।

अहिले समय बदलिएको छ । परिवर्तित राजनीतिक व्यवस्थासँगै होलेरीको मुहार पनि फेरिँदै गएको छ । स्थानीयको राजनीतिक आस्था र धारणा पनि बदलिँदो छ । होलेरी डुल्दा समाजमा परिवर्तनका झिल्का यत्रतत्र देख्न सकिन्छ । द्वन्द्वको पुरानो कथा अध्ययन गर्न मानिस होलेरीलाई उत्तम गन्तव्य ठान्छन् । र, यहाँ अहिले अध्ययन पर्यटन फस्टाएको छ ।

उतिबेला राजनीतिक रङका नाराले पोतिएका यहाँका घरका

भित्तामा अहिले आशा र शान्तिको रङ पोतिएको छ । हिजो यहाँ क्रान्तिका नारा आविष्कार हुन्थे, राजनीतिक विधान र घोषणा बन्थे । आज ती नारा फेरिएका छन्– घरघरमा अधिकार, गाउँगाउँमा सिंहदरबार, हाम्रो होलेरी हामी आफैँ बनाऔँ ! युद्धकालमा पातलिएको यहाँको चहलपहल फिर्ता आउन थालेको छ । द्वन्द्व छलेर परदेसिएका युवा रेमिट्यान्ससहित फर्किएका छन् र आफ्नै ठाउँमा उद्यमशीलता बढाउन खोजिरहेका छन् । होलेरी आसपासका जनताले प्रत्यक्ष अनुभूत गर्ने गरी स्थानीय सरकारले काम गरिरहेको रुन्टीगढी गाउँपालिका अध्यक्ष बालाराम बुढा बताउँछन् । उनका अनुसार पिछडिएको वर्ग, समुदाय तथा क्षेत्रको पहिचान गरी उनीहरूलाई विकासको मूल प्रवाहमा ल्याउने काम भइरहेको छ ।

विगतमा क्रान्ति र युद्धका गाथा होलेरीबाट फैलिए, अब विकास र समृद्धिका कथा पनि यहींबाट फैलिँदै जाऊन् । ने

चुरेको निर्लज्ज

तीन सय वर्षअघि बसेको बस्तीमा डोजर विकासले निम्त्याएको विनाश

मोहन बुढाऐर/धनगढी

स्थानीय डोट्याली भाषामा 'सर्क की पुछरी गर्भा' भनेर आकाशले धरतीलाई छोएको बुझाउँछ। कैलालीको चुरेमा पर्ने गर्भा दरबार क्षेत्रमा उतिबेला पानी धेरै पर्थ्यो । जतातत‍ै पानीको मूल फुटेको देखेर चुरेका वासिन्दाले सर्क अर्थात् आकाशको पुच्छरको संज्ञा दिएका थिए ।

चुरेको १ हजार ५ सय मिटर उचाइको गर्भा दरबार क्षेत्रमा कुनै बेला कुलो लाग्ने खेत थिए । उत्पादन पनि राम्रो हुन्थ्यो । अहिले पानीका मूल सुकेपछि बस्ती काकाकुल भएका छन् । धान खेत बाँझिँदा खाद्य संकट चुलिएको छ ।

"चुरेको गर्भामा अरू ठाउँभन्दा बढी पानी पर्ने र जतातत‍ै मूलबाट पानीका धारा बगेको देखेर उतिबेला कसैले यो त सर्ककी पुछरी रहेछ भनिदिएपछि जनजिब्रोमा टुक्का बस्न गएको मात्रै हो," चुरेको जेठो गाउँ मोहन्याल कठिउरका ९० वर्षीय केशरसिंह बम भन्छन्, "चुरेका सबै ठाउँमा प्रशस्त पानी थियो । अहिले बस्तीमा पुराना नाउला र ढुंगेधारा देख्न सकिए पनि पानी सुकिसकेको छ ।"

उनका अनुसार चुरे बस्तीमा दुई दशकयता मात्र पानीका मूल सुक्न थालेका हुन् । "आकासे वर्षा पनि उहिलेजस्तो हुँदैन," बम भन्छन्, "कहिले अतिवृष्टि, कहिले अनावृष्टि हुन थाल्यो । यसले भोकमरी त निम्तिने भयो नै, बस्ती पनि बर्खामा पहिरोको जोखिममा पर्न थाले ।"

बमका अनुसार उहिले मान्छे जंगली जनावरको डरले सबेरै घरका झ्यालढोका बन्द गर्थे । अहिले पूरै डाँडा नांगा भइसकेका छन् । वनजंगल विनाशको क्रम ०४० सालपछि मात्र सुरु भएको हो ।

वनजंगल विनाशसँगै पानीको मूल सक्ने क्रम बढेकाले चुरेका कैयौं बस्ती पहिरोको जोखिममा परेको बम सुनाउँछन् । भन्छन्, "मानवीय क्रियाकलापकै कारण समृद्ध चुरे हेर्दाहेर्दै विनाश भयो । अब उहिलेको चुरे फर्कंदैन ।"

दोहन



चुरेको पहिलो बस्ती बसेको मोहन्याल-४ कठिउर र पट्नी

कुनै बेला चुरेको मूलबाट फुट्ने कुलो सुकेपछि बाँझै भएका खेत

तस्बिरहरू : मोहन बुढाऐर

चुरेमा बस्ती विकासको इतिहास

तीन सय वर्षअघि चुरेमा पहिलो बस्ती बसेको थियो। डोटीको बोग्टान चाल्सबाट बसाइँ सरेका चनी बम रजवारले चुरेको कठिउरमा पहिलो बस्ती बसाएका थिए। तत्कालीन डोटीगौंडाका प्रमुख चौतारिया बडाबम शाहले चनी बमलाई विसं १८७२ मा आवाद गरी बस्ती बसाएकामा एक वर्षको पोत मिनाहा गरेको प्रमाण उनका सातौं पुस्ता वीरेन्द्र बमसँग अहिले पनि छ।

बम वंशावली खोजकर्ता वीरेन्द्रका अनुसार अनिकाल भएको वर्ष, उब्जनी हुने तराई फाँड्ने भनेर चनी बम पुर्ख्यौली थलो बोग्टान चाल्सबाट आएका थिए। तर तराईमा कालाजारको त्रासले उनी चुरेमै अड्किए।

बाह्रै महिना एकैनासे हावापानी हुने र बसाइँका लागि उपयुक्त ठानेर चनी बम रजवारले चुरे रोजेका थिए। "बिहानै उठ्दा दक्षिणतिर हरियाली फाँट, उत्तरतिर हिमाल टल्कने," सातौं पुस्ताका वीरेन्द्र भन्छन्, "लेकमा काफल फल्ने। फेदमा आँप पाइने। चिउरी, रिठा, टिमुरलगायत जडीबुटी पाइने वन। सुन्तलादेखि ओखरजस्ता सबै खाले फल फलाउन सकिने भएरै चुरेमा बस्न उनको मन मानेको थियो होला।" पछि रजवारले पुरानो थलो बोग्टान चाल्सबाट अरूलाई पनि त्यहाँ बोलाएका थिए।

चुरेको मोहन्याल-४ कठिउरपछि पन्डौन, खैराला, गर्भा, सुगरखाल, सोल्टा, कठौसे, पाल्सा आदि ठाउँमा बस्ती बसेको देखिन्छ। वीरेन्द्रका अनुसार पुर्खाहरूले चुरेको दक्षिण पानीढालतिर बस्ती नबसाउन भन्नुमा भूबनोट जमिनलाई क्षयीकरणबाट बचाउने उद्देश्य हुन सक्छ।

कठिउरका भुवन ताडी चुरेको दक्षिण पानीढालतिर २०/३० को दशकसम्म बस्ती नबसेको बताउँछन्। भन्छन्, "तराईमा आवादी बढेसँगै चुरेको दक्षिण पानीढालतिर बस्ती बस्न सुरु भएको देखिन्छ। पहाडमा अनिकाल भोगेर आएकाहरूले चुरेमा आवादी बढाएका थिए। यसबीचमा मध्यपश्चिमका रोल्पा, रुकुमबाट केही मगर जातिका मानिस र दैलेख, अछामबाट पनि त्यहाँ बसाइँ सरेको देखिन्छ। अहिले खस, बाहुन ठकुरी, दलित, मगर सबैको बसोबास चुरेमै छ।"

कुकुरे सिकार

चुरेमा जुनसुकै कालखण्डमा जुन जाति र धर्म-सम्प्रदायका मानिस आउन सुरु भए पनि चनी बम रजवारले बसालेको थिति पञ्चायत

नढल्कँदासम्म कुनै न कुनै प्रकारले जीवित रह्यो । रजवार परिवारका वीरेन्द्र भन्छन्, “हाम्रा पुर्खाले चुरेमा आवादी बसाए पनि त्यसको संरक्षण गर्न जानेका थिए ।”

उनका अनुसार त्यतिबेला घरआँगनमै दौडिने वन्यजन्तुको सिकारसमेत गरिँदैनथ्यो । स्थानीय छडी देवतासँग वन्यजन्तुको मासु खाने इच्छा प्रकट गरेपछि सिकार खेल्न निस्कने गर्थे । गाउँमा छडी देवताका नाममा पालेका ५ वटा सिकारी कुकुर थिए । उनीहरूले जरायो भगाएर गाउँको बीचमा ल्याउँथे । गाउँले सबै मिलेर त्यसलाई मारेर बाँडीचुँडी मासु खान्थे ।

जंगबहादुरले अंग्रेजबाट नयाँ मुलुक फिर्ता पाएपछि सुरक्षा जिम्मेवारी लिएका लेफ्टिनेन्ट लक्ष्मणसिंह स्वाँरले तत्कालीन मुखिया रजवार ऐभान बमलाई कुकुरे सिकार प्रसंगमा १९२८ मा लेखेको चिट्ठीसमेत वीरेन्द्रसँग सुरक्षित छ ।

लेफ्टिनेन्ट स्वाँरले मुखियालाई पठाएको चिट्ठी ‘चौतरिया रणद्वीप शाहको डोटीगौँडासम्मको दौडाहाका बेला चुरे फेदमा बसाइ हुने भएकाले सिकारी कुकुर घरबाहिरै नलुकाउनु न छिउपानु’ लेखेका छन् । उक्त कुकुरे सिकार सम्बन्धमा चुरे क्षेत्र मोहन्याल देवताका धामी ८५ वर्षीय दुर्गासिंह ताडी तत्कालीन बडाहाकिमको बर्खास्ती भएको सुनाउँछन् ।

उनका अनुसार कुकुरे सिकारले वनबाट भगाएर ल्याएको भाले जरायोको मासु तीन दिनभित्र खाइसक्नुपर्थ्यो । “डोटीगौँडाका बडाहाकिम गोहो विक्रमको चुरे दौडाहाका बेला सिकारी कुकुरले मारेको जरायोको मासु तत्कालीन गाउँका मुखियाको राय नमान्दा सुकुटी बनाएर लगेका थिए,” ताडी भन्छन्, “सोही कारण १५ दिनभित्र पद बर्खास्तीमा परेको खबर बडाहाकिम आफैँले मुखियाकहाँ पठाएका थिए रे ।”

ऐतिहासिक गर्भा दरबार

अर्जुन शाह



चुरे क्षेत्रमा डोजरले निम्त्याएको विनाश

चुरेमा कुकुरे सिकार १९९०/९५ सम्म चलेको उनी बताउँछन् ।

चुरे प्राकृतिक सम्पदासँगै संस्कृतिमा पनि समृद्ध रहेको हालका रजवार टेकबहादुर बम सुनाउँछन् । भन्छन्, “सुदूरपश्चिमेलीको देउडासँग मगरको मारुनी नाच र भैलो खेल मिसिएको गजबको संस्कृति छ । छोट्टाछोरेटी (केटाकेटी) को देउडा हुन्थ्यो । अहिले यो चलन हटेको छ ।”

गर्भा दरबार

चुरेको हावापानी, स्थानीयको समृद्ध कलासंस्कृतिसँग रमाएर डोटीगौँडाका बडाहाकिम एक महिना यो ठाउँमा बिताउने गरेको इतिहास सुनाउँछन्, टेकबहादुर । भन्छन्, “यो ठाउँ राम्रो लागेर गर्भा दरबार खडकशमशेर जबराले १९८४ मा बनाएका हुन् । चुरेको ऐतिहासिक महत्त्व देखाउन गर्भा दरबार काफी छ ।”

उनका अनुसार बडाहाकिमको डोटीगौँडा उक्लिने बाटो चुरे गर्भा थियो । डोटीगौँडाका तत्कालीन बडाहाकिम खडकशमशेरले हिउँद कटाउन यहाँ बनाएको दरबार अहिले जीर्णावस्थामा छ । बडाहाकिम खडकशमशेरले यो दरबारलाई तराईको मालपोत उठाउने अड्डाको रूपमा समेत विकास गरेको पाइन्छ । पछि पञ्चायत भवन हुँदै गाविस कार्यालयको रूपमा सञ्चालन भयो ।

चुरे जति प्राकृतिक सम्पदाले धनी थियो । त्यत्तिकै यहाँका बासिन्दा पनि समृद्ध रहेको सुनाउँछन्, वीरेन्द्र । भन्छन्, “समयकालमा चुरेको दोहन बढ्यो, सम्पदा नासिँदै जाँदा यहाँका बासिन्दा पनि विपन्न हुन पुगे ।”

जिन्दगीको ६ दशक चुरेमा हुर्केका केशरबहादुर बुढ्यौलीमा परिवार पाल्न नसक्दा कैलालीको घोडाघोडी निम्दी झरेका थिए । भन्छन्, “दस मुरी अनाज फल्ने बारीमा भागो फल्न थाल्यो । २५ वटा भैंसी पाल्ने परिवार एक भैंसी पनि पाल्न नसक्ने भए ।”

उहिले बढी पशुपालन हुने हुँदा चुरेमा प्रशस्त चरिचरन थियो । एकै घरका २५ वटा भैंसी हुन्थे । हिउँदमा चुरेको औल र गर्मीमा लेकतिर गोठ सार्थे । चुरे गोठैपिच्छे चार धार्नी घिउ उठाएर ल्याउन खरिदार वीरबल बमलाई १९३३ मा तत्कालीन बडाहाकिमले लेखेको चिट्ठी वीरेन्द्र देखाउँछन् । मुखिया ऐभान बम तराईको मालपोत उठाउने खरदार थिए ।



मूल सुकेर बन्द भएको चुरेको पानीघट्ट

चुरेसम्बन्धी इतिहासकार ९० वर्षीय केशरसिंह बम



चुरेसम्बन्धी ऐतिहासिक दस्तावेज

चुरेका वासिन्दाको ठूलीगाड किनारमा बाह्रैमास कुलो लाग्ने खेत पनि थिए। मगमग बास्ना आउने जाड जातको रैथाने धान उब्जिन्थ्यो। वीरेन्द्र भन्छन्, "खेत बगेसँगै त्यो जातको धान पनि लोप भयो।" ०४० सालको बाढीले ठूलीगाड किनारको खेत पनि बगाएर लगेको उनले सुनाए।

विकासका नाममा विनाश

मोहन्याल-७ धनाडी गाउँमा सडक पुग्नुअघि कुलो लाग्ने गरेको स्थानीय दिनेश घर्ती मगरको सम्झनामा अझै ताजै छ। भन्छन्, "कुलोको मूल भएको माथिबाट सडक गयो। सडक खन्दा पहिरो गई कुलोको मूल पुरियो। खेत बाँझा पाखामा परिणत भए।"

कुलोको पानीले स्थानीयले घट्ट पनि चलाउने गरेको सम्झिन्छन्, मगर। तर कुलोमा पानी नभएपछि घट्ट पनि बन्द भयो। मोहन्याल सिमका कमल बम भन्छन्, "जथाभावी डोजर हाल्न थाले। पानीको मूल पनि सुक्ने, गाईगोरु चराउने गजाल (चरन क्षेत्र) पनि जाने। अतिक्रमणविरुद्ध एक्लै लडेँ। डोजरकै अगाडि सुतिदिएँ। त्यसपछि मात्र घरभन्दा माथिबाट सडक खन्न रोके।"

बस्ती-बस्तीलाई सडक सञ्जालले जोड्ने नाममा चुरे र मोहन्याल गाउँपालिकाले डाँडा फोड्ने काम गरेकोप्रति संरक्षणप्रेमी चिन्ता व्यक्त गर्छन्। जैविकमैत्री सडक निर्माण गर्नुपर्ने सुझाव उनीहरूको छ।

"सडक खन्दा हुने वनजंगलको विनाश त छँदै छ," संरक्षणप्रेमी हेरुलाल डगौरा भन्छन्, "चुरेमा डोजर पुगेपछि अहिले डाँडा फोडेर सार्वजनिक भवन र ठूलठूला खेल मैदान पो बन्न लागेका छन्।" डगौराका अनुसार मोहन्याल गाउँपालिका वडा-४ को वडा कार्यालय भवन बनाउन चुरेको एउटा डाँडै भत्काइएको छ।

"चुरेमा जथाभावी डोजर प्रयोग गरेर बनाइएका सडकले विकासभन्दा बढी विनाश निम्त्याएको छ," संरक्षणप्रेमी विजय श्रेष्ठ भन्छन्, "डोजरको प्रयोगबाट भूक्षय र वन विनाश अचाक्ली भएको छ।"

कैलाली वन डिभिजन अधिकृत रामचन्द्र कँडेल वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) बिनै डोजरले खनिएका सडकले चुरेको वनजंगल विनाश मात्रै भएको छैन, यसलाई कमजोर पनि बनाउँदै लगेको बताउँछन्।

खोलानाला दोहन र सडक विकासका नाममा स्थानीय सरकारद्वारा चुरे फोड्ने काम भएको उनको तर्क छ। भन्छन्, "चुरेमाथिका गाउँपालिकाले सडक सञ्जाल निर्माणका नाममा जथाभावी चुरे फोड्ने काम भएको छ। तराईका स्थानीय तहले खोलानालाको ढुंगागिट्टी उत्खनन ठेक्का दिएर चुरेको फेद खन्ने काम गरेका छन्।" ने

नयाँ नयाँ भगवान्‌हरूको

नेपाली समाजका लागि अबको बाटो तय गर्दा कुनै विचारधाराको कैदी नभई खुला दिलले इतिहासका पाठ सिक्नु जरुरी छ

जीवन क्षत्री

जर्ज बर्नार्ड शाले भनेका छन्, 'इतिहासले सिकाउँछ, हामी इतिहासबाट केही पनि सिक्दैनौँ।' उनको आशय इतिहास नपढौँ भन्ने होइन। पढौँ तर विगतका पाठहरू आत्मसात् पनि गरौँ भन्ने हो।

इतिहासका ठेलीहरू पल्टाएर महिनौँ घोल्लिनु सजिलो काम होइन। भिडियो स्ट्रिमिङ युगमा मानिसको ध्यान तान्न अनगन्ती सामग्री उपलब्ध छन्।

गलत सूचनाको भूमरीमा रुमल्लिएको आजको समाजमा हिजोको समयबारे अध्ययन र विमर्शको लहरा टुट्यो भने त्यसले मानव समाजलाई वैचारिक र दार्शनिक रूपमा विकलांग बनाउनेछ। अनि, अहिले व्याप्त अन्योल र दिशाविहीनता निरपेक्ष बन्नेछ। सायद इतिहासको सही पढाइको यति धेरै महत्त्व पहिले कहिल्यै थिएन।

गत चार शताब्दीमा विश्वमा भएका दस क्रान्तिबारे इतिहासकार माइक डंकनका पोडकास्टहरू झन्डै दुई सय घन्टासम्म सुनेपछि मलाई लाग्यो, प्रविधिले नशा लाग्ने भिडियो एपहरूसँगै इतिहास बुझ्ने उत्तिकै सुन्दर र सरस माध्यम पनि दिएको छ। सन् १७८९ मा सुरु फ्रान्सेली क्रान्तिप्रति मेरो खास अनुग्रह थियो। सँगै त्यसअघिका बेलायती र अमेरिकी क्रान्तिहरू अनि त्यसपछिका धेरै युरोपेली देशका क्रान्तिबारे उनले सयौँ स्रोतबाट तयार पारेका सामग्री सुनिसकेपछि अहिले म रुसी क्रान्तिबारे उनका पोडकास्टहरू सुनिरहेको छु।

बोल्सेभिक इतिहासबाट श्रमिकको (न) बदलिएको नियतिबारे केही सिकेँ। यसबीच मानवले हासिल गरेको मानक कुनै वादको हारजितभन्दा महत्त्वपूर्ण लाग्छ।

ऐतिहासिक रूपमा श्रमिकको हालतबारे खासगरी वामवृत्तमा एउटा सीमित बुझाइ रहेको पाइन्छ- औद्योगिक क्रान्तिसँगै पुँजीवादी व्यवस्थामा उद्योगीको नाफा सर्वोपरि हुँदै गयो, श्रमको शोषण समग्र प्रणालीको अनिवार्य पाटो बन्न पुग्यो। श्रमिकलाई प्राण मात्रै धान्न पुग्ने पारिश्रमिक दिएर कष्टकर बाँच्न बाध्य पारियो भने पुँजीपतिहरूले असीमित धन र शक्ति जम्मा पार्न सफल भए।

शोषण अचाक्ली भएपछि श्रमिकहरू पुँजीपति वर्गको आधिपत्यविरुद्ध विद्रोह गर्न थाले। उनीहरूको छरिएको विद्रोहलाई कार्ल मार्क्स र एंगेल्सको वैचारिक कर्मले सैद्धान्तिक र दार्शनिक मेरुदण्ड प्रदान गर्‍यो। अब दूरदृष्टिसहितको कार्यक्रम र इच्छाशक्ति दुवै भएका श्रमिकले सर्वहारा क्रान्ति सम्पन्न गर्न थाले। रुसबाट सुरु भएको त्यो क्रान्ति पूर्वी युरोपका धेरै मुलुक, चीन र उत्तर कोरिया हुँदै क्युबासम्म पुग्यो। त्यहाँ पुँजीपतिहरूको ढाड भाँचेर श्रमिक नेतृत्वको साम्यवादी व्यवस्था स्थापना भयो। तर पुँजीपतिहरूले आफ्नो आधिपत्य फर्काउने षडयन्त्र गरिरहे। अन्ततः चीनमा माओको मृत्युलगत्तै र सोभियत संघमा गोर्बाचोभको गद्दारीसँगै पुँजीपतिहरूको फेरि जित भयो र श्रमिकहरूका ठूला राज्य अस्ताए।

यो विश्वदृष्टिबाट टाढिएपछि मैले सनातनी वाम साहित्यबाहिरबाट श्रमिक संघर्ष बुझ्ने प्रयत्न गरेको छु। डंकनका पोडकास्टहरू सुन्नुअगाडि यसबारे यत्तिको गहन सामग्री फेला भने परेको थिएन।

सन् १६४२-६० को बेलायती क्रान्ति र गृहयुद्ध मूलभूत रूपमा राजसंस्था र सम्भ्रान्तहरूको संसद्‌बीचको संघर्षको परिणाम थियो। औद्योगिक क्रान्तिभन्दा निकै अगाडि भएको त्यो क्रान्तिमा श्रमिकका मुद्दा प्रत्यक्ष रूपमा जोडिएका थिएनन्। सन् १७६५-८३ को उत्तिकै लामो अमेरिकी क्रान्ति मूलतः युरोपबाट त्यहाँ पुगेका श्वेतहरूले बेलायती साम्राज्यविरुद्ध गरेको विद्रोह थियो। स्वतन्त्र अमेरिकाको संविधानमा 'सबै मानिस बराबर जन्मिन्छन्' भनेर लेखिएको थियो तर त्यस्ता 'बराबर' मानिसमध्ये व्यवहारतः अश्वेतचाहिँ पर्दैनथे। औद्योगिक क्रान्तिको सुरुआती कालमा भएको अमेरिकी क्रान्तिमा पनि श्रमिकका मुद्दा प्रत्यक्ष रूपमा उठेनन्।

सन् १७८९ मा सुरु भएको क्रान्तिको झन्डै शताब्दी लामो सिलसिलाका कारण फ्रान्स राजनीतिक र श्रमिक अधिकारको विकासक्रमको प्रयोगशाला बन्न पुग्यो। फ्रान्सेली क्रान्ति भनेर चिनिने १७८९-९९ को क्रान्ति मूलभूत रूपमा 'बुर्जुवा' हरूले नेतृत्व गरेको राजनीतिक अधिकारको लडाइँ थियो तर त्यस दौरान आर्थिक अधिकारको विषय स्वाभाविक रूपमा उठ्यो। राजा र सम्भ्रान्तहरूको सर्वस्व हुने पुरानो व्यवस्था खारेज त गर्ने तर नयाँ व्यवस्थामा मताधिकार र सम्पत्ति

खोजी

राख्ने अधिकार मात्रै हुने कि सम्पत्तिको पुनर्वितरण पनि हुने ? यो प्रश्नले क्रान्तिलाई वैचारिक-दार्शनिक नेतृत्व दिने मध्यम वर्गका शिक्षित मानिस (पुनर्वितरणले जसलाई घाटा पुर्‍याउँथ्यो) तथा क्रान्तिका लागि सडकमा र युद्धमा पसिना र रगत बगाउने विपन्न मानिसलाई सुरुदेखि नै विभाजित गरेको हो ।

क्रान्तिलगत्तैको प्रतिक्रान्तिपछि फ्रान्सेली शासन व्यवस्था बौबर्न राजाहरूको हातबाट सम्राट नेपोलियनको हातमा पुगेको मात्रै थियो । यस अर्थमा फ्रान्सेली क्रान्तिको त्यत्रो उभार र रक्तपात व्यर्थ गयो कि भन्ने प्रश्न पनि उठ्न सक्छ । तर सतहमाथिका पात्रहरू उस्तै देखिए पनि उक्त क्रान्तिले ती पात्र उभिएको धरातल पूरै उलटपुलट पारिदिएको थियो । त्यसपछिको शताब्दीमा फ्रान्स र युरोपभर जति पनि क्रान्ति भए, तिनका लागि वैचारिक धरातल फ्रान्सेली क्रान्तिले नै तयार पारिदिएको थियो ।

सन् १८१५ मा नेपोलियन शासनबाट च्युत भएसँगै बौबर्न वंशकै लुई अठारौं र चार्ल्स दसौंले सन् १८३० सम्म शासन गरे । उनीहरूको प्रयास फ्रान्सलाई १७८९ पूर्वको 'दैवी राजतन्त्र' मा फर्काउनु थियो । तर एकपल्ट विद्रोह र विजयको स्वाद चाखिसकेका पेरिसवासीले १८३० मा फेरि विद्रोह र क्रान्ति गरे । त्यो क्रान्तिमा श्रमिक र बुर्जुवा वर्गबीच जुन सहकार्य र कित्ताकाट भयो, आजका दिनसम्म मानव समाजमा त्यसको झल्को भेट्न सकिन्छ । अहिले विश्वका श्रमिकहरूले भोगिरहेको अवस्था बुझ्न १८३० को 'जुलाई क्रान्ति' मा सुरु भएको संघर्षको शृंखला बुझ्नु जरुरी छ ।

राजा चार्ल्स दसौंले राजसंस्था बलियो बनाउने ध्याउन्नमा निरंकुशताको पर्खाल अग्लो बनाउँदै गए । क्रान्तिकारी चेतनाले लैश भएका बौद्धिक वर्ग तथा चुलिँदो दमन र थिचोमिचोबाट आजित भएका श्रमिक वर्गको आक्रोश पनि चुलिँदै गयो । सन् १८३० मा उनीहरूको धैर्यको बाँध फुट्यो । सहर विद्रोहमा उत्रेपछि राजाले सेना सडकमा उतारे । तर यसपल्ट क्रान्तिकारीहरूले सेना परिचालन असफल पार्न नवीन उपाय अपनाए, 'ब्यारिकेड' अर्थात् सडकका पर्खालजस्ता अवरोधहरू । रातारात मानिसले जे भेटिन्छ, त्यही बाटोमा खसालेर पर्खाल ठड्याए अनि त्यसको एकपट्टिबाट सेनाको प्रतिकार गरे । २९ जुलाईमा एकै दिन पेरिसमा ४ हजार त्यस्ता पर्खाल बनाइएको मानिन्छ ।

पर्खालहरू ठडिएसँगै सहर पसिसकेका सेनाका टुकडी छिन्नभिन्न भए । पर्खालपारि, घरका छाना र बार्दली सबैतिरबाट आएका चौतर्फी प्रहारका अगाडि सेनाको केही लागेन । हार मानेर राजा चार्ल्स निर्वासनमा गए । क्रान्ति सफल भयो । तर अब के हुने भन्ने निर्णय मध्यम वर्गका बौद्धिक अगुवाहरूको हातमा गयो, सडकमा रगत बगाउने श्रमिक र विपन्नहरूमा गएन । सडकमा गणतन्त्रको तीव्र माग उठे पनि अन्ततः बौबर्न वंशकै अर्को हाँगाका लुई फिलिप नयाँ 'संवैधानिक राजा' बने । वर्ष बित्दै जाँदा उनी पनि संवैधानिक कम र राजा बढी हुँदै गए । १८ वर्षपछि फेरि उनै पेरिसवासीहरूले पर्खालसहितको अर्को क्रान्ति गरेर फिलिपलाई पदबाट हटाएर फ्रान्समा दोस्रोपल्ट गणतन्त्र ल्याउनुपर्‍यो । यसपालि पनि कार्य विभाजन उस्तै रह्यो ।

त्यो दोस्रो गणतन्त्रमा अभ्यास गरिएको 'कामको अधिकार' अन्तर्गत राष्ट्रिय कार्यशाला खोलेर बेरोजगारलाई काम दिइन्थ्यो, सायद मानव इतिहासमै पहिलो थियो । त्यसको असफलताबाट सिर्जित राज्य-श्रमिक द्वन्द्वका कम्पनहरू आजको फ्रान्सेली समाजमा समेत अनुभूत गर्न सकिन्छ- अहिले पनि फ्रान्सको ठूलो श्रमिक तप्का राष्ट्रपति इम्यानुअल म्याक्रोँको आर्थिक नीतिविरुद्ध आन्दोलित छ ।

२४ फेब्रुअरी १९४८ मा कामको अधिकार घोषणा भयो, ४ मेको आमचुनावमा त्यसका पक्षधर समाजवादी-गणतन्त्रवादी पराजित भए । जित्ने यथास्थितिवादी मध्यपन्थीहरूले राष्ट्रिय कार्यशालाहरूलाई मजाकमा बदले- बेरोजगारलाई पहिले खाल्डा खन्दै पुर्दै गर्ने काम दिइयो, पछि काम दिनै छाडियो । त्यही वर्ष डिसेम्बर १० मा भएको नयाँ संविधानअन्तर्गतको राष्ट्रपतीय चुनावमा नेपोलियनका भतिजा लुई नेपोलियन बोनापार्ट राष्ट्रपति बने । १८५१ को कुमार्फत उनले आफैँलाई सम्राट घोषित गरे । तीन ठूला क्रान्तिपछि फेरि एकपल्ट फ्रान्सका नागरिक रैतीमा फेरिए । यही दुःखान्त १८७१ (१८ मार्च-२८ मे) को पेरिस कम्युनपछि पनि दोहोरियो । हरेक क्रान्तिमा रगत बगाएका श्रमिकले आफ्नो हितअनुकूलको नतिजा निकाल्न खोजे तर सफलता हात लागेन ।

यी सबै क्रान्ति र १८४८ मा युरोपका अरू धेरै देशमा भएका क्रान्तिलाई सूक्ष्म अध्ययन गरेका कार्ल मार्क्सले सन् १८६७ मा भौतिकवादी दर्शनको आधारपत्र मानिने *दास क्यापिटल* प्रकाशित गरे । त्यसअगाडि १८४८ का क्रान्ति सुरु हुनुभन्दा दुई दिनअघि फेब्रुअरी

राजा चार्ल्स दसौंले राजसंस्था बलियो बनाउने ध्याउन्नमा निरंकुशताको पर्खाल अग्लो बनाउँदै गए । क्रान्तिकारी चेतनाले लैश भएका बौद्धिक वर्ग तथा चुलिँदो दमन र थिचोमिचोबाट आजित भएका श्रमिक वर्गको आक्रोश पनि चुलिँदै गयो ।

२१ मा मार्क्स र एंगेल्सको *कम्युनिस्ट मेनिफेस्टो* प्रकाशित भइसकेको थियो । १८७१ को पेरिस कम्युनलाई मार्क्सले आफूले परिकल्पना गरेको सर्वहारा अधिनायकवादतिरको सम्भावित यात्राका रूपमा लिएका थिए । तर पेरिसको क्रान्तिकारी सरकार दुई महिना १० दिन मात्रै टिकेपछि त्यसको असफलतामाथि उनले गहिरो चिन्तन गरे ।

अहिले डंकनका पोडकास्टहरू मार्क्सले परिकल्पना गरेको सर्वहारा क्रान्तिको पहिलो ठूलो 'रिहर्सल' अर्थात् सन् १९०५ को रुसी क्रान्तिसम्म पुगेका छन् । तर यो लेखका लागि श्रमिक संघर्षको त्यसपछिको इतिहासको छोटो चर्चा पनि आवश्यक छ ।

१९०५ को अक्टोबरमा रुसी साम्राज्यभरका २० लाख श्रमिक मार्क्सले परिकल्पना गरेझैं एकसाथ हडतालमा उत्रेका थिए । उक्त क्रान्ति रुसमा जारशाहीको अन्त नभई सुधारसहितको नयाँ संविधानमा टुंगिए पनि त्यसैको जगमा १९१७ को 'सर्वहारा' अक्टोबर क्रान्ति सम्पन्न भयो । तबसम्म मार्क्स र एंगेल्स दुवैको मृत्यु भइसकेको थियो । रुसी क्रान्तिको अगुवाइ गर्ने र क्रान्तिको सफलतापछि सोभियत संघको नेतृत्व गर्नेबाहेक भ्लादिमिर लेनिनले निर्माण हुँदै गरेको विश्व राजनीतिको 'साम्यवादी' कित्ताको नेतृत्वसमेत लिए । रुसी क्रान्तिलाई इतिहासको फ्रेममा राखेर 'मार्क्सवाद' को परिस्कृत (विकृत ?) र व्यावहारिक पक्षलाई सैद्धान्तिक रूपमा लिपिबद्ध पनि गरे ।

फ्रान्सेली क्रान्तियता सवा शताब्दीसम्म श्रमिकहरूको कल्पनामा मात्रै सीमित 'सर्वहाराको राज्य' अब युरोप र एसियाको विराट भूभागमा खडा थियो । रुसी अक्टोबर क्रान्तिसित निकै हदसम्म मिल्दो चिनियाँ क्रान्ति सन् १९४९ मा सफल भयो । दुवै शासनले पश्चिमा नेतृत्वको पुँजीवादी व्यवस्थालाई टक्कर दिए तर के वामवृत्तमा दाबी गरेझैं ती व्यवस्थामा साँच्चिकै श्रमिक वा 'दु:खी' का दिन आए त ? वाम वर्चस्व रहेको आजको नेपालमा यो प्रश्न झन् सान्दर्भिक भएको छ ।

सोभियत संघ र चीनमा क्रान्ति सफल हुनासाथ रुसमा औद्योगिक मजदुरको चर्को शोषण अनि चीनमा गरिब किसानमाथि जमिनदारको अमानवीय ज्यादती रोकिए । राज्यप्रति श्रमिकहरूको अपनत्व बढ्यो । लैंगिक विभेद घट्यो । शिक्षा र स्वास्थ्य सेवाको पहुँचमा विद्यमान विभेद हट्यो । तर इतिहासमा विजेता निस्केको उत्साहमा सोभियत संघ र चीन दुवै देशका कम्युनिस्ट सरकारले चालेका दुई 'साम्यवादी' कदम ती देशका श्रमिकलगायत सबै मानिस, समाज र देशकै लागि अभिशाप ठहरिए । एक दशक पुग्दा-नपुग्दै सुरुको उमंग गायब भयो र दुवै समाज भयंकर त्रासदीबाट गुज्रे ।

एक- निजी सम्पत्तिमाथिको बन्देज र कृषिको सामूहिकीकरण । मानिस मिलेर आवश्यकताअनुसारको उब्जनी गर्ने, मिलेर बाँडेर खाने । दुई- केन्द्रीय योजनामा आधारित, बजारको कुनै भूमिका नभएको अर्थतन्त्र । वस्तु र सेवा नाफाका निम्ति नभई मानिसका आवश्यकता पूर्तिका लागि उत्पादन र वितरण गर्ने । किसानले औद्योगिक श्रमिकका लागि पनि खानेकुरा उब्जाउने, श्रमिकले किसानका निम्ति पनि उपभोग्य वस्तु उत्पादन गर्ने । न व्यापार, न नाफा, न शोषण । न कोही गरिब र भूमिहीन, न कोही धनी, जमिनदार र उद्योगपति । कागजमा यो अवधारणा उत्कृष्ट देखिन्थ्यो तर यथार्थ अर्कै निस्क्यो ।

न व्यापार, न नाफा, न शोषण । न कोही गरिब र भूमिहीन, न कोही धनी, जमिनदार र उद्योगपति । कागजमा यो अवधारणा उत्कृष्ट देखिन्थ्यो तर यथार्थ अर्कै निस्क्यो ।

१९१७ मा सोभियत संघका झन्डै १४ करोड र १९४९ मा चीनका झन्डै ५४ करोड मानिसमध्ये कसले, कहाँ, के-कति मात्रामा उब्जाउने, उत्पादन गर्ने, वितरण र खपत गर्ने भन्ने निर्णय र त्यसको कार्यान्वयनसमेत गर्ने नयाँ 'भगवान्' को आवश्यकता सिर्जना भयो । दुवै देशका कम्युनिस्ट पार्टीहरू त्यस्ता भगवान् बने । 'सर्वहारा शासन' लाई मजाकमा बदल्दै त्यस्तो जटिल व्यवस्थापनका लागि पार्टी कार्यकर्ताहरूको भीमकाय कर्मचारीतन्त्र खडा भयो ।

कम्युनिस्ट नेता र कार्यकर्ता आखिर मानिस नै थिए । त्यसैले सबैथोक केन्द्रीय योजनाबाट चल्ने ती व्यवस्थाले काम गरेनन् । दुवै देशमा प्रलयकारी भोकमरीको शृंखला चल्यो । असन्तुष्टि र विद्रोहभाव बढ्यो । तिनलाई निमिट्यान्न पार्न गुप्त पुलिस र भिजिलान्तेसहितको झनै हिंस्रक राज्य संरचना खडा भयो । मुक्ति र स्वतन्त्रता एकादेशको कथा बने । प्रतिस्पर्धी पुँजीवादी व्यवस्थाभन्दा राम्रो देखिन खराब समाचार लुकाउनुपर्‍यो । त्यसका लागि भिन्न मत निषेध गरियो । 'सर्वहारा अधिनायकवाद' स्टालिन र माओको कोरा तानाशाहीमा बदलियो । दुवै मानिसबाट देव-मानवको हैसियतमा पुगे । मार्क्स र एंगेल्सले परिकल्पना गरेका शोषणरहित साम्यवादका आदर्श धुलोमा मिले । तिनको ठाउँ दुवै नेताका बौलठ्ठीपूर्ण सनक र महत्त्वोन्मादले लिए । कसैले भविष्यमा उनीहरूको विरोध गर्न सक्ने सम्भावना मात्रै मृत्युदण्डका लागि काफी हुन थाल्यो । लाखौं मानिसको सफाया 'क्रान्ति बचाउने' कर्मकाण्ड बन्न पुग्यो । राजनीति सिर्जित भोकमरीले मात्र दुई देशमा झन्डै ५ करोडभन्दा बढी मानिस मरे । राजनीतिक हिंसाबाट लाखौं मरे । पहिले अधिकार र आत्मसम्मानका लागि शृंखलाबद्ध क्रान्ति गरेका 'दु:खी' किसान र श्रमिकहरूको अबको पहिलो प्राथमिकता ज्यान बचाउने भयो ।

माओको मृत्यु र गोर्वाचोभको 'गद्दारी' पछि श्रमिकका भनिएका ठूला राज्य रहेनन् । अहिले एकातिर पुँजीवादी व्यवस्थाले गत चार दशकमा चीन र भारतमा मात्रै अर्बभन्दा बढी मानिसलाई गरिबीको रेखाभन्दा माथि तानेको छ । अर्कोतिर संसारका धेरैजसो समाजमा अहिले पनि विभेद, असमानता र श्रमिकको शोषण व्याप्त छ । यो अवस्थामा नेपाली समाजका लागि अबको बाटो तय गर्दा कुनै विचारधाराको कैदी नभई खुला दिलले इतिहासको पाठ सिक्नु जरुरी छ । ने

विशेष

अख्तियारकै निष्ठामा प्रश्न

एकै प्रकृतिका कसुरमा कसैलाई मुद्दा, कसैलाई उन्मुक्ति

मनबहादुर बस्नेत

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ललिता निवास जग्गा प्रकरणमा आफूविरुद्ध मुद्दा दायर गर्ने सूचना पाएपछि नै कांग्रेस उपसभापति विजयकुमार गच्छदार बेचैन बने। २२ माघ बिहानै प्रधानमन्त्री निवास बालुवाटार धाए। प्रधानमन्त्री केपी ओलीबाट बिदा लिएपछि दिउँसो पार्टी सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठ हानिए। आफूसहित १ सय ७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दर्ता भइरहेकै बखत पुनः गच्छदार बूढानीलकण्ठ दौडिए।

प्रतिपक्ष दलका नेता गच्छदार दौडधुपमा निस्किरहँदा यही प्रकरणमा मुछिएका सत्तारुढ नेकपाका वरिष्ठ नेता माधवकुमार नेपाल, महासचिव विष्णु पौडेलले भने कुनै हारगुहार गर्नु परेन। कारण, उनीहरूमाथि अख्तियारले मुद्दा नचलाउने निर्णय गर्‍यो। मुद्दा खेप्न नपर्ने अर्का भाग्यमानी दरिए, बाबुराम भट्टराई।

केपी ओली, प्रधानमन्त्री

नवीन घिमिरे, अख्तियार प्रमुख

सधैँ ९ बजेपछि सक्रिय हुने अख्तियार कार्यालयमा उक्त बिहान भने ८ बजे नै पदाधिकारी र कर्मचारी भेला भएका थिए। कार्यपालिका, न्यायपालिका, प्रशासनिक वृत्तलगायतका 'हाइप्रोफाइल' व्यक्तिविरुद्ध अदालतमा मुद्दा दायरका लागि उनीहरू निर्धारित कार्यालय समयअगावै जम्मा भएका थिए। यसको कारण थियो, झन्डै २० अर्ब रुपैयाँ बिगो मागदाबी गरिने मुद्दाबारे सूचना 'लिक' भए हुन सक्ने अनावश्यक दबाब टार्नु।

तात्कालिक दबाब छले पनि अख्तियारले लामो कालखण्डसम्मै यो प्रकरणमा अवगाल बेहोर्नुपर्ने गरी निर्णय गरेको छ। यति भीमकाय अनियमिततालाई पार लगाउने चरणमा पुग्दा गरिएको निर्णयले अख्तियारउपर थुप्रै गम्भीर प्रश्न उठेका छन्। सरकारले प्रतिशोध साँधेको भनेर प्रतिपक्ष कांग्रेसले संसद् अवरुद्ध पारेको छ। भ्रातृसंगठन नेविसंघ सडकमा ओर्लिएको छ। एकै प्रकृतिको कसुरमा संलग्नलाई संवैधानिक हैसियतको अख्तियारले फरक-फरक व्यवहार गरेकाले पनि कांग्रेसलाई अनियमिततामा मुछिएका आफ्ना प्रभावशाली नेता जोगाउने भूमिकामा अग्रसर हुन बल मिलेको छ। राजनीतिक रूपमा विभाजित हुँदा सबै दोषी उम्कने खतरा पनि बढाइदिएको छ। यसले गर्दा एकातिर यति ठूलो घोटाला छानबिन गरेरसमेत अख्तियार जस लिनबाट चुक्यो भने अर्कोतिर आफ्नो निर्णयले आफ्नै कार्यक्षेत्र खुम्च्याइदियो।

आफ्नै भूमिकामा अंकुश

'मन्त्रिपरिषद्बाट सामूहिक रूपमा गरेका नीतिगत निर्णय आयोगको अनुसन्धानको क्षेत्राधिकारभित्र पर्ने नदेखिएको हुँदा तत्कालीन प्रधानमन्त्रीद्वय नेपाल र भट्टराईको बयान भए पनि निजहरूलाई केही गर्नु परेन।'

अख्तियारले दुई प्रधानमन्त्रीबारे यस्तो निर्णय गरे पनि दुवैको कार्यकालमा भएको निर्णयले हिनामिनाको सरकारी जग्गालाई वैधता दिलाएको तथ्य छ। माधव नेपाल प्रधानमन्त्री छँदा २९ चैत ०६६ मा पहिलो निर्णय भयो- प्रधानमन्त्री निवास क्षेत्र विस्तार गर्ने, विस्तारित क्षेत्रका जग्गावाललाई क्षतिपूर्तिस्वरूप बाहिर जग्गा दिने र मोहीलाई क्षतिको आधा हिस्सा बराबर बाहिरको जग्गा दिनेलगायत।

नेपाल सरकारले दोस्रो निर्णय ३१ वैशाख ०६७ मा गर्‍यो। उक्त निर्णयमा जग्गा स्रेस्ता दाखिल-खारेज तथा दर्ताको अधिकार सोझै डिल्लीबजार मालपोत कार्यालयलाई दिइएको छ। दुवै निर्णयले नेकपाका महासचिव विष्णु पौडेलले ०६१ मा छोरा नवीनको नाममा प्रतिआना ५० हजार रुपैयाँमा किनेको ८ आना जग्गासम्म बाटो पुग्न र मालपोत कार्यालय डिल्लीबजारले यसअघि गरेका सबै अवैध कामलाई वैध बनाइदियो।

भट्टराई सरकारले ०६९ मा ललिता निवासको जग्गा पशुपति टिकिन्छा गुठीको नाममा दर्ता गर्न स्वीकृति दिएको थियो। तर दुवै प्रधानमन्त्रीलाई 'सामूहिक नीतिगत निर्णय' आफूले छुन नमिल्ने भन्दै अख्तियारले मुद्दा दर्ता गरेन। भट्टराई सरकारका पालाका मुख्यसचिव लीलामणि पौडेलले समेत उन्मुक्ति पाएका छन्।

जबकि यही निर्णयमा सामेल मन्त्रीहरू गच्छदार, डम्बर श्रेष्ठ, छविराज पन्त, चन्द्रदेव जोशीसहितका कर्मचारीविरुद्ध भने बिगोसहितको मुद्दा दर्ता छ। अख्तियारले निर्णय प्रक्रियामा संलग्नहरूलाई नै असमान व्यवहार गरेको आरोप छ। "दुई जना प्रधानमन्त्रीलाई मुद्दा चलाइएन। संलग्नता घटीबढी थियो होला," सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसी प्रश्न गर्छन्, "अख्तियारलाई यस्तो विभेद गर्ने अधिकार कुन कानुनले दियो ? आरोपितहरू निर्दोष छन् भन्ने मेरो आशय होइन। तर सजायको भागीदार सबै बराबर त हुनुपर्‍यो नि।"

दुई प्रधानमन्त्रीलाई मुद्दा नचलाउने निर्णय गरेर अख्तियारले अनौठो शैली अपनाएको केसीको निष्कर्ष छ। संविधानअनुसार सार्वजनिक पद धारण गरेकालाई अख्तियारले कारबाहीको अधिकार दिएको भन्दै केसी भन्छन्, "ऐन ठूलो कि संविधान ? आफ्नो भूमिका आफैँ साँघुरो बनाएर अख्तियारले ठूलो अवसर गुमाएको छ।"

अख्तियारले मन्त्रिपरिषद्का नीतिगत निर्णयउपर छानबिन गर्न नपाउने भएकै कारण कारबाही छल्न सरकारले अधिकांश कार्यकारी प्रकृतिका निर्णय मन्त्रिपरिषद्बाट गराउने प्रवृत्ति बढेको छ। यस्तो परिस्थितिमा स्वतन्त्र र तटस्थ भूमिकामा बस्नुपर्ने संवैधानिक हैसियतको अख्तियारले यो प्रवृत्तिलाई सहयोग पुर्‍याउने गरी निर्णय गर्नु आफैँमा अर्थपूर्ण छ।

संविधानविद् भीमार्जुन आचार्यका अनुसार मन्त्रिपरिषद्ले गरेका सबै निर्णय नीतिगत होइनन्। ललिता निवाससम्बन्धी मन्त्रिपरिषद्ले गरेका निर्णय विषयगत भएको आचार्यको दाबी छ। "अख्तियारको ऐनले छुन पाउँदैन भन्ने व्यवस्था नीतिगत निर्णयका लागि हो, विषयगत होइन। नीतिगत निर्णयको प्रभाव सामान्यकृत हुन्छ। विषयगतको विशिष्टीकृत

हुन्छ," उनी भन्छन्, "ललिता निवासको निर्णय खास विषयमा केन्द्रित छ। त्यसैले अख्तियारको मागदाबी नै गलत छ।"

नीतिगत निर्णयमा प्रवेश नगर्ने अख्तियारको निर्णय यस्तो बेला आएको छ, जतिबेला एकातिर नीतिगत निर्णयलाई सरकारले आफ्ना अनियमितता ढाकछोप गर्ने अस्त्र बनाइरहेको छ भने अर्कातिर यो अस्त्र प्रदेश तहसम्म पुग्ने कानुन बन्दै छ। सरकारले राष्ट्रिय सभामा पेस गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको विधेयक स्वीकृत भए अब प्रदेश सरकारको मन्त्रिपरिषद्‌ले गर्ने नीतिगत निर्णयसमेत अख्तियारले छानबिन गर्न पाउने छैन। प्रस्तावित विधेयकमा 'प्रदेश सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले गरेको कुनै नीतिगत निर्णय वा अदालतको न्यायिक काम-कारबाहीका सम्बन्धमा आयोगबाट यस ऐनअन्तर्गत अनुसन्धान, तहकिकात वा अन्य कुनै कारबाही हुने छैन' उल्लेख छ।

०५९ मा अख्तियारको ऐन परिमार्जन गर्दै मन्त्रिपरिषद्‌का नीतिगत निर्णय अख्तियारको कारबाहीको दायरामा नपर्ने व्यवस्था गरिएको थियो। खासमा कार्यपालिकाले आफू जोगिनकै लागि यस्तो निर्णय गरेको थियो भन्ने त्यसपछिका घटनाक्रमले पुष्टि गर्छ। ऐन संशोधन नै दूषित मनसायले गरेको पूर्वन्यायाधीश केसी बताउँछन्। भन्छन्, "सबैभन्दा बढी भ्रष्टाचार हुने नै कार्यपालिकामै हो। त्यहीँ हात हाल्न नपाउने भनेर आफूलाई सुरक्षित राख्ने कानुन बनाए। दूषित मनसायले अख्तियारको अधिकार संशोधन गरियो। यसलाई सच्याउनुपर्छ।"

त्यसमा एक कदम अघि बढेर अख्तियारले नीतिगत निर्णयमा आफूले हात नहाल्ने निर्णय गरिदियो। "नीतिगत निर्णयको औचित्य के हो? यसको व्याख्या गर्ने निकाय न्यायालय थियो। तर न्यायालयको काम अख्तियारले गरेजस्तो छ," उनी भन्छन्।

यद्यपि अख्तियारका प्रवक्ता एवं सहसचिव प्रदीप कोइराला भने विधि र प्रक्रियाअनुसार नै अनुसन्धान र कारबाही प्रक्रिया पूरा गरेको दाबी गर्छन्। "हामीले पूर्वप्रधानमन्त्रीहरूका बारेमा पनि नियमअनुसार नै मुद्दा नचलाउने निर्णय गरेका हौँ। त्यसलाई व्याख्या गर्ने काम अब अदालतको हो," उनी भन्छन्, "त्यसमा हाम्रो भनाइ केही हुँदैन।"

अनौठो अख्तियार

०४९ मा ललिता निवासको १ सय २२ रोपनी जग्गा गैरकानुनी रूपमा व्यक्तिको नाममा दर्ता गर्ने क्रममा उर्मिला शाहको स्वामित्वमा केही जग्गा आयो। उर्मिलाको भागमा जग्गा आउनुको कारण थियो- पति तथा भक्तपुर मालपोत कार्यालयका तत्कालीन शाखा अधिकृत सुधीर शाह। सरकारी जग्गा कीर्ते गरेर व्यक्तिका नाममा दर्ता गराउन सघाएबापत भूमाफियाबाट पाएको उक्त जग्गा सुधीरले पत्नी उर्मिलाका नाममा लुकाएका हुन्।

अनौठो के भने अवैध आर्जनका योजनकार सुधीरविरुद्ध अख्तियारले मुद्दा नै चलाएको छैन। तर गैरकानुनी सम्पत्ति लुकाइदिने उर्मिलालाई भने प्रमुख दोषीसरह मुद्दा हालिएको छ। उनी सार्वजनिक पद धारण गरेकी पात्र होइनन्, पतिको अवैध आर्जन लुकाउने मतियार हुन्। अवैध आर्जनकर्ताले सम्पत्ति नातेदार तथा विश्वासपात्रको नाममा लुकाउने गर्छन्। सहसचिवबाट अवकाशप्राप्त सुधीर नेकपाभित्रको माओवादी कोटाबाट निर्वाचन आयुक्त बनेका थिए। यही प्रकृतिका अर्का शाखा अधिकृत गेहनाथ भण्डारीलाई पनि अख्तियारले मुद्दा चलाएन। यसको सट्टा जग्गा लुकाउने भण्डारीकी श्रीमती भुवनकुमारी चापागाईंलाई अभियुक्त बनाइएको छ। उर्मिला

"सबैभन्दा बढी भ्रष्टाचार हुने नै कार्यपालिकामा हो। त्यहीँ हात हाल्न नपाउने भनेर आफूलाई सुरक्षित राख्न दूषित मनसायले अख्तियारको अधिकार संशोधन गरियो। यसलाई सच्याउनुपर्छ।

– **बलराम केसी**, पूर्वन्यायाधीश

र भुवनकुमारीविरुद्धको अभियोगपत्रमा दुवैका श्रीमान्‌को पदीय हैसियत भने खुलाइएको छ।

सर्वोच्चका न्यायाधीश कुमार रेग्मी र नेकपा महासचिव विष्णु पौडेलका छोराले जग्गा फिर्ता गर्न मञ्जुरीनामा गरेकाले कारबाही गर्न नपर्ने अख्तियारको जिकिर छ। तर यस्तो निर्णयको आधार भने अख्तियारले दिएको छैन। कानुनअनुसार अनुसन्धानमा सहयोग पुऱ्याउनेलाई सजायमा आंशिक वा पूर्ण छूटको व्यवस्था छ। तर रेग्मी र पौडेलले अनुसन्धानमा कसरी सहयोग पुऱ्याए भन्नेबारे अभियोगपत्र मौन छ। अथवा जग्गा फिर्ता गर्दैमा अनुसन्धानलाई स्वतः सहयोग पुगेको हो? अदालतमा सबै आरोपितले जग्गा फिर्ता गर्छु भनेमा के हुन्छ? रेग्मी र पौडेलप्रति अख्तियारको निर्णयले यस्तो दूरगामी प्रकृतिका प्रश्न जन्माएको छ।

"अपराध गर्नेले पनि अदालतमा गल्ती स्वीकारेको हुन्छ," संगठित अपराध अनुसन्धानमा पोख्त नेपाल प्रहरीका पूर्वनायव महानिरीक्षक (डीआईजी) हेमन्त मल्ल भन्छन्, "के त्यतिबेला अदालतले पनि कारबाही गर्नु पर्दैन भन्छ? अपराधमा संलग्न सामान जफत हुन्छ, बिगो भराइन्छ र दण्ड पनि दिइन्छ।"

विष्णु पौडेल ललिता निवासको जग्गालाई मन्त्रिपरिषद्‌बाट दर्ता गराउन लबिइङ गरेका पात्र हुन्। यद्यपि निर्णय प्रक्रियाका कागजातमा उनी कहीँ देखिँदैनन्, पर्दापछाडिका पात्र भएकाले। माधवकुमार नेपाल सरकारलाई यो जग्गा वैध बनाउने गरी निर्णय गराउन पौडेल सक्रिय थिए। २८ चैत ०७५ मा मन्त्रिपरिषद् निर्णय सुनाउने नियमित पत्रकार सम्मेलनमा सञ्चारमन्त्री गोकुल बाँस्कोटाले त महासचिव पौडेल 'ठगिएको' दाबी गरेका थिए। "यो सबै हेर्दा अख्तियारको अनुसन्धान कच्चा र अपरिपक्व देखिन्छ," पूर्वन्यायाधीश केसी भन्छन्, "या त कसैलाई बचाउने र कसैलाई कारबाही गर्ने नियत रहेको बुझिन्छ।"

गृह मन्त्रालय र प्रहरी उच्च स्रोतका अनुसार केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले महासचिव पौडेललाई पीडित देखाउने गरी मुद्दा प्रक्रिया अगाडि बढाएको छ। समरजंग कम्पनी खारेज भएकाले गृह मन्त्रालयले ठगीमा जाहेरी दिने तयारी गरिरहेको छ। उक्त जाहेरीका आधारमा सीआईबीले मुद्दा दायर गर्नेछ। यद्यपि पौडेल परिवार ठगिएको भनेर मुद्दा चलाउन भने जाहेरी आवश्यक पर्नेछ। ने

आफ्नै सुनको झ्यालबाट

विश्व महाशक्तिहरू कनेक्टिभिटीबारे विपरीत फर्किएका बेला नेपालजस्ता देशहरूका लागि प्रतिस्पर्धी मुलुकलाई जोड्ने अवसर छ

ब्रुनो मासाई

पाटन दरबारको चर्चित सुनको झ्यालमा बोधिसत्व अवलोकितेश्वरको प्रतिमा छ । उक्त प्रतिमामा सम्पूर्ण हिन्दुदेवहरू बोधिसत्व अवलोकितेश्वरकै शरीरबाट उत्पन्न भएको देखाइएको छ । उनीभन्दा माथि विष्णु अवतार छन् । झ्यालभन्दा मुनि गरुडको प्रतिमूर्ति देखिन्छ । प्रतिमा हेर्नेहरूले विष्णु अवतारलाई पनि शिव वा पार्वतीका रूपमा व्याख्या गर्न सक्छन् ।

सुनको झ्यालमा रहेको केन्द्रीय आकृतिले बुद्धधर्मको प्रधानता अभिव्यक्त गर्छ तर त्यतिबेला ठ्याक्कै विपरीत अर्थबोध हुने गरी यो चित्रण गरेको प्रतीत हुन्छ । आफूलाई लागेको वा मन परेको विचारलाई नै सही ठान्नेहरूका लागि यो झ्यालले गज्जबको काम गर्छ । तर जो दार्शनिक रूपमा सोच्छन्/हेर्छन्, उनीहरूका लागि यो प्रतिमूर्ति जटिल अभ्यासको परिणाम हो । यसले तपाईंको पूर्वनिर्धारित धारणालाई आलोचना गर्छ र अर्को उचाइमा पुर्‍याउँछ ।

संसार उत्पत्तिको जटिलता राजनीतिक वास्तविकताको पनि प्रतिविम्ब हो । त्यतिबेलाको परिस्थितिमा विविध धार्मिक परिदृश्य आकर्षित गर्न तथा विभिन्न क्षेत्रलाई सम्बोधन गर्न मल्ल राजाहरूले आफ्नो कौशलको सही प्रयोग गरेका थिए ।

कतिपय आधारभूत कुराले गर्दा इतिहास कहिल्यै परिवर्तन हुँदैन । आज नेपालले पनि समान रूपमा विविध भूराजनीतिक परिदृश्यको सामना गरिरहेको छ । यसका शासकहरू पनि मल्ल राजाहरूले सामना गरेजस्तै समस्यालाई सम्बोधन गर्न बाध्य छन्- विपरीत सत्यलाई समेट्ने र सम्बोधन गर्ने तथा सबैलाई खुसी बनाउने गरी राजनीतिक प्रस्तुतीकरणको विम्ब कसरी निर्माण गर्ने ?

नेपाल बेल्ट एन्ड रोड इनिसिएटिभको महत्त्वपूर्ण अंग हुनेवाला छ । नेपाल चीनको नजिकैको छिमेकी मात्र होइन, यसले तिब्बतको विकास तथा स्थायित्वमा पनि महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । यसैगरी चीनलाई भारत तथा दक्षिणतर्फ बढ्नका लागि पुलको काम पनि गर्न सक्छ । पाकिस्तानसम्म आर्थिक करिडोर निर्माणले यी दुई एसियाली महाशक्तिबीच तनाव बढ्ने कुरा प्रस्ट भएका बेला नेपाल र म्यानमारजस्ता मुलुकले आफ्नो भूराजनीतिक महत्त्व बढाउन सक्छन् ।

आफ्नै विकासका आवश्यकताका कारण पनि नेपालले बेल्ट एन्ड रोड इनिसिएटिभबाट लाभ लिने अपेक्षा गर्न सकिन्छ । नेपाल पूर्वाधारको तीव्र आवश्यकता भएको मुलुक हो । हालै काठमाडौंदेखि पोखरासम्म सडक यात्राले पनि मलाई यसबारे अझ प्रस्ट बनायो । विश्वव्यापी औद्योगिक सञ्जालमा नेपाललाई थप समाहित गर्नुपर्ने आवश्यकता पनि म देख्छु । भौगोलिक चुनौतीका कारण नेपालले पश्चिमा नेतृत्वको औद्योगिक सञ्जालमा समाहित हुन संघर्ष गरिरहेको छ । त्यसरी समाहित नगरीकन दिगो विकासको सम्भावना रहँदैन । यदि चीनले अहिले नेपाललाई दोस्रो मौका दिन्छ भने यहाँका निर्णयकर्ताले यसलाई एउटा मौकाका रूपमा लिनुपर्ने हुन्छ ।

यो अवस्थामा अरू कुरालाई पनि विचार गर्नुपर्ने हुन्छ । नेपालले चिनियाँ लगानी तथा व्यापारबाट जे-जति पनि लाभ लिन सक्छ, त्यति नै गुमाउन पनि सक्छ । भारतसँग सदियौंदेखि रहेको स्वाभाविक र विशेष सम्बन्धमा तनाव आउन सक्छ । दिल्लीले नेपाललाई जहिले पनि आफ्नो प्रभाव क्षेत्रका रूपमा हेर्छ र यहाँ चीनको उपस्थितिलाई स्वाभाविक ठान्दैन । नेपालले आफ्ना दुवै छिमेकीलाई यहाँको भूराजनीतिक अवस्थितिबारे धारणा बनाउन सघाउने गरी चित्र बनाउन सक्नुपर्छ । यो जटिल खेलमा पाटन दरबारको सुनको झ्यालको कलात्मकताबाट नेपालका अधिकारीहरूले धेरै कुरा सिक्न सक्छन् ।

एउटा अर्को अपरिहार्य पक्ष अमेरिका हो । चीनको बेल्ट एन्ड रोडलाई चुनौती दिन अमेरिकाले बनाएको योजनाबारे नेपाल सरकारले गम्भीर अध्ययन थालेका समाचार रिपोर्टहरू गत साता मात्र आएका छन् । के अमेरिकाले प्रतिस्पर्धी पहलकदमी थाल्ला, जुन पहिला नै इन्डो-प्यासिफिक स्ट्राटेजीका रूपमा आइसकेको छ ? के विभिन्न देशले यी दुईमध्ये एक छान्नुपर्ने अवस्था आउला ?

नेपालले के सिक्न सक्छ ?

इलिट जोशी

एसिया र युरोपका देशहरूले जस्तै नेपालले पनि पक्कै त्यस्तो गर्ने छैन । नेपालका विकास आवश्यकताको सही ढंगले पूर्ति त्यतिबेला मात्र हुन सक्छ, जतिबेला उसले चीन, भारत, अमेरिका, सम्भव भएसम्म युरोपेली युनियन र जापानसहित सबै इच्छुक पक्षसँग सहकार्य गर्नेछ । तर के बढ्दो भूराजनीतिक प्रतिस्पर्धाको युगमा यसो गर्न सम्भव छ ?

कनेक्टिभिटी यसको स्पष्ट जवाफ हो तर हामीले के पनि बिर्सनु हुँदैन भने अन्ततः कनेक्टिभिटी यातायात र सञ्चार मात्र होइन । यसभन्दा बढी यो विभिन्न राजनीतिक तथा सभ्यताका मोडललाई एउटा साझा मालामा उन्नु हो । अझ भन्नुपर्दा यो एउटा बौद्धिक प्रयत्न हो ।

लामो समयसम्म यो प्रयास सफल देखिएको थियो । चीन उदाइरहेको थियो तर अमेरिकाका लागि मात्र । यस्तो लाग्छ, चिनियाँ सफलतालाई अन्ततः अमेरिकी सफलतासँग तौलेर मात्र व्याख्या गरियो । यसको विपरीत बेइजिङले आफ्नो विकासका लागि एउटा शालीन वैश्विक वातारण बनाउनका लागि अमेरिकी एकाधिकारवादलाई व्याख्या गरिरहयो ।

अहिले अमेरिका होस् वा चीन, दुवैका यी मोडेल काम नलाग्ने भएका छन् । यसको मतलव के होइन भने अरु सबै ढाँचा पनि असफल नै हुन्छन् । बरु यसको अर्थ के हो भने हामीले चाहेजस्तो परिणामसम्म पुग्न नयाँ तरिका विकास गर्न प्रयत्न गर्नुपर्छ । सुनको झ्याल फेरि निर्माण गर्नुपर्छ ।

व्यावहारिक तथा बौद्धिक रूपमा यो कुरा चुनौतीपूर्ण छ । स्वाभाविक रूपमा यसका लागि निकै समय लाग्न सक्छ । असफलता हात लाग्न सक्छन् । तर यो गर्न सकिन्छ र नेपालजस्ता देशका लागि आफ्नो प्रभावकारी भूमिका वहन गर्ने अवसर छ । ने

(कान्तिपुर कन्क्लेभ २०२० मा भाग लिन अघिल्लो साता काठमाडौं आएका पोर्चुगिज राजनीतिशास्त्री ब्रुनो मासाई द डन अफ युरेसिया : अन द ट्रेल अफ द न्यु वर्ल्ड अर्डर (२०१८), बेल्ट एन्ड रोड (२०१९) र हिस्ट्री ह्याज बिगन (२०२०) पुस्तकका लेखक हुन् । यो अनुवाद काठमान्डु पोस्टमा प्रकाशित उनको लेख र कन्क्लेभ सम्भाषणमा आधारित छ ।)

अनुवाद : रविराज बराल

एमाले र माओवादीक

एकताको २० महिना नाघ्दासम्म नेकपाभित्र पूर्वपार्टीको मनोविज्ञान यथावत

जनक नेपाल

एमाले-माओवादी एकताको घोषणासभा (३ जेठ ०७५) मा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' भन्दै थिए, 'हाइड्रोजन र अक्सिजन मिलाएर पानी बनेपछि छुट्याउन नसकिएझैं नेकपामा अब न एमाले भेटिन्छ, न त माओवादी । अर्कै कम्पाउन्ड बनिसक्यो ।'

तर एकताको २० महिनासम्म पनि नेकपाभित्र पूर्वपार्टीहरू जीवितै छन् । त्यसको उदाहरण हो, हालै महासचिव विष्णुप्रसाद पौडेलले विभाग गठनका लागि पूर्वएमाले र माओवादीको कोटा छुट्याएर नामावली मागिएको पत्र । ३५ सदस्यीय विभागका लागि पूर्वएमालेबाट २० र पूर्वमाओवादीबाट १५ जना रहने गरी नाम सिफारिस गर्न भनिएको छ ।

पार्टी एकतापूर्वका भागबन्डा सरकार पुनर्गठन र नयाँ नियुक्तिमा पनि कुनै हेरफेर हुन सकेनन् । न प्रचण्डले सिफारिस गरेर कुनै पूर्वएमाले नेताले अवसर पाएका छन्, न त पूर्वमाओवादीका कोही ओलीको नजरमा परेका छन् । यो समस्या प्रदेश र स्थानीय सरकारका नियुक्तिमा पनि झल्किन्छ । पूर्वपार्टीको मनोविज्ञान तलदेखि माथिसम्मै जस्ताको तस्तै कायम छ । त्यसको पछिल्लो दृष्टान्त बन्न पुग्यो, सभामुख नियुक्ति । नेकपा अध्यक्षद्वय केपी ओली र 'प्रचण्ड' ले आ-आफ्नो पूर्वपार्टीबाट नयाँ सभामुख चयन गर्न अन्तिम समयसम्मै प्रयत्न गरे । उनीहरूबीच विवाद लम्बिँदा संसद् एक महिना स्थगित हुन पुग्यो ।

संसद् सचिवालयकै महिला कर्मचारीमाथि यौन दुराचारको आरोपपछि सभामुख कृष्णबहादुर महरा थुनामा छन् । ओली पूर्वएमालेका सुवास नेम्बाङलाई सभामुख बनाउन चाहन्थे । तर आफ्नो हिस्साको संवैधानिक पद नछाड्न पूर्वमाओवादी समूहले प्रचण्डमाथि चर्को दबाब सिर्जना गर्‍यो । ओलीले सुरुमा नेम्बाङको प्रस्ताव ल्याउँदा नाइँ नभनेका प्रचण्ड पूर्वपार्टी नेताको दबाबपछि सापकोटामा अडिए । दुवै नेताले अडान नछाडेपछि प्रचण्डले सभामुख राख्ने भए प्रधानमन्त्री आफूलाई दिनुपर्ने माग

आवरणसहित तस्बिर : अंगद ढकाल

का आ-आफ्नै मोर्चा

राखे । ओलीले कार्यकारी अध्यक्षका रूपमा सभामुख छान्न नसकेको भन्दै संसदीय दलबाट टुंगो लगाऊँ कि भनेर नाडी छामेका थिए । प्रचण्डले संसदीय दलबाटै टुंग्याउने भए नेता, उपनेता, प्रमुख सचेतक, सचेतक सबै छान्नौं भनेर चुनौती दिए ।

प्रचण्डले पूर्वएमाले नेताहरू झलनाथ खनाल, माधवकुमार नेपाल र वामदेव गौतमको साथ लिएर ओलीलाई गलाउने रणनीति लिए । सोहीअनुरूप २२ पुसमा गौतम निवास भैंसेपाटीमा छुट्टै बैठक बस्यो र सचिवालयका बहुमत नेताहरूले प्रचण्डको प्रस्तावलाई सघाउने वचन दिए । अवस्था यस्तो आयो, द्वन्द्वकालीन हत्या प्रकरणमा मुद्दा खेपिरहेका सापकोटाको विकल्प सुझाउनसमेत नसक्ने स्थितिमा पुगे, ओली । भैंसेपाटी बैठकले ओलीलाई झस्काइदिएको छ भने अर्का अध्यक्ष प्रचण्ड त्यसैको बलमा केन्द्रीय कमिटी बैठक सफल भएको विश्लेषण गर्न थालेका छन् । उनी निकट स्रोत भन्छ, "भैंसेपाटी भेलाले ओलीलाई गलाएकै हो । त्यसरी मोर्चाबन्दी नगरिएको भए सभामुख चयन प्रक्रिया लम्बिन्थ्यो र केन्द्रीय बैठक धकेलिने अवस्था आउने थियो ।"

भर्खरै सकिएको (१५-१९ माघ) केन्द्रीय कमिटीको समूह नेता छनोटमा समेत पूर्वएमाले र पूर्वमाओवादीको मनोविज्ञान देखियो । एकले अर्कालाई स्वीकार्ने स्थिति बनेन । खगराज अधिकारी र कमला रोकाले गोलाप्रथाबाट टोली नेता छाने । भाग्यले रोकालाई साथ दियो । त्यस्तै, अर्को समूहमा उर्मिला अर्याल र आनन्द पोखरेलले एकले अर्कालाई छाड्न मानेनन् । बैठकका एजेन्डाभन्दा धेरै समय नेता छान्नमै बित्यो । चार घन्टासम्म पनि नेता छान्न नसकेपछि १०-१० मिनेट प्रस्तुत गर्ने गरी विवाद टुंग्याइयो । महेश बस्नेत र युवराज चौलागाईंबीच त्यस्तै रस्साकस्सी भयो । प्रस्तुति तयारीका आधारमा चौलागाईं टोली नेता छानिए । पूर्वएमालेभित्र पनि ओली र नेपाल समूह विभाजित थिए । त्यसको लाभ पूर्वमाओवादीले उठायो । फलस्वरूप १५ मध्ये आठ टोली नेता पूर्वमाओवादीबाट छनोट भए ।

परिस्थितिले निम्त्याएको एकता

तत्कालीन प्रधानमन्त्री ओलीलाई सत्ताच्युत गर्न ७ साउन ०७३ मा प्रचण्डले अविश्वास प्रस्ताव गर्दै परिवर्तनविरोधी र राजतन्त्र चाहनेसँग लगनगाँठो बाँधेको आरोप लगाएका थिए । लगत्तै ओलीले अरुणा लामाको गीत गाउँदै प्रचण्डको फाटेको चित्त सिउन नसकेको बताएपछि दुई नेताको सम्बन्ध तिक्त बन्यो । उनीहरूले एकअर्काविरुद्ध सार्वजनिक रूपमै

कडा शब्दवाण हान्न थाले तर १४ महिनापछि १७ असोज ०७४ मा भने ओली र प्रचण्ड एउटै सभामा उभिएर चुनावी गठबन्धनको घोषणा गरे । यो जादूमयी युटर्नको सायदै कसैले कल्पना गरेका थिए ।

वाम राजनीतिको एक नदीका दुई किनाराजस्ता धारलाई परिस्थितिले एक ठाउँ ल्याइदिएको थियो। एमाले-माओवादी गठबन्धन सरकार भत्काएर कांग्रेससँग आलोपालो सरकारपछि माओवादी केन्द्र उसैसँग चुनावी गठबन्धन गर्न चाहन्थ्यो । स्थानीय तह निर्वाचनमा थुप्रै स्थानमा दुई पार्टी मिलेर चुनाव लडे पनि । तर दुई पार्टीको भिन्न राजनीतिक रसायन मिल्न सकेन। दुवै पार्टीका कार्यकर्ताले पनि रुचाएनन्। त्यसैको परिणाम हो, रातारात बनेको एमाले-माओवादी गठबन्धन। मूलतः त्यो चुनावी गठबन्धन थियो। माओवादीले आफ्नो खुम्चिँदो राजनीतिक आयतन बुझिसकेको थियो । एमाले एक्लै बहुमत ल्याउन सक्ने स्थितिमा थिएन । त्यही परिस्थितिले ओली-प्रचण्डलाई एक ठाउँ ल्याइदियो ।

चुनावीसभामा ओली बारम्बार भन्थे, 'चुनावी व्यस्तताले नभ्याएर मात्र हो । चुनावलगत्तै हामी पार्टी एकता गर्छौं ।' प्रचण्ड भने एकताप्रति त्यति धेरै विश्वस्त थिएनन्, सायद । त्यसैले हुनुपर्छ, एउटै चिह्न लिएर चुनाव लड्न पनि उनी हच्किए। तर चुनावी प्रचार-प्रसारमा तीन महिना सँगै हिँडेका दुई पार्टीका कार्यकर्ता भावनात्मक रूपमा एक भइसकेका थिए । दुई पार्टीलाई मैदानबाटै एकताबद्ध बनाउन चुनाव राम्रो माध्यम बनेको थियो ।

एमाले-माओवादी गठबन्धन सरकार बनेको तीन महिनापछि पार्टी एकता हुँदाको रापताप र उत्साह सेलाउँदा कार्यकर्तापंक्ति पूर्वपार्टी सम्झिनुपर्ने स्थितिमा आइपुगे । त्यसले नेकपाभित्र पूर्वपार्टी र गुटको पुनरावृत्ति गराइदियो। "घोषणा गरिएकै तीन महिनाभित्र तल्ला कमिटीहरू एकता गर्न सम्भव थियो", केन्द्रीय सदस्य महेश्वर गहतराज भन्छन्, "विधान व्यवस्था र स्थापित संरचनाभन्दा आफू अनुकूल नेतृत्व ल्याउन खोज्दा एकता लम्बियो। कार्यकर्ताको उत्साह मार्न र समयको बर्बादी गर्नमा शीर्ष नेतृत्व दोषी छ ।"

उनको बुझाइमा पार्टी एकतापछि नेकपाका दुई पाइलटमध्ये ओलीमा 'जान्ने पनि मै हुँ, धान्ने पनि मै हुँ' भन्ने प्रवृत्ति

"भावनात्मक रूपमा एकता हुन नेताहरूले गुट र पूर्वपार्टीप्रतिको आसक्ति त्यागनुपर्छ। नेताभन्दा विचारको वरपर गोलबन्द हुने परिपाटी बन्नासाथ धेरै समस्या हल हुन्छन् ।

– हरि रोका
विश्लेषक

देखियो। प्रचण्डले समय नै नपुग्दै आलोपालो समझदारीको गोप्य सहमति सार्वजनिक गरिदिए, त्यो पनि प्रधानमन्त्री ओली भारत भ्रमणमा रहेका बेला । लगत्तै, आफ्नो भारत भ्रमणमा पनि प्रचण्डले आधाआधा कार्यकाल सरकारको नेतृत्व गर्ने अन्तर्वार्ता दिए। त्यसले दुई नेताबीच आशंका मात्र पैदा गरेन, एकअर्काविरुद्ध गुटबन्दी गर्ने स्थितिसम्म पुर्‍यायो । "दुवै नेताले आफ्ना पूर्वपार्टी समूहप्रति आसक्ति देखाउनुका पछाडि त्यही भय र अविश्वासले काम गरिरहेको छ," गहतराज भन्छन्। त्यसले नेकपा खोज्नेभन्दा पूर्वसमूह खोज्ने र पाइला-पाइलामा कोट्याएर पृष्ठभूमि सम्झाउने काम भइरहेको उनी बताउँछन्।

दुई भिन्न सैद्धान्तिक, राजनीतिक र पृष्ठभूमि बोकेर आएका पार्टी विचारले भन्दा परिस्थितिले एक ठाउँ आइपुगेकाले नेकपामा लामो समयसम्मै पूर्वसमूहको ह्याङओभर रहिरहने ठान्छन्, विश्लेषक हरि रोका । माओवादी दशक लामो सशस्त्र विद्रोहबाट आएको शक्ति हो । त्यसैले पूर्वमाओवादी कार्यकर्तामा राजनीतिक परिवर्तनमा एमालेभन्दा ज्यादा आफूले त्याग गरेको मनोविज्ञान छ । त्यस्तै, कम्युनिस्ट शक्तिलाई संसद्बाट सरकारमा जाने बाटो आफूले खोलेको र त्यसैलाई पछ्याउन माओवादी आइपुगेको ठान्छ, पूर्वएमालेपंक्ति । उसले पार्टी कमिटी प्रणाली र तल्लो तहसम्म विस्तार भएको सांगठनिक जनाधारमा पनि उत्तिकै गर्व गर्छ। "भावनात्मक रूपमा एकता हुन नेताहरूले गुट र पूर्वपार्टीप्रतिको आसक्ति त्यागनुपर्छ," रोका भन्छन्, "नेताभन्दा विचारको वरपर गोलबन्द हुने परिपाटी बन्नासाथ धेरै समस्या हल हुन्छन् ।"

आफू कमजोर हुने डरले पार्टीभित्र मोर्चा जोगाइराख्ने प्रवृत्ति कार्यकर्ताको अन्तर्घुलनमा बाधक देखिएको छ। पूर्वमाओवादीमा नेतृत्वको एउटै केन्द्र देखिन्छ । सचिवालय सदस्य रामबहादुर थापा 'बादल' र नारायणकाजी श्रेष्ठका समूह अस्तित्वमा रहे पनि तल्लो तहसम्म खासै प्रभाव देखिँदैन। पूर्वमाओवादीभित्रका गुट मिलाएर शक्ति आफूमा केन्द्रित गर्न अध्यक्ष प्रचण्ड सिपालु देखिन्छन् । भर्खरै सम्पन्न राष्ट्रिय सभा निर्वाचनमा पूर्वएमालेले ९ र पूर्वमाओवादीले ७ सदस्य पाए। पूर्वमाओवादीका सातमध्ये प्रचण्डले आफू निकट चार राखेर नारायणकाजीलाई दुई र बादल समूहलाई एक सदस्य दिए। तर पूर्वएमालेमा अध्यक्ष ओलीले नेपाल समूहलाई दुई सदस्य दिएर सात आफू निकट नेतालाई राष्ट्रिय सभामा ल्याए। प्रचण्डको रणनीति देखिन्छ, पूर्वमाओवादी समूहलाई मजबुत राख्ने र पूर्वएमाले समूहमा चलखेल गरेर शक्ति आर्जन गर्ने । तर त्यसविपरीत पूर्वएमालेमा महाधिवेशनकालीन ओली र नेपाल गुटहरू तलदेखि माथिसम्मै विभाजित छन्। त्यसैले पूर्वएमालेमा पूर्वपार्टीभन्दा ज्यादा गुट र पूर्वमाओवादीमा गुटभन्दा पूर्वपार्टीगत मनोविज्ञान हावी छ ।

पूर्वएमालेको ओली गुटभित्र पनि प्रस्ट दुई धार देखिन्छन्। केन्द्रीय सदस्य बस्नेतका अनुसार पार्टी एकतापछि ओली गुटभित्रको एउटा धारले उनलाई गुटभन्दा माथि उठ्न आग्रह गरेको थियो। अर्को धार भने उनलाई गुटमै सीमित गरेर आफ्नो स्वार्थपूर्तिमा लाग्यो। "हामी उहाँलाई पूर्वपार्टी वा गुटभन्दा सिंगो पार्टीको अभिभावक बनाउन चाहन्छौं", ओली निकट केन्द्रीय सदस्य महेश बस्नेत भन्छन्, "तर गुटभित्र सीमित पार्न खोज्नेहरूका कारण पनि उहाँ विवादमा परिरहनुभएको छ।"

०७२ मा ओली पहिलोपल्ट प्रधानमन्त्री हुँदा बालुवाटारमा बस्नेतको हालीमुहाली थियो। तर अहिले बस्नेतको ओलीप्रति वान साइड लभजस्तो देखिन्छ। केन्द्रीय समिति बैठकमा अमेरिकी अनुदान एमसीसीबारेको छलफलमा

रोचक दृश्य देखियो । मन्त्रीद्वय योगेश भट्टराई र शक्ति बस्नेतले एमसीसी जस्ताको तस्तै पारित गर्नुपर्ने भनिरहँदा केन्द्रीय सदस्य बस्नेतले भने विवादित बुँदा संशोधन गरेर पारित गर्नुपर्ने धारणा राखेका थिए ।

केन्द्रीय कमिटीको सन्देश

२० महिनापछि बसेको नेकपा केन्द्रीय बैठकमा एमाले र माओवादी केन्द्रमध्ये कसको रंग कडा देखिएला भन्ने धेरैको जिज्ञासा थियो । जसरी निर्धारित एजेन्डाभन्दा धेरै विषयले बैठकमा प्रवेश पाए, त्यसले बैठक उल्झनमा पर्ने र लम्बिने आशंका गरिएको थियो । “मुद्दाहरू जसरी उठान भए, त्यसरी नै बैठान भए । केन्द्रीय कमिटीमा अन्तर्घुलनको मौका मिल्यो,” केन्द्रीय सदस्य महेश बस्नेत भन्छन्, “सम्हाल्न नसकिएला भन्ने नेतृत्वमा जुन भय थियो, त्यस्तो केही भएन । उल्टै बैठक ढिलो गरेकामा नेतृत्व पछुताउने स्थिति बन्यो ।”

नेकपा स्थायी कमिटी बैठक नै लम्बिएर १२ दिनसम्म बसेको विगत छ । त्यस्तै, पूर्वएमालेमा झलनाथ खनाल अध्यक्ष रहेका बेला १८ दिनसम्म केन्द्रीय कमिटी बैठक बसेको थियो । तर नेकपाको भीमकाय केन्द्रीय कमिटी बैठक पाँच दिनमै सकिनुलाई पनि नेतृत्वको सफलताका रूपमा लिइएको छ ।

केन्द्रीय सदस्य विष्णु रिजालको बुझाइमा बैठकले मुख्यतः चार सन्देश दिएको छ । पहिलो- मिलेर काम गर्दासम्म पार्टी एकता र अन्तर्घुलन जटिल छैन । दोस्रो- अध्यक्षद्वयले सही ढंगले पार्टी चल्न नसकेको स्वीकार्दै सुधारका लागि नयाँ ढंगले अघि बढ्ने संकेत देखिएको छ । तेस्रो- विधानले नै पार्टीलाई सहमतिका साथ सञ्चालन गर्ने व्यवस्था भएकाले कम्तीमा सचिवालयको सहमतिमा निर्णय हुने स्थिति बन्यो । चौथो- अन्तर्घुलनका लागि पनि पार्टी महाधिवेशनमा जानुपर्ने देखियो । पालिका, जिल्ला र प्रदेश कमिटीका अधिवेशन भइसक्दा धेरै हदसम्म पार्टीमा पूर्वपार्टी र गुटका मनोविज्ञान हट्ने उनी बताउँछन् ।

केन्द्रीय कमिटीमा प्रचण्डप्रति पूर्वएमालेको भरोसा बढेको देखियो भने ओलीप्रति पनि पूर्वमाओवादीपंक्ति नरम भएको पाइयो । केन्द्रीय सदस्य बस्नेत पूर्वमाओवादीमा अलि बढी पूर्वसमूहको भावना देखिएको दाबी गर्छन् । “पूर्वएमाले त नेकपामा विलीन भइसकेछ । विस्तारै विषयकेन्द्रित मोर्चा र गुट बन्न थालेका छन्,” उनी भन्छन् । सचिवालय सदस्य वामदेव गौतमलाई संगठन विभाग र पार्टी उपाध्यक्ष बनाउँदा एक किसिमको मोर्चा बन्यो । जनताको बहुदलीय जनवादका पक्षधर शक्ति एक ठाउँ उभ्याउन र गौतमलाई ओली गुटको उत्तराधिकारी बनाउन राष्ट्रपति विद्यादेवी भण्डारीले समेत सघाएको देखियो । त्यस्तै, सभामुख चयनमा पूर्वएमाले नेताहरूकै सहयोग लिएर प्रचण्डले ओलीलाई गलाए । पूर्वएमालेमा पूर्वगुटको विवाद चर्किंदा त्यसको रणनीतिक लाभ भने प्रचण्डले उठाइरहेका छन् । नेकपालाई ध्रुवीकरण र नयाँ समीकरणभन्दा माथि एकीकरणमै लैजाँदा शीर्ष नेतृत्वको भलाइ हुने बस्नेत बताउँछन् ।

पूर्वएमाले र पूर्वमाओवादी केन्द्रबीचको मनोविज्ञान ससानै विवादमा पनि भड्किने गरेको छ । प्रचार विभाग उपप्रमुख सूर्य थापा र राष्ट्रिय युवा संघ अध्यक्ष रामप्रसाद सापकोटा ‘दीपशिखा’ ले सामाजिक सञ्जालमा व्यक्त गरेका विचारमा समेत पक्ष-विपक्षमा बाँडिएर तल्लो स्तरका प्रतिक्रिया जनाइए । केन्द्रीय सदस्य रामचन्द्र झा पूर्वमाओवादीको बलपूर्वक अघि बढ्ने द्वन्द्वकालीन मनोविज्ञान र पूर्वएमालेको पुरानै मनोवृत्तिले नेकपालाई गति दिन नसक्ने बताउँछन् । “पार्टी न हिजोको एमाले जसरी चल्न सक्छ, न त माओवादी जसरी,” उनी भन्छन्, “दुवै पूर्वपार्टीका असल गुणलाई बोकेर विधि र प्रक्रियामा चल्नुपर्छ ।” पार्टीमा सही मूल्यांकन, योग्यता, क्षमता र लगानीका आधारमा अवसरको वितरण गर्ने परिपाटी बने नेता-कार्यकर्ता छिट्टै अन्तर्घुलन हुने उनी ठान्छन् ।

“ हामी ओलीलाई पूर्वपार्टी वा गुटभन्दा सिंगो पार्टीको अभिभावक बनाउन चाहन्छौं । तर गुटभित्र सीमित पार्न खोज्नेहरूका कारण पनि उहाँ विवादमा परिरहनुभएको छ ।

– महेश बस्नेत
केन्द्रीय सदस्य, नेकपा

माले एमालेमा फर्किएपछिका सातौं र आठौं महाधिवेशनसम्म पूर्वएमालेमा पूर्वमालेको छुट्टै गुट थियो । तर नवौं महाधिवेशनमा ओली र नेपाल दुवै प्यानलमा बाँडिएर चुनाव लडे । त्यसले मालेलाई अन्तर्घुलन गरिदियो । ४ सय ४५ सदस्यीय केन्द्रीय कमिटीमा पूर्वमाले पृष्ठभूमिका ५६ केन्द्रीय सदस्य छन् । नेकपामा पनि पालिका, जिल्ला र प्रदेश तहसम्मका अधिवेशनसम्म धेरै अन्तर्घुलन हुने ठान्छन्, केन्द्रीय सदस्य अजम्बर काङमाङ राई । “एकता घोषणापछि कमिटी भंग गरिए । लामो समयको कमिटीविहीनताले भावनात्मक एकता हुन ढिलाइ भयो,” उनी भन्छन्, “गुट र समूहबन्दी अन्त्यको नारा दिने तर भित्रभित्रै संरक्षण गर्ने नेतृत्वको प्रवृत्तिले पनि अन्तर्घुलन हुन दिइरहेको छैन ।”

महासचिव विष्णु पौडेलले तल्ला कमिटी एकताका लागि तोकिएको तीन महिने समयसीमालाई एकताबाट उत्साहित भएको मनोविज्ञानमा आधारित तर अव्यावहारिक घोषणा भनेका छन् । तर पार्टीलाई विधिसम्मत, संस्थागत र कमिटी प्रणालीबाट चलाउन नसकेको भने स्वीकारेका छन् । पूर्वसमूहको मानसिकता र त्यसका पनि गुटका प्रशाखा पार्टीका लागि चुनौती ठम्याइएका छन् । पार्टीमा झ्याँगिएको अनुशासनहीनतालाई पनि समस्याका रूपमा उनले सांगठनिक प्रतिवेदनमा उल्लेख गरेका छन् । एउटै बैठकमा उठेका विषय र निर्णय नेतापिच्छे भिन्न ढंगले बाहिरिने प्रवृत्तिबारे महासचिवको प्रतिवेदनमा छ, ‘पार्टीमा भएको छलफल र निर्णय सम्बन्धमा अनधिकृत, तोडमरोड गरिएका र गलत सूचना सम्प्रेषण गर्ने रोगबाट पार्टी आक्रान्त बनेको छ । पार्टीको केन्द्रीय सचिवालयसमेत यस प्रवृत्तिबाट अलग छैन । यस्तो प्रवृत्ति बारम्बार दोहोरिने हो भने हामी पार्टीका बैठकमा मिडियाको प्रत्यक्ष र नियमित उपस्थितिका लागि तयार हुनुपर्ने स्थितिमा पुग्नेछौं । गलत समाचार सम्प्रेषण हुनुभन्दा बैठकमा मिडियाको नियमित उपस्थिति र प्रत्यक्ष प्रसारण मञ्जुर गर्न उचित हुनेछ ।’ ने

नेतृत्व रक्षात्मक

नेकपा केन्द्रीय कमिटी बैठकमा शीर्षस्थ नेताका आ–आफ्नै दाउ

माधव बस्नेत

नेकपाको पाँच दिने केन्द्रीय कमिटी बैठक १९ माघमा अन्त्य गर्दै अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीले सोही साँझ केन्द्रीय सदस्यहरूलाई सरकारी निवास बालुवाटारमा 'डिनर' का लागि आमन्त्रण गरेका थिए । नेकपाबाट विजयी सांसदलाई त एसएमएस गरेरै बोलाइएको थियो । वरिष्ठ नेता माधवकुमार नेपाल नै अलि ढिलो बालुवाटार पुगे । अर्का कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', उपाध्यक्ष वामदेव गौतम र वरिष्ठ नेता झलनाथ खनालसमेत लामो समय बालुवाटार अडिएनन्।

खासमा केन्द्रीय सदस्य र सांसदहरूको आक्रोशलाई मत्थर बनाउने उपायस्वरूप प्रधानमन्त्री ओलीले केन्द्रीय कमिटी बैठक अन्त्य भएलगत्तै उनीहरूलाई बालुवाटार निम्त्याएका थिए। नेकपाका केन्द्रीय सदस्य निरज आचार्यका अनुसार केन्द्रीय कमिटी बैठकमा नेतृत्वको कार्यशैली, विधानको परिपालना, विभेदकारी कार्य विभाजन, अमेरिकी आर्थिक परियोजना (एमसीसी) लगायत विषयमा खुलेरै छलफल भयो । परिणाम, बैठकको उद्घाटन मन्तव्य दिँदा एमसीसी संसद्बाटै पारित भएझैं गरी प्रस्तुत भएका, सरकारले गरेका कामको तथ्यांकसहित लामो फेहरिस्त पस्किएका प्रधानमन्त्री ओली अन्त्यको मन्तव्यमा आइपुग्दा १ सय ८० डिग्रीको फन्को मार्न बाध्य भए । ओलीको उद्घाटन मन्तव्य र एमसीसीबारे रातारात पुस्तक बनाएरै वितरण गर्दासमेत त्यसले केन्द्रीय सदस्यहरूको मनोविज्ञानलाई प्रभाव पार्न सकेन। फलस्वरूप दुवै अध्यक्षले आगामी दिनमा कमजोरी सच्याएर अघि बढ्ने प्रतिबद्धता गर्नुपर्‍यो ।

केन्द्रीय सदस्य तथा संघीय सांसद बिन्दा पाण्डेका अनुसार १५-१९ माघको केन्द्रीय कमिटी बैठकको सबैभन्दा ठूलो उपलब्धि नै विधानअनुसार ६ महिनामा हुनुपर्ने बैठक २० महिनामा हुनु हो । उनका अनुसार बैठकले शीर्ष नेताहरूलाई केन्द्रीय कमिटीका सदस्यहरू पनि हामी बराबर नै जान्ने रहेछन्, पार्टी निर्माणमा हामीजत्तिकै चिन्तित रहेछन् भन्ने सबक सिकायो ।

"१५ वटा समूहबाटै विधानमा, कानुनमा लेखिएका विधिलाई अक्षरशः पालना गरौं भन्ने कुरा आयो," पाण्डे भन्छिन्, "जसले गर्दा नेताहरू अब विधान, कानुनअनुसार हिँड्नुहोला कि भन्ने आशा सञ्चार गरेको छ ।" प्रतिबद्धता गरेका विषयमा नेताहरू गम्भीर भए-नभएको भने १५ दिनभित्रै प्रमाणित हुने पाण्डे बताउँछिन् । थप्छिन्, "अध्यक्षद्वयले १५ दिनभित्र पार्टी एकताका बाँकी काम सिध्याइसक्ने प्रतिबद्धता व्यक्त गरेका छन्। केन्द्रीय सदस्यहरूले दिएको सुझाव कति सुनुवाइ भयो भन्ने विषय संसदीय दलमै पनि देखिँदै जान्छ । किनभने संसदीय दल अझै दुइटा छन्। उहाँहरू गम्भीर हुनुहुन्छ भने १५ दिनभित्र एउटै बनाउनु होला।"

केन्द्रीय सदस्य ठाकुर गैरेका अनुसार बैठकमा नेताहरूको जीवनशैलीदेखि उनीहरू बिचौलियाको घेराभित्र परेकोजस्ता विषयसम्म उठान भए। "सरकारको प्राथमिकता के हो भन्ने कुरा स्पष्ट भएन। गरेको कामको पनि नतिजा भएन । पार्टीको आन्तरिक जीवन संस्थागत, सामूहिक भएन भन्ने विषय बैठकमा उठ्यो," उनी भन्छन्, "नेताहरूले त्यसलाई आत्मसात गरेका छन्। विगतमा जस्तो कमजोरी दोहोर्‍याउँदैनौं भनेकाले हामीले विश्वास गरेका छौं। अब नतिजा कसरी देखाउँछन्, त्यसैमा बैठकको उपलब्धि भर पर्छ।"

केन्द्रीय सदस्य हेमराज भण्डारीको बुझाइ पनि अरू तीन केन्द्रीय सदस्यसँगै मिल्छ। उनी बैठकको सबैभन्दा ठूलो उपलब्धि महाधिवेशनमा जाने निर्णय गर्नु रहेको बताउँछन्। "बैठकअघि नेताहरूबीचमै अविश्वास देखिन्थ्यो," भण्डारी भन्छन्, "केन्द्रीय कमिटी बैठकले नेताहरूबीचको अविश्वास एक हदसम्म हटायो। राजनीतिक, वैचारिक अन्योललाई थोरै प्रस्ट पार्‍यो । बाँकीचाहिँ नेताहरूबाट व्यक्त प्रतिबद्धता कति गम्भीर भएर कार्यान्वयन गर्छन्, त्यसैमा भर पर्छ।"

पूर्वएमाले अझै विभाजित

रोचक के भने बैठकमा पूर्वएमालेहरू विभाजित अवस्थामै थिए भने पूर्वमाओवादीहरू एकै ठाउँ थिए। १५ वटा समूहबाट नेता छनोट

गर्दा यसको असर प्रस्टै देखियो । जस्तो, १५ वटा समूहमध्ये दीनानाथ शर्मा, राम कार्की, पूर्णकुमारी सुवेदी, कमला रोका, लेखनाथ न्यौपाने, हिमाल शर्मा, युवराज चौलागाईं र रेणु दाहाल गरी आठ पूर्वमाओवादीबाट चुनिए भने आनन्द पोखरेल, खिमलाल भट्टराई, बिन्दा पाण्डे र भगवती चौधरी ओली निकट थिए । जगन्नाथ खतिवडा, राजेन्द्र राई र ठाकुर गैरेले माधव नेपाल समूहको प्रतिनिधित्व गरेका थिए । ओली र नेपाल दुवै पक्ष बरु पूर्वमाओवादीलाई टोली नेता बनाउन तयार भए तर पूर्व एमालेभित्रकै अर्को समूहलाई विश्वास गरेनन् ।

जस्तो, २ नम्बर समूहबाट खगराज अधिकारी र केशवलाल श्रेष्ठले टोली नेता दाबी गरेका थिए । तर दुवै एकअर्कालाई छाड्न तयार भएनन् । अन्तिममा केशवलालले पूर्वमाओवादी कमला रोकालाई प्रस्ताव गरिदिए । अधिकारी ओली र श्रेष्ठ वामदेव गौतम निकट छन् । १० नम्बरमा महेश बस्नेतले यज्ञराज सुनुवारलाई छाड्न तयार भएनन् ।

बस्नेतलाई नेता बनाउन इच्छुक नदेखिएका सुनुवारले अन्तिममा पूर्वमाओवादीका युवराज चौलागाईंलाई समर्थन गरे । १२ नम्बरमा रामेश्वर फुयालले रामकुमारी झाँक्रीलाई समर्थन गरेनन् बरु रेणु दाहालको नाम प्रस्ताव गरे । प्रचण्ड निकट ती स्थायी समिति सदस्यका अनुसार केन्द्रीय समिति बैठकमा आफ्नो तीर सही ठाउँमा निशाना लागेकामा प्रचण्ड खुसी छन् । उनी भन्छन्, “खासमा प्रचण्डले बैठकमा पूर्वएमालेहरू नै भिडून्, त्यसबाट फाइदा उठाउनुपर्छ भन्नुभएको थियो । ठ्याक्कै त्यही भयो ।”

दाउ हेरिरहेका नेताहरू

अध्यक्ष तथा प्रधानमन्त्री ओली र अर्का अध्यक्ष प्रचण्ड दुवै लिखित-मौखिक समझदारी पालना नगर्ने, समग्र पार्टी हितभन्दा आफू र आफ्नो गुट अनुकूल मात्र चल्ने नेता हुन् भन्ने बुझाइ नेता/कार्यकर्तापंक्तिमा परेको छ नै, सर्वसाधारणमा पनि उनीहरूको यही छवि स्थापित छ ।

ओलीले शीर्ष नेताहरू सबैलाई आफ्नो अनुकूल खेलाएका छन् । जस्तो, प्रचण्डसँग प्रधानमन्त्रीको कार्यकाल बाँडफाँट गर्ने लिखित समझदारी सार्वजनिक भयो । तर उनले त्यसलाई पन्छाइदिए । पछिल्ला दिनमा कार्यकारी अध्यक्ष दिएर थान्को लगाएका छन् । सुरुमा माधव नेपाललाई वरिष्ठ नेता दिएनन् । पछि झलनाथ खनाललाई वरिष्ठबाट खसाए । ०७२ देखि नै वामदेव गौतमलाई संसदीय दलको नेता र प्रधानमन्त्री दिने आश्वासनमा अल्मल्याइरहेका छन् ।

“प्रचण्ड, नेपाल, खनाल, गौतमलगायत मिलेर आफूलाई प्रधानमन्त्रीको कुर्सीबाट हटाइदिने हुन् कि भन्ने त्रासमा छन्, ओली । गौतम निवास भैंसेपाटी बैठकलाई ओलीले त्यसैको रिहर्सलका रूपमा लिएका छन्,” ती स्थायी समिति सदस्य भन्छन्, “यता प्रचण्डचाहिँ पूर्वएमालेहरू ओली, नेपाल, खनाल, गौतम, ईश्वर पोखरेललगायतको गठबन्धन गरी आफ्नो राजनीतिलाई नै भँड्खालोमा जाकिदिने हुन् कि भन्ने छटपटीमा छन् ।”

वरिष्ठ नेता नेपाल पनि यस्तो त्रासबाट बाहिर छैनन् । उनलाई ओली र प्रचण्ड दुई अध्यक्षले ‘लेनदेन’ गरेर आफूलाई किनारामा धकेलिदिने हुन् कि भन्ने चिन्ता छ । नेपालले पार्टी अध्यक्ष वा प्रधानमन्त्री एउटा पदको सुनिश्चितता चाहेका छन् । ओली-प्रचण्ड गठबन्धन कसिलो भयो भने उनका भागमा यी दुवै पद नपर्न सक्छन् । झलनाथ खनाल वरिष्ठको सूचीमा चढेका छन् । भित्री चाहना राष्ट्रपति हुने रहे पनि उनी ओली, प्रचण्ड, नेपाललगायतबाट ढुक्क हुन सकिरहेका छैनन् ।

योभन्दा ठूलो छटपटीको केन्द्रमा गौतम छन् । उमेरले ७५ छोएका गौतमलाई ओली र प्रचण्ड दुवैले पटक-पटक प्रधानमन्त्रीको ‘ललिपप’ देखाएका थिए । तर त्यो पदमा पुग्न रोक्नकै लागि ओली समूहकै मिलिभगतमा ०७४ मंसिरको निर्वाचनमा आफूलाई हराइएको गौतमको निष्कर्ष छ । त्यसयता उपनिर्वाचन लड्न खोजे पनि उनी सफल भएका छैनन् ।

ओलीको ‘डिजाइन’ मै आफूलाई त्यो सफलता मिल्न नसकेको ठम्याइ गौतमको छ । ०७९ मा निर्वाचन जितेर आए पनि प्रधानमन्त्री बन्ने सम्भावना गौतमका लागि क्षीण छ । त्यसैले उनी यही कार्यकालमा प्रधानमन्त्री हुन चाहन्छन् तर सुनिश्चितता देख्न सकिरहेका छैनन् । त्यसैले उनले कसैलाई पनि विश्वास गर्न सकेका छैनन् ।

नारायणकाजी श्रेष्ठले पुनः उपप्रधान र अर्थमन्त्री चाहेका छन् । आफ्नै वचनविपरीत उनी राष्ट्रिय सभामा जानुको खास कारण नै मन्त्री बन्नु हो । तर श्रेष्ठ आफ्नै भूमरीमा छन् । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल आगामी महाधिवेशनमा ओलीको उत्तराधिकारी भएर अध्यक्ष बन्न चाहन्छन् । तर अझैसम्म ओलीले पोखरेललाई विश्वास गरेका छैनन् । प्रचण्ड र नेपाल यसै पनि पोखरेललाई अध्यक्ष बन्न नदिने खेलमै छन् । त्यसैले पोखरेलले कसैलाई विश्वास गर्न सकेका छैनन् ।

नेकपा केन्द्रीय सदस्य तथा संघीय सांसद पाण्डे नेताहरू एकअर्कालाई देख्दा ढुक्क हुनुको साटो त्रासमा रहन्छन् भने उनीहरू आफैं सकिने बताउँछिन् । “उहाँहरू नै एकअर्कालाई देख्दा त्रासपूर्ण मानसिकतामा रहनुहुन्छ भने धेरै समय नेतृत्व गर्न सक्नुहुन्न,” पाण्डेको कथन छ, “एकले अर्काको विश्वास जिते फेरि नेतृत्वमा आउन पनि सक्नुहुन्छ ।”

अर्का केन्द्रीय सदस्य आचार्य यस्तो अविश्वास शीर्ष नेतादेखि जिल्ला तहका कार्यकर्तासम्मै रहेको सुनाउँछन् । “प्रधानमन्त्री, अध्यक्ष, वरिष्ठ नेताहरूको मनोविज्ञान नियाल्दा उहाँहरूबीचमै एकापसमा विश्वास नभएजस्तो, एकअर्काबाट त्रास महसुस गरिरहेजस्तो देखिन्छ,” आचार्य भन्छन्, “यस्तै अवस्थाका कारण जिल्ला तहका नेता/कार्यकर्ताले समेत आफूलाई सुरक्षित ठान्न सकिरहेका छैनन् ।”

अर्का केन्द्रीय सदस्य भण्डारीसमेत शीर्ष नेतृत्वमा अन्योल र अविश्वास देखिएको बताउँछन् । तर अविश्वास चिर्न केही हदसम्म बैठक सफल भएको उनको तर्क छ ।

“अध्यक्षद्वयले १५ दिनभित्र बाँकी काम सिध्याइसक्ने बताएका छन् । केन्द्रीय सदस्यहरूले दिएको सुझाव कति सुनुवाइ भयो भन्ने विषय संसदीय दलमै पनि देखिँदै जान्छ ।

– बिन्दा पाण्डे
केन्द्रीय सदस्य, नेकपा

पाहुना बढे, कमाइ बढेन

अनलाइन बुकिङ सेवा र भुक्तानी प्रणालीका कारण आम्दानी गुमाउँदै पर्यटन क्षेत्र

योगेश ढकाल

पोहोर करिब ११ लाख पर्यटक नेपाल घुमेबापत सरकारलाई करिब ६३ अर्ब रुपैयाँ आम्दानी भयो। यसपालि करिब १२ लाख पर्यटक नेपाल आए पनि त्यसबापत कति आम्दानी भयो भन्ने यकिन हिसाबकिताब भइसकेको छैन। गत वर्षको रकममा उल्लेख्य प्रगति हुने छाँट भने देखिँदैन।

दुई वर्षअघि प्रतिदिन ५४ डलर खर्चिने पर्यटकले सन् २०१८ मा ४४ डलर मात्रै खर्चिए। हरेक वर्ष पर्यटकले गर्ने खर्च र बसाइ दिन खस्कँदो छ तर तिनको संख्या भने बढ्दो छ। यो असमानतामा दुई घटना जोडिएका छन्। एक- अनलाइन बुकिङ सेवा। दोस्रो- अनलाइन भुक्तानी प्रणाली।

प्रविधिको विकाससँगै नेपालले हरेक वर्ष पर्यटन क्षेत्रमा आम्दानी घटाइरहेको छ। कुल गार्हस्थ उत्पादनमा ४ प्रतिशत योगदान गर्ने पर्यटन क्षेत्रको आम्दानी यसरी नै घट्ने हो भने दोहोरो अंकको सरकारी लक्ष्य ४ प्रतिशतबाट पनि ओरालिनेछ।

धेरै आएर के गर्नु!

भ्रमण वर्षको सम्मुख वर्ष २०१९ मा नेपाल आउने चिनियाँ पर्यटक अघिल्लो वर्षभन्दा १५ हजारले बढेर १ लाख ६८ हजार पुगे। चिनियाँको तुलनामा भारतीय पर्यटकको संख्या उल्लेख्य बढेको छ। अघिल्लो वर्षभन्दा २०१९ मा ६१ हजारले भारतीय पर्यटक बढे। त्यसरी नै पर्यटक संख्यामा बढोत्तरी छ, श्रीलंकाको पनि। यी मुलुक अहिलेसम्म धेरै पर्यटक आउने देशको शीर्ष ५ सूचीभित्रै पर्छन्।

विचारणीय पक्ष हो, नेपालले ती पर्यटकबाट कति आम्दानी गर्‍यो त? संख्यात्मक बढोत्तरीसँगै आर्थिक गतिविधि र आयमा आएको गिरावटले नेपाल आम्दानीबिनाका पर्यटकको गन्तव्यजस्तो देखिन्छ।

सबैभन्दा धेरै पर्यटक आउने भारतीय पर्यटकलाई नेपाल भ्रमणका लागि भिसा शुल्क लाग्दैन। भारतीयलाई भिसा शुल्क लाग्थ्यो भने कम्तीमा ८७ करोड ६८ लाख रुपैयाँ आम्दानी हुने थियो। यसलाई किन सहज मानिएको छ भने नेपाली नागरिक भारत प्रवेश गर्दा पनि शुल्क लाग्दैन।

नेपाल आउने भारतीय पर्यटकको खर्च गराइ पनि औसत छ। उनीहरूमध्ये धेरै तीर्थयात्राकै निम्ति पशुपति, मुक्तिनाथ र



लुम्बिनी आउँछन् । लामो र खर्चालु गन्तव्य सगरमाथा आधारशिविर, अन्नपूर्ण पदमार्ग, मनास्लु पदमार्ग र लाङटाङ राष्ट्रिय निकुञ्जमा कमै पुग्छन् ।

तर चिनियाँको हकमा ठीक विपरीत छ । अर्थात्, नेपालले करोडौँ घाटा बेहोरिरहेको मात्र छैन, समान सम्बन्धको हैसियत पनि कायम गर्न सकेको छैन ।

१७ पुस ०७२ मा सरकारले चिनियाँ पर्यटकलाई भिसा शुल्क नलिने निर्णय गऱ्यो । वर्षमा १ सय ५० दिनसम्म नेपाल घुम्ने चिनियाँ पर्यटकले भिसाबापतको शुल्क तिर्नु पर्दैन । सोही कारण कम्तीमा यस वर्ष ५८ करोड १४ लाख रुपैयाँ गुमेको छ । सरकारले चिनियाँ पर्यटक आकर्षणका लागि भिसा शुल्क मिनाहा त गऱ्यो तर नेपाली पर्यटक चीन भ्रमणमा जाँदा प्रतिव्यक्ति २ हजार २ सय रुपैयाँ लाग्छ ।

घुमघाम, व्यापार र अन्य प्रयोजनले औसतमा २० हजारभन्दा बढी नेपाली चीन पुग्छन् । त्यसरी हेर्दा भिसा शुल्कबापत मात्रै नेपालले चीनलाई वर्षमा ४ करोड ४० लाख रुपैयाँभन्दा बढी रकम बुझाउनुपर्छ ।

डेढ अर्ब घाटा

अन्तर्राष्ट्रिय सम्बन्धका आधारमा पनि भिसा सम्बन्धमा रेसिप्रोकल (पारस्परिक) हुन्छ ।



अर्थात्, भिसा शुल्क र प्रकृति दुई देशबीच समान हुन्छ । सोही मान्यतालाई टेकेर दुई वर्षअघि अमेरिका र नेपालले रेसिप्रोकल सम्बन्धका आधारमा भिसा शुल्क तय गरेका छन् ।

भिसाकै कारण २०१९ मा मात्रै भारतीय र चिनियाँ पर्यटकबाट औसतमा वर्षमा डेढ अर्ब रुपैयाँ घाटा लागेको देखिन्छ । तर त्योभन्दा बढी ठूलो समस्या नेपाली पर्यटनले चिनियाँ पर्यटकबाट करोडौँ रुपैयाँ गुमाइरहेको छ ।

ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान) का पूर्वअध्यक्ष नवराज दाहालको भनाइमा चिनियाँ पर्यटकबाट भिसा शुल्क मात्र होइन, उनीहरूले भुक्तानी गर्ने प्रणालीका कारण पनि प्रशस्त घाटा लागिरहेको छ ।

चिनियाँ पर्यटक वीच्याट, अलिपेजस्ता सफ्टवेयर प्रणालीबाट रकम भुक्तानी गर्छन् । ठमेलमा चिनियाँ लगानीका रेस्टुराँ, होटल, ट्रेकिङ एन्ड टुर कम्पनी, मेडिकल हल खुले पनि वीच्याट र अलिपेको अनलाइन गेटवे प्रयोग गरेर रकम भुक्तानी भइरहेको छ । र, नेपालमा चिनियाँ पर्यटकबाट दैनिक हुने खर्चको कारोबार नेपाली बजारमा हुँदैन ।

चिनियाँ पर्यटकले वीच्याट, अलिपेलाई नयाँ स्वरूपको हुन्डीका रूपमा प्रयोग गरेको पत्तो पाएको नेपाल राष्ट्र बैंकले १३ जेठ ०७६ मा

तस्विर : नेपाल पर्यटन बोर्ड

nepalmag.com.np

अलिपे र वीच्याटको गेटवेबाट हुने भुक्तानीलाई गैरकानुनी मान्यो । आइन्दा त्यसरी कारोबार नगर्न निर्देशन नै जारी गरे पनि त्यसमा सुधार आएको छैन । अझ चिनियाँ दूतावासका अधिकारी नै सरकारलाई दबाब दिइरहेका छन् ।

चीनले जनवरी २०११ मा वीच्याटलाई सामाजिक सञ्जालको रूपमा प्रयोगमा ल्याएको हो । चीनमा लोकप्रिय मानिने यो सञ्जालमा ७० करोडभन्दा बढी जोडिएका छन् । तर पछिल्ला दिनमा म्यासेजिङ मात्र होइन, वीच्याटलाई बैंकिङ कारोबारसँग जोडियो । सोही कारण वीच्याट प्रयोगकर्तामार्फत चीनले विदेश भ्रमण गर्ने आफ्ना नागरिकबाट रकम भित्र्याइरहेको छ ।

व्यवसायीका अनुसार नेपाल आउने चिनियाँ पर्यटकको होटल, रेस्टुराँ वा अन्य कम्पनीसँग वीच्याटमार्फत क्युआरकोडका माध्यमबाट कारोबार हुन्छ । बारकोडको सहायताबाट चीनको एक बैंकबाट अर्को बैंक खातामा सहजै रकम स्थानान्तरण हुन्छ ।

नेपालबाट वीच्याट र अलिपेजस्ता पेमेन्ट गेटवेबाट कति रकम बाहिरिन्छ भन्ने यकिन तथ्यांक भने छैन । चिनियाँ पर्यटक चिनियाँ लगानीकै होटलमा बस्ने, खानपिन, मेडिकल, उनीहरूकै ट्रेकिङ र ट्राभल कम्पनीबाट आउँछन् ।

"घुम्न निस्कँदा पथप्रदर्शक र ससाना खर्चमा चिनियाँ नागरिकको नेपालीसँग कारोबार हुन्छ, बाँकी चिनियाँसँगै हुने भएकाले उनीहरूको बढी कारोबार वीच्याट र अलिपेबाट हुन्छ," टानका पूर्वअध्यक्ष दाहाल भन्छन्, "त्यसले गर्दा नेपालले पर्यटनबाट हुने आम्दानीको ठूलो हिस्सा गुमाइरहेको मात्र छैन, चिनियाँ लगानीका कम्पनीबाट प्राप्त हुने कर पनि कम छ ।"

त्यसमाथि चीनबाट पर्यटक ओसार्ने नेपालको आफ्नै विमान पनि छैन । नेपालीसमेत संलग्न भनिएको हिमालय एयरलाइन्सले बेइजिङ, चोङचिङबाट चिनियाँ पर्यटक बोकेर ल्याउँछ भन्ने हो भने पनि सेयरको ठूलो हिस्सा चिनियाँकै छ ।

पर्यटन व्यवसायी आङछिरिङ शेर्पाको भनाइमा कतिपय पर्यटक भारतीय टुर अपरेटर कम्पनीमार्फत नेपाल आउँछन् । अर्थात्, भारतीय टुर कम्पनीले नेपालका टुर कम्पनीसँग सम्झौता गरेर युरोप, अमेरिकी पर्यटकलाई पठाउँछन्, जसले गर्दा नेपालमा भारतीय रकम आउँछ तर डलर आउँदैन ।

"समूहमा यहाँ भ्रमण गर्ने पर्यटकमध्ये एउटा हिस्सा भारतीय टुर कम्पनीमार्फत आउने भएकाले नेपालले आम्दानी गर्नुपर्ने डलर गुमाइरहेको छ," शेर्पा भन्छन् । सन् १९८० को दशकमा दक्षिण कोरियाली नागरिक चिनियाँले जस्तै सामान बोकेर आउने गरेको अनुभव सुनाउँछन्, शेर्पा ।

अनलाइनले झनै सस्तो

पर्यटन क्षेत्रमा अहिले अर्को समस्या पनि थपिएको छ, अनलाइन बुकिङ । प्रविधिको फैलावटले सिर्जित सुविधामाथि अंकुश लगाउन त सकिँदैन तर व्यवस्थित गर्न सकिन्छ । अनलाइन बुकिङ प्रणालीले नेपाल सस्तो गन्तव्य बन्दै छ । अनलाइनमार्फत गन्तव्य बेच्दा होस् वा होटलका कोठा । ती सबैमा अनइलाइन बुकिङ र टुर अपरेटर कम्पनीका दर फरक छन् ।

जस्तो, टुर अपरेटर कम्पनीले सगरमाथा आधारशिविर पदयात्रामा २ जनासम्मका लागि करिब १२ सय डलर दर राखेका छन् । तर अनलाइन बुकिङमार्फत बजारीकरण गर्ने कम्पनीले करिब ६ सय डलरमै सगरमाथा आधारशिविर पदयात्राको गन्तव्य बेचिदिन्छन् । होटलकै व्यापार पनि गडबड छ । जस्तो, शंकर होटलले अनलाइनमार्फत कोठा बिक्री गर्दा ५० डलरसम्म बेचिदिन्छ जबकि एजेन्टमार्फत त्यही कोठा सय डलर हुन्छ ।

टानका वर्तमान अध्यक्ष खुमबहादुर सुवेदी हुन् वा पूर्वसचिव सुदन लामिछानेसम्म अनलाइन विवादमा तानिए । उनीहरू गन्तव्य अनलाइनमार्फत बिक्री गर्ने नाम चलेका व्यवसायीमध्येमा पर्छन् । हुन पनि जसले *बुकिङडटकम, मेकमाइट्रिपडटकम, बुकमान्डुडटकम*जस्ता गेटवे प्रयोग गरेर ग्राहक तान्छन्, ती टुर अपरेटर नै फेक रेस्क्यु विवादमा पर्छन् । टान अध्यक्ष सुवेदीले पटक-पटक कुराकानीको प्रयास गरे पनि समय दिएनन् ।

नेपाल पर्यटन बोर्डका पूर्वसीईओ दीपकराज जोशीको भनाइमा अनलाइन कम्पनीले नेपालका गन्तव्य बेच्ने सेवाको व्यापारबाट नेपाली टुर अपरेटरले पाउने बजेटको औसतमा २० प्रतिशत कमिसन लिन्छन् । तर ती कम्पनीले लिने कमिसन नेपाली बैंकिङ गेटवेमार्फत जाँदैन ।

"अनलाइन कम्पनीले गन्तव्य वा सेवा बिक्री गरेबापत २० प्रतिशत रकम कटाएर नेपालमा पठाउँछन्," जोशी भन्छन्, "प्रविधिको प्रयोगसँगै बढेको यो चुनौतीले नेपाल भित्रिने अर्बौं रुपैयाँ गुमिरहेको छ ।"

जोशीका अनुसार नेपालले गत वर्ष पर्यटनबाट आम्दानी भएको करिब ६३ अर्ब रुपैयाँमध्ये सेवा बिक्रीबापत जाने कमिसनको २० प्रतिशत हिसाब गर्दा मात्रै १२ अर्ब रुपैयाँ यहाँ आएन । यस विषयमा पर्यटन बोर्ड, राष्ट्र बैंकजस्ता सरोकारवालाले अहिलेसम्म अध्ययन गरेको देखिँदैन ।

वीच्याट, अलिपेमार्फत हुने भुक्तानी र अनलाइनमार्फत गन्तव्य बिक्री हुँदा नेपाल सस्तो प्याकेजको स्थल मात्र बनेको छैन, अर्बौं रुपैयाँ गुमाइरहेको छ । त्यति मात्र होइन, गुणस्तरीय पर्यटक घटेका छन् । राजस्व मात्र नभई रोजगारी पनि सुस्ताएको छ । पर्यटक संख्या बढेर मात्रै खुसी हुने अवस्था देखिँदैन, जबसम्म आम्दानी चुहिनबाट जोगाएर राष्ट्रिय ढुकुटीमा जम्मा हुँदैन । ने

नेपाल
राष्ट्रिय साप्ताहिक
समसामयिक विषयवस्तुको वृत्तान्त नेपाल म्यागेजिनको आधिकारिक वेबसाइट
www.nepalmag.com.np
GET IT ON Google Play
Available on the App Store

अर्थतन्त्र २०७६

मिलेन तथ्यांक र यथार्थ

आर्थिक वृद्धिदर, आयात-निर्यात, व्यापार घाटाजस्ता सूचक सकारात्मक भए पनि लगानी विस्तार, विकास निर्माणका गतिविधि भने सुस्त

मस्त केसी

विश्व बैंकको 'डुइङ बिजनेस इन्डेक्स २०२०' मा नेपाल १६ स्थान माथि उक्लिँदै ९४ औँ स्थानमा आएको छ। गत वर्ष नेपाल ११० औँ स्थानमा थियो । इन्डेक्स निर्धारणका लागि तय गरिएका १० शीर्षकमध्ये कर्जा प्राप्तिमा त नेपाल ३७ औँ स्थानमा छ।

चालू आर्थिक वर्षको ५ महिने अवधिमा आयात ४.२ प्रतिशतले घटेको छ भने निर्यात २७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निर्यात १२.७ प्रतिशतले वृद्धि भएको थियो ।

मंसिरसम्म व्यापार घाटा ६.३ प्रतिशतले घटेर ५ सय ३३ अर्ब ६४ करोड रुपैयाँमा सीमित भएको छ। गत वर्षको सोही अवधिमा व्यापार घाटा ३६ प्रतिशतले वृद्धि भएको थियो । यो अवधिमा निर्यात-आयात अनुपात ८.२ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यो अनुपात ६.२ प्रतिशत थियो ।

पुससम्म कुल ७ सय ५३ स्थानीय तहमध्ये ७ सय ४५ मा वाणिज्य बैंकका शाखा विस्तार भएका छन्। बैंकको खराब कर्जा २ प्रतिशतमा सीमित छ । ४ वर्ष लगातार लगानीयोग्य पुँजी अभाव भए पनि यो वर्ष देखिएको छैन ।

नेपाल राष्ट्र बैंकका अनुसार देशमा भित्रिने र बाहिरिने रकमबीचको अन्तर (शोधनान्तर स्थिति) अहिले बचतमा छ। चालू आवको पहिलो ५ महिनामा शोधनान्तर स्थिति २३ अर्ब ३० करोड रुपैयाँले बचत छ। गत आवको सोही अवधिमा ८५ अर्ब ३२ करोडले घाटामा थियो।

चालू आवको पुससम्म प्रत्यक्ष वैदेशिक लगानी गत आवको ४५ अर्ब ८३ करोड ३६ लाखको तुलनामा ३१५.३ प्रतिशतले वृद्धि भएर १ खर्ब ९१ अर्ब रुपैयाँ पुगेको छ।

लगानी वातावरण बनाउन सरकारले नीतिगत, संरचनागत र प्रक्रियागत सुधारका काम पनि गरेको छ । लगानीसँग सम्बन्धित औद्योगिक व्यवसाय प्रवर्द्धन ऐन, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, श्रम ऐनलगायत कानुन संशोधन भइसकेको छ । उद्योग व्यवसायका लागि अपरिहार्य विद्युत् समस्या छैन । करको दायरा पनि विस्तार भएको छ ।





माओवादी द्वन्द्व, विभिन्न राजनीतिक उतारचढाव, विद्युत् कटौतीलगायतले लामो समय अर्थतन्त्रलाई धराशयी बनायो। विगतमा अर्थतन्त्र बलियो नहुनु र आर्थिक विकास नहुनुको मुख्य बाधक अस्थिर सरकारलाई मानिँदै आएको थियो। अहिले स्थिर र बलियो सरकार बनेको पनि २ वर्ष पूरा भइसकेको छ। अर्थतन्त्रका जानकार व्यक्तिले मन्त्रालय सम्हालिरहेका छन्।

आर्थिक वृद्धिदरका हिसाबले विगत ३ वर्ष उत्साहजनक रह्यो। ३ वर्षमा लगातार ६ प्रतिशतमाथिको आर्थिक वृद्धिदर कायम छ। यो वर्ष सरकारले ८.५ प्रतिशतको आर्थिक वृद्धिको महत्त्वाकांक्षी लक्ष्य राखेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक, एसियाली विकास बैंकजस्ता बहुराष्ट्रिय निकायले पनि यस्तो वृद्धिदर साढे ६ प्रतिशत हाराहारी अनुमान गरेका छन्।

विप्लव समूहको छिटफुट हिंसात्मक घटना र जबर्जस्ती असुलीजस्ता गतिविधि भए पनि अर्थतन्त्रलाई समस्यामै पार्ने गरेका राजनीतिक गतिविधि शून्यप्रायः छन्। आन्दोलन, बन्द-हडताल, ट्रेड युनियनको समस्या छैन।

यी सबै परिदृश्य नियाल्ने हो भने अर्थतन्त्रको समग्र अवस्था नकारात्मक नहुनु पर्ने हो। सरसर्ती हेर्दा तथ्यांकीय रूपमा अर्थतन्त्रका अधिकांश सूचक गत वर्षभन्दा सकारात्मक छन्। तर बजारले त्यो अनुभव गर्न पाएको छैन।

निजी क्षेत्र लगानीका लागि उत्साहित देखिँदैन। बैंकमा पैसा थुप्रिएको छ। सरकार स्वयंले विकास खर्च गर्न सकेको छैन। प्रतिबद्धता बढे पनि वैदेशिक लगानी सोहीअनुरूप भित्रिएको छैन। आर्थिक विकास भएको जनताले प्रत्यक्ष अनुभव गर्ने रोजगारी, लगानी, उत्पादनलगायतका सूचकांक कमजोर अवस्थामा छन्।

तथ्यांकअनुसार मुलुकको अर्थतन्त्र तीव्र रूपमा विस्तारित भइरहेको हुनुपर्ने हो। आर्थिक वृद्धिदर उत्साहजनक हुँदा आन्तरिक उत्पादन वृद्धि भएको, रोजगारीका अवसर फराकिलो हुँदै गएको तथा व्यक्तिको क्रयशक्ति बढेको हुनुपर्ने थियो। आर्थिक रूपमा सक्रिय व्यक्ति, व्यावसायिक समूहमा भविष्यप्रति सकारात्मक अपेक्षाको सञ्चार, लगानी विस्तार र नयाँ उद्योग धमाधम खुल्नुपर्ने हो। तर अवस्था उल्टो छ। उद्योग खुल्ने क्रम ठप्पप्रायः छ।

> कर्जाको सीमा, कर संयन्त्र, व्यवसायीलाई कस्ने नीतिलगायतका कारणले लगानी विस्तार हुन सकेको छैन।
>
> – **रामेश्वर खनाल**, पूर्वअर्थसचिव

भएका उद्योग-व्यवसाय पनि समस्याग्रस्त छन्। रोजगारीका लागि बिदेसिने युवाको संख्या कम भएको छैन।

विकास निर्माणले गति नलिनुको सोझो असर रोजगारीमा परेको छ। अर्थतन्त्रको एउटा सूचकको प्रभाव अर्को सूचकमा पर्न सकेको छैन। सीमित वर्गको आय बढे पनि त्यसको अन्तरसम्बन्ध उत्पादकत्वमा देखिएको छैन। जति करदाता राजस्वको दायरामा आएका छन्, त्यसको तुलनामा राजस्व संकलनको वृद्धि देखिन सकेको छैन।

वित्तीय संघीयता कार्यान्वयनका सिलसिलामा स्थानीय सरकारमा कुल बजेटको करिब ९ प्रतिशत गएको छ। राजस्व बाँडफाँटबाट थप ३ प्रतिशत बजेट तल्लो सरकारसँगै छ। तर पनि पुँजीगत खर्च असार पर्खेर बसेको छ।

परम्परागत रूपमा तुलनात्मक क्षमता राम्रो रहेका कार्पेट, गार्मेन्ट, कृषिजन्य वस्तु, अर्धप्रशोधित सामानमा क्षमता विस्तार हुन सकेको छैन। अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने वस्तु उत्पादन भइरहेको छैन। सिमेन्ट, छड, जलविद्युत्लगायत क्षेत्रले निर्यातको सम्भावना बोकेका भए पनि व्यावहारिक प्रयास हुन सकिरहेको छैन। परिणाम, निर्यातको आधार कमजोर छ।

औद्योगिक कच्चा पदार्थको माग पनि घटेको छ। 'रेफरेन्स मूल्य' ले इमानदारीपूर्वक व्यवसाय गर्नेलाई असर पारिरहेको उद्योगी/व्यवसायीले बताउँदै आएका छन्। पूर्वाधारको अवस्था पनि उद्योग व्यवसायलाई सहज छैन।

नेपाल बैंकर्स संघका अनुसार कर्जाको

मात्र नभएर निक्षेपको विस्तारमा पनि यो वर्ष नियमित प्रक्रियाभन्दा फरक अवस्था देखिएको छ। सामान्यतया असार/साउनतिर बैंकहरूमा जम्मा भएको निक्षेप पुस मसान्तसम्म बजारमा प्रवाह हुने गरेको थियो। तर चालू आवमा पुस मसान्तसम्म पनि बैंकहरूमा निक्षेप थुप्रिएर बसेको छ। चालू आवमा निक्षेप संकलन पनि नियमित प्रक्रियाजस्तो तीव्र गतिमा छैन।

संघले पनि करका विषयमा सहजीकरण नगरे कर्जा विस्तारमा थप समस्या हुने जिकिर गरेको छ। २२ माघमा राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका प्रमुखहरूसँग आयोजना गरेको छलफलमा विकास बैंकर्स संघका उपाध्यक्ष प्रद्युमन पोखरेलले खुद्रा कर्जाको लागत बढेका कारण अनौपचारिक अर्थतन्त्र मौलाउन सक्ने आशंका व्यक्त गरे।

छलफलमा राष्ट्र बैंकका गभर्नर चिरञ्जीवी नेपालले अर्थतन्त्र सुदृढीकरणमा अघि बढिरहेको बताए। उनले भने, "कृषि, ऊर्जा र पर्यटन क्षेत्रको विस्तारका कारण मुलुक ३ वर्षसम्म उच्च आर्थिक वृद्धि हासिल गर्न सफल भयो।"

कार्यक्रममा बैंकर्सहरूले कर्जामा गरिएको नीतिगत कडाइलाई खुकुलो बनाइदिन राष्ट्र बैंकसमक्ष आग्रह पनि गरे।

पूर्वअर्थसचिव रामेश्वर खनाल भन्छन्, "कर्जाको माग घट्नु नै लगानी विस्तारको क्षमता घट्नु हो।" कर्जा सीमामा कडाइ गर्नुपर्ने भए पनि अहिले त्यो आवश्यक नरहेको खनालको तर्क छ। कर्जा सीमा, कर संयन्त्र, व्यवसायीलाई कस्ने नीतिलगायत कारणले लगानी विस्तार हुन नसकेको खनाल बताउँछन्।

आत्मनिर्भर अर्थतन्त्रको कुरा गरिरहेको समयमै आयात-निर्यातको अनुपात घटेको देखिन्छ। तर व्यापारिक पाटोबाट हेर्दा निर्यात बढेको नभएर औद्योगिक कच्चा पदार्थको माग कम भएकाले आयातको तथ्यांक घटाएको छ। पूर्वसचिव खनाल भन्छन्, "यसको कारण भनेको उत्पादन पर्याप्त नहुनु वा अन्तर्राष्ट्रिय बजार नखोज्नु हो।"

आन्तरिक उत्पादनले आयात प्रतिस्थापन गर्नुपर्ने उनको भनाइ छ। आर्थिक परिसूचकमा आएका उतारचढावको आँकलन हेर्दा अर्थतन्त्र संकटपूर्ण अवस्थामा भने नरहेको खनालको बुझाइ छ।

उद्योगी/व्यवसायी पनि सरकारको काम गराइप्रति उति सकारात्मक देखिँदैनन्। कुल गार्हस्थ उत्पादन (जीडीपी) मा निजी क्षेत्रको

"

केही सकारात्मक संकेत देखिए पनि विकासको अर्थराजनीति सही ढंगले अगाडि बढ्न सकेको छैन।

– **डिल्लीराज खनाल**, अर्थशास्त्री

महत्त्वपूर्ण योगदान हुन्छ। तर सरकारले कडीकडाउ र थुप्रै नीतिगत परिवर्तनमार्फत निजी क्षेत्रलाई कस्न खोजेकाले त्रसित देखिन्छ। नेपाल उद्योग परिसंघका पूर्वअध्यक्ष हरिभक्त शर्मा कानुन बढी नियन्त्रण र दण्ड-सजाय गर्ने खालका भएको बताउँछन्। "प्रवर्द्धनात्मक नीति र कानुन आउनुपर्ने ठाउँमा नियमन मात्रै बढाएर हुँदैन," उनी भन्छन्, "सरकारले पूर्वाधार विकासलाई प्राथमिकता दिने र नीतिगत रूपमा स्वदेशी उत्पादन र उद्योगलाई प्रवर्द्धन गर्नेतर्फ कदम चाल्नुपर्छ।" दुई-चार संस्थाको व्यावसायिक अभ्यास राम्रो भएन भनेर सबैलाई एउटै टोकरीमा राखेर दण्डको नीति लिँदा उद्योग व्यवसायको प्रवर्द्धन नहुने शर्माको भनाइ छ।

संघीय प्रणाली लागू भएपछि निजी क्षेत्रलाई झन् चुनौती बढेको व्यवसायी बताउँछन्। तीन वटै सरकारले पूर्वाधार विकासमा नभएर कर संकलनमा मात्रै ध्यान दिएको उनीहरूको आरोप छ। "राष्ट्रिय आयको तुलनामा कर संकलन बढी छ," परिसंघका पूर्वअध्यक्ष शर्मा भन्छन्, "करको अनुपात घटाए व्यवसायी र उपभोक्ता दुवैको हित हुन्छ।" सरकारको कदम हेर्दा मुलुक खुला, उदार वा नियन्त्रित अर्थतन्त्र कुनमा जान चाहेको, आफूहरूमा अन्योल भएको शर्माको भनाइ छ।

सरकारले विकास र समृद्धिको नारा चर्को लगाए पनि पुराना र बहुवर्षीय ठेक्कामा काम सुस्त छ। सरकारले सार्वजनिक खर्चको भुक्तानीलाई विगतको भन्दा सरल बनाउँदै लगे पनि त्यसको असर न प्रणालीमा देखिएको छ, न त आयोजनाको प्रगति विवरणमा नै।

करिब ६० प्रतिशत जेठ र असार तथा औसत ४० प्रतिशत विकास खर्च आर्थिक वर्षको अन्तिम महिना असारमा मात्रै हुँदै आएको प्रवृत्ति यो वर्ष पनि दोहोरिने पक्का छ। आव ०७२/७३ मा ४७ प्रतिशत, ०७३/७४ मा ४१.२ प्रतिशत, ०७४/७५ मा ३९.४ प्रतिशत र ०७५/७६ ४० प्रतिशत विकास खर्च असारमा मात्रै भएको थियो।

आन्तरिक उत्पादन, उत्पादकत्व, प्राकृतिक स्रोत-साधन, तुलनात्मक लाभका क्षेत्रको विस्तार र त्यसमा जनसंख्याको ठूलो हिस्सा समाहित हुने अवस्था अझै बनिसकेको छैन।

५ वर्षमा कृषि उत्पादन दोब्बर पार्ने सरकारी नीति छ। आन्तरिक उत्पादन र खपत बढाउने नीति भए पनि व्यवहारतः व्यापारमा आधारित मुनाफामा अर्थतन्त्र अडिएको छ। अर्थशास्त्री डिल्लीराज खनाल सरकारी र निजी दुवै लगानी कहाँ, कसरी खर्च भइरहेको छ भन्ने विषय महत्त्वपूर्ण भएको बताउँछन्। "खर्च बढाएर मात्रै आर्थिक विकास हुँदैन," उनी भन्छन्, "केही सकारात्मक संकेत देखिए पनि विकासको अर्थराजनीति सही ढंगले अगाडि बढ्न सकेको छैन।"

अर्थ मन्त्रालयका सहसचिव उत्तरकुमार खत्री अर्थतन्त्र सही दिशामा अघि बढिरहेको तथ्यांकले नै देखाइरहेको बताउँछन्। "केही वस्तुमा आत्मनिर्भर बन्दै छौँ, ऊर्जाको सहजताले पेट्रोलियम आयात घटेको छ," उनी भन्छन्, "राष्ट्रिय गौरवका आयोजनाको प्रगति विवरण पनि सन्तोषजनकै छ।"

सहसचिव खत्री मुलुकको सीमित क्षमताअनुसार भइरहेका गतिविधिलाई सन्तोषजनक रूपमा हेर्नुपर्ने बताउँछन्। भन्छन्, "आर्थिक विकास एकै पटक नभएर क्रमिक रूपमा हुने हो।"

अर्थशास्त्री खनाल भने अर्थतन्त्रको एउटा सूचकको अन्तरसम्बन्ध अर्कोमा जोडिन नसकेकाले समस्या देखिएको बताउँछन्। "प्रणालीगत समस्या छ। अन्तरसम्बन्धित समस्या समाधान गर्न सिंगो परिपाटी लाग्नुपर्ने देखिन्छ," उनी भन्छन्, "त्यस कारण अर्थतन्त्रमा संरचनागत परिवर्तनकै आवश्यकता देखिएको छ।" जति अपेक्षा गरिएको थियो, त्योअनुसार नभए पनि नयाँ ढंगले अगाडि बढ्ने प्रयत्न सराहनीय भएको उनको भनाइ छ। ने

^ रामनगरम, कर्णाटक

भारतको बदलिँदो भावभंगी

विकास रौनियार

भारत पहिले पनि घुमिएकै हो तर तर योपल्ट घुम्दा थाहा भयो, धेरै बदलिएछ ।

पुस दोस्रो सातापछि केही काम अनि घुमघामको मनसाय लिएर जाँदा नौला प्रतिविम्ब देख्न पाइयो । वीरगन्जबाट भैरहवा हुँदै गोरखपुर, लखनउ, बेंग्लोर, कोलकाता, सिलिगुडी, गुवाहाटी र रक्सौलसम्म पुगियो । करिब ६ हजार किलोमिटरभन्दा बढीको यात्रा थकानयुक्त

^ लखनउ, उत्तरप्रदेश

^ कोलकाता, पश्चिम बंगाल

^ लखनउ, उत्तरप्रदेश

^ गुवाहाटी, आसाम

त थियो । तर अविष्मरणीय रह्यो ।

केन्द्रीय संसद्ले पास गरेको विवादास्पद नागरिकतासम्बन्धी कानुनका कारण विभिन्न सहरमा जारी विरोध प्रदर्शन पनि प्रत्यक्ष देखियो । सुनौलीबाट गोरखपुर जाने गाडीमा चालक अनिल पाठक भन्दै थिए, "मोदीजी भारतको हिन्दु राष्ट्र बनादेंगे और फिर संन्यास लेलेंगे ।"

रेल यात्रामै रहँदा खबर आयो- प्रहरी र प्रदर्शनकारीबीचको भिडन्तले लखनउ अशान्त छ । श्रीमतीलाई उपचार गर्न लैजाँदै गरेका भारतीय नागरिक मोहम्मद आलमले मोदी सरकारले आर्थिक सुधार र सामान्य जनताका लागि केही पनि राम्रो काम नगरेको गुनासो गरे ।

भोलिपल्ट स्थानीय पत्रकारसँग लखनउका विभिन्न स्थल नियाल्न निस्कियौँ । बाटोका चोकचोकमा प्रहरीको तैनाथी बाक्लै थियो ।

नेपाल-भारत कन्क्लेभमा सहभागिता जनाउन बेंग्लोर पुगेँ । उक्त कार्यक्रममा भ्रमण वर्ष २०२० को प्रवर्द्धन गर्न सँगै लिएर गएका नेपालका तस्बिरको स्लाइड प्रदर्शन गरेँ ।

बेंग्लोर बसाइ सकाएर कोलकाता पुगियो । त्यहाँबाट व्यापारिक यात्रा समापन भएसँगै सपरिवार सिलिगुडी, गुवाहाटी पुगियो । प्रसिद्ध कामाख्या मन्दिर दर्शन र ब्रह्मपुत्र नदी टोलाउँदा मनै फुरुंग भयो । गुवाहाटीमा पनि मोदी सरकारकै कारण आसामको पहिचान र संस्कृति गुम्ने भयमा स्थानीय चिन्तित देखिन्थे ।

यात्राकै क्रममा रक्सौलको एकीकृत जाँचचौकीमा आयोजित भारतको ७१ औँ गणतन्त्र दिवसमा सरिक भई स्वदेश फर्कें । ने

^ रक्सौल, बिहार

फ्र्यांकफर्ट, जर्मनीमा मुख्यालय रहेको युरोपियन प्रेसफोटो एजेन्सी (ईपीए) मा आबद्ध नरेन्द्र श्रेष्ठको क्यामेराभन्दा पहिले संगीतसित साइनो जोडिएको थियो । ऋसरोड, निमा रूम्बा, बबिन प्रधान, नवीन के भट्टराईलाई सुन्दासुन्दै चार सदस्यीय ब्यान्ड नै खडा गरे । नरेन्द्र ड्रम र भोकलमा थिए भने लिड गितार र बासमा अरू ।

२५ वर्षपहिले एउटा गीत लेखेका थिए, उनले । कम्पोज पनि भइसकेको थियो । गीत रेकर्ड गर्न १५ हजार रूपैयाँ लाग्थ्यो । उनको भागमा परेको थियो, ५ हजार । दसैँका बेला पैसा लिन विराटनगर गएको एउटा साथी नफर्कंदा संगीतको यात्रा बिथोलियो । जसै गीत रेकर्ड हुन सकेन, ब्यान्ड पनि बिलायो । विराटनगरका साथी कहाँ हराए, अहिलेसम्म अत्तोपत्तो छैन । अरू साथी पनि भेटिंदैनन् । तर ठमेलको ठिटोलाई गीतको बोल अझै हेक्का छ ।

हर दिन आउँछ याद कसैको
हर रात आउँछ सपना कसैको
सायद त्यो तिमी नै हौ

त्यतिबेला भारतीय बजारमा क्यामेरा र लिभाइज जिन्स पेन्ट प्रायः नेपालबाटै जान्थ्यो । "म काठमाडौँबाट क्यामेरा लगेर दिल्लीमा बेच्थेँ अनि उताबाट मोटर पार्टस् ल्याएर यता बेच्थेँ," उनी व्यापारी किस्सा सुनाउँछन्, "ममा त्यो क्षमता रहेनछ । ठूलो नोक्सान भयो । दुई वर्षमै छाडिदिएँ ।"

'म्युजिक अफेयर' अझै सकिएको थिएन । ड्रमसेटको आवाजका कारण एक दिन छिमेकीले बुबालाई 'कम्प्लेन' गरे । त्यही झोकमा नरेन्द्रले साढे ६ हजार रूपैयाँमा ड्रमसेट बेचे र कमलपोखरीमा तीन महिने फोटोग्राफी कोर्स गरे, साढे ५ हजार तिरेर ।

०५२ छेक थुप्रै ब्रोडसिट अखबार आए, *हिमालय टाइम्स*, *श्री सगरमाथा*, *लोकपत्र*, *समाचारपत्र* आदि । उनले 'डेब्यु' गरे *समाचारपत्र*मा । अझ भनौँ, कामना पब्लिकेसन्सका *महानगर*, *साधना*, *कामना* र *समाचारपत्र*मा उनी एक्ला न्युज फोटोग्राफर थिए ।

निकोनको एफई एनालग चलाउँथे, नरेन्द्र । एउटा लेन्स नै १६ हजार रूपैयाँमा किनेका थिए । "मसित बाइक थिएन । पैदल हिंडेर या सार्वजनिक यातायात चढेर दिनमा चार-पाँच वटा कार्यक्रम भ्याउनुपर्थ्यो, राती ८ बजे लखतरान भएर अफिस फर्कन्थेँ," उनी स्मरण गर्छन्, "डार्करूम छिर्दा केमिकल सिद्धिसकेको हुन्थ्यो । माग

क्यामेराको बाटो

नरेन्द्र श्रेष्ठ २४ वर्षदेखि क्यामेराको बाटो हिँडिरहेका छन् । स्वयम्भूको सिरिजदेखि भूकम्पमा खण्डहर बनेका सम्पदा, अस्ट्रेलियन ओपनदेखि ग्रान्डस्लाम, बेइजिङको जी-ट्वान्टी बैठक, बाराक ओबामा, भ्लादिमिर पुटिन आदि महारथीलाई उनले आफ्नो क्यामेरामा समेटे ।

राजकुमार बानियाँ
तस्बिर : सरोज बैजु

फारम भरेर व्यवस्थापन प्रमुखको घरमा टेलिफोन गर्नुपर्थ्यो । उनले अनुमति दिएपछि गेटपालेलाई गुहार्नुपर्थ्यो ।"

स्टोभमा दम दिँदै तातोपानी तताएर केमिकल बनाउनुपर्थ्यो । दुइटा नेगेटिभ डेभलप गरीकन राती साढे १०-११ बजेतिर फोटो पछाडि हातले क्याप्सन लेखेर सम्पादकको टेबलमा हाजिर गर्नुपर्थ्यो । सम्पादकले पृष्ठको तोक लगाउँथे । भोलिपल्ट तिनै फोटा अखबारमा छापिँदा कालो मसी लतपतिएर केही नबुझिने ।

पाँच वर्षपछि कान्तिपुर पब्लिकेसनमा जोडिए, नरेन्द्र । चन्द्रशेखर कार्कीको असिस्टेन्ट भए, *नेपाल* म्यागजिनमा । २९ साउन ०५७ मा अफिसबाट निस्कँदा उनको मुड ठीक थिएन । फोटोग्राफीमा सम्पादकले नमीठो प्रतिक्रिया दिएका थिए ।

ठमेलको सार्क-भवन नजिक पुग्दा उनका नजर शाही सुरक्षाकर्मीमा अडिए । केशरमहलको फुटपाथमा सर्वसाधारणसँगै क्याप, चेक सर्ट र हाफ ज्याकेट लगाएका राजा र ब्याग भिरेकी रानीलाई ठम्याए । र, मोटरसाइकल बत्ताउँदै हिमालयन बैंक अगाडि रोके ।

अगाडि गएर खिच्दा सुरक्षाकर्मीले रोक्न सक्थ्यो । त्यसैले सञ्चयकोष भवन अगाडि एउटा रिक्साको पर्दाभित्र बसेर बीचमा क्यामेराको लेन्स छिराए । तर लाइटमिटरले केही देखाएन । साँझ लाइट कम भइसकेको थियो । क्यामेराको एपेचर २.८ र सटरस्पिड ६० मा राखे र तीन सट लिन भ्याए । फोटो आउँछ/आउँदैन भन्ने धुकचुक छँदै थियो ।

"कलर ल्याबमा गएर प्रिन्ट गरेँ, तीन वटामध्ये दुइटा हल्लिएर नचिनिने भएछन् । अलिअलि बुझिने हो किजस्तो," उनी भन्छन्, "त्यसबेला नेगेटिभ क्यामेरा थियो ।" फोटो छाप्ने हुटहुटीले अफिस फर्कंदा *कान्तिपुर*का समाचार सम्पादक नारायण वाग्ले भेटिए, भऱ्याङमा । उनले त्यही धमिलो फोटोलाई छोटोमीठो प्रतिक्रिया दिए, 'ब्युटिफुल' । भोलिपल्ट *कान्तिपुर* र *काठमान्डु पोस्ट*को अग्रपृष्ठमा छोरी भेट्न गइरहेका राजारानी भनी 'ब्रेकिङ' फोटो आउँदा नरेन्द्र सेलेब्रिटी भए ।

"समाचारपत्रमा पाँच वर्ष काम गर्दा मेरो एउटै फोटो नोटिस भएन । त्यो पनि त्यहीं छापिएको भए सायद वास्ता हुँदैनथ्यो," उनी भन्छन्, "बल्ल मैले प्लेटफर्म कति महत्त्वपूर्ण हुन्छ भन्ने थाहा पाएँ ।"

२० वर्षपछि पनि त्यो फोटोको किन चर्चा हुन्छ भने राजालाई प्रायः राष्ट्रिय पोसाक दौरासुरूवालमै देखिन्थ्यो । त्यो थियो, अनौपचारिक पोसाक । "मसित अनुभव थिएन भने खिच्ने आँटै गर्ने थिइनँ," उनी भन्छन्, "घर फर्कंदा राजारानीलाई देखेँ । खिच्नैपर्थ्यो । मेरो कामै त्यही होइन र ?"

नरेन्द्र सामान्य फोटो पत्रकार थिएनन्, उनी हरेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारमा अपडेट हुन्थे । "मैले दुई-तीन दिन अगाडि अधिराजकुमारी श्रुति गर्भवती भएको समाचार पढेको थिएँ," उनी भन्छन्, "त्यो थाहा भएकाले नै मैले राजारानीलाई केशरमहल चोकदेखि पछ्याएँ ।" श्रुतिको घर ठमेलमै थियो ।

त्यो फोटो छापिएपछि खुसी भएको दरबारले कपी मगायो । गोरखा दक्षिणबाहु दिइने खबर पनि सुनेका थिए, नरेन्द्रले । तर १० महिना पुग्दा नपुग्दै १९ जेठ ०५८ मा दरबार हत्याकाण्ड भइहाल्यो । विजयकुमारलाई उनी फोटो बुझ्ने सम्पादकको क्रेडिट दिन्छन् । "उनी रिपोर्टरसँग भन्दा फोटोग्राफरसँग हरेक फोटोमा आर्गुमेन्ट गर्थे," उनी भन्छन्, "नबुझ्ने मान्छेले के तर्क-वितर्क गर्छ र !"

नरेन्द्रलाई रहर थियो, *कान्तिपुर*मा काम गर्ने । सरुवा मागेको पाँच वर्षपछि नारायण वाग्लेले बोलाए । ०७२ मा *कान्तिपुर* छाड्दा उनी फोटो सम्पादक थिए । मातहत १४-१५ जना सहकर्मी थिए । "म आफ्नो द्वैध काममले गर्दा दुई वर्षदेखि सोचमग्न थिएँ," उनी भन्छन्, "कान्तिपुर कि ईपीए ? एउटा बाटो रोज्नैपर्थ्यो ।" *काठमान्डु पोस्ट*का तत्कालीन सम्पादक श्याम केसीको सिफारिसमा उनी ईपीएमा जोडिएका थिए ।

*कान्तिपुर*को स्मरणीय घटना के भने माओवादीले ९ असोज ०५७ मा डोल्पाको सदरमुकाम दुनै आक्रमण गऱ्यो । विकास रौनियार र चन्द्रशेखर कार्कीसित सम्पर्क नभएको भन्दै नरेन्द्रलाई फोन आयो, अफिसबाट । उनी त्रिपुरेश्वरबाट सीधै एयरपोर्ट पुगे । एयरपोर्टमा पर्खिरहेका रहेछन्, सुमन प्रधान, नारायण वाग्ले र सम्पादक युवराज घिमिरे ।

पहिलोपल्ट चार्टर्ड हेलिकप्टरमा सवार नरेन्द्रले एरियल भ्यू खिचेको खिच्यै गरे । १ घन्टा १० मिनेटपछि क्यामेरा झ्याप्प 'लक' भयो । मरिगए 'अन' भएन । अर्को क्यामेरा छैन, भएकोले काम गर्दैन ।

'मेरो क्यामेरा बिग्रियो,' उनले नारायणसँग भने । 'जोक नगर त,' नारायणले पत्याएनन् । सम्पादकलाई त भन्ने आँटै गरेनन् ।

नरेन्द्रले क्यामेरा 'स्वीच अफ' गरे । पुरानो ब्याट्री निकाले । नयाँ हाले । पशुपतिनाथलाई सम्झे । क्यामेरा फ्याट्ट 'अन' भयो । एक सट पनि नखिची हेलिप्याडबाट घटनास्थल पुगे । "*कान्तिपुर*ले लाखौं तिरेर हेलिकप्टर हायर गरेकाले समाचारको गम्भीर्य मलाई थाहा थियो, क्यामेरा अन नभएको भए के हुन्थ्यो ?" उनी सम्झन्छन्, "त्यही पाठ लिएर हिजोआज सिरियस असाइन्मेन्टमा जाँदा दुइटा क्यामेरा बोक्छु । "

ईपीएमा जोडिएपछि उनले मन हुँडलिने फोटो खिचेर विश्व हल्लाए । २९ साउन ०७४ को बिहान सप्तरीको कुलारी गाउँमा फुदन सदाका आठ वर्षे छोरा कमलको इहलीला सकियो । संस्कारअनुसार माटोमा गाड्नुपर्ने थियो, शव । तर जलमग्न ठाउँमा माटो कहाँ

ईपीएमा जोडिएपछि उनले मन हुँडलिने फोटो खिचेर विश्व हल्लाए ।

यी फोटोशिल्पी हरेक फोटोमा मानवीय संवेदनासहित जीवन्तता दिने कोसिस गर्छन् ।

उनी यस्तो काम गर्न चाहन्छन्, जहाँ आफ्नो कोही बोस नहोस् ।

पाउनु ? कम्बलमा बेरिएको शव धमिलो कोसीमा छाड्न विवश बन्यो, परिवार ।

नरेन्द्रले कम्मरसम्म पानीमा डुबेर त्यो दर्दनाक फोटो खिचे अनि क्यामेरा प्याक गरे । उनलाई थाहा भयो, लास त पानीमै तैरँदो रहेछ । "त्यो फोटोले मलाई यति हल्लाइदियो कि क्यामेराबाट निकालेर कम्प्युटरमा राख्नै सकिनँ," उनी भन्छन्, "२४ घन्टापछि रियालिटी बुझेर फोटो फाइल गरेँ ।"

ईपीएको त्यो फोटो *कान्तिपुर*को प्रथम पृष्ठमा छापिएपछि त्यसले सबैलाई रुवाइदियो । वैश्विक चर्चा भएको त्यो फोटो हेरेर लेखिएको विवश पोखरेलको कविता 'बग्दै बग्दै जाने छोरासँग' हजारौं सेयर भयो । "फोटो खिच्दा मैले नौ वर्षकी छोरी सान्बीलाई सम्झेको थिएँ, पछि उनकै प्रेरणाले पीजे क्लबको प्रतिस्पर्धामा सामेल गराएँ," उनी भन्छन्, "वर्षे तस्बिर त्यही भयो ।"

२४ साउन ०७५ मा १ लाख रुपैयाँ पाएपछि नरेन्द्रले फुदन सदालाई काठमाडौं झिकाए । र, पुरस्कार रकम सुम्पिए । "त्यो सहयोग सदा परिवारका निम्ति होइन, मेरा लागि थियो," उनी भन्छन्, "छोरीका कारण मनको खिल निस्किएजस्तो भयो ।"

४३ वर्षीय नरेन्द्र साढे दुई दशकदेखि क्यामेराको बाटो हिँडिरहेका छन् । स्वयम्भूको सिरिजदेखि भूकम्पमा खण्डहर बनेका सम्पदा, अस्ट्रेलियन ओपनदेखि ग्रान्डस्लाम, बेइजिङको जी-ट्वान्टीको बैठक, बाराक ओबामा, भ्लादिमिर पुटिन आदि महारथीलाई आफ्नो क्यामेरामा समेटे । "मेरो यात्रा भनेको राजारानीदेखि कमल सदासम्मका तिनै फोटो हुन्," उनी भन्छन्, "मलाई स्तब्ध पारिदिने फोटो भने कमल सदाकै हो । तर मैले विशेष काम गरेको होइन, गर्नैपर्ने काम गरेको हुँ ।"

इन्टरनेसनल इन्स्टिच्युट अफ जर्नालिजमदेखि कोलम्बिया युनिभर्सिटीको फेलोसिप पाएका यी फोटोशिल्पी हरेक फोटोमा मानवीय संवेदनासहित जीवन्तता दिने कोसिस गर्छन् । "कला र संगीत परिपक्व बन्न लामो समय लाग्छ," उनी भन्छन्, "तर फोटोग्राफीले तत्क्षण आनन्द दिन्छ । यसको खास उमेरै २४ घन्टा हो । त्यसमा जादू देखाएन भने काम लाग्दैन ।"

एक पटक विजयकुमार अन्तर्वार्ता लिँदै थिए, नरेन्द्र फोटो खिच्दै । अन्तर्वार्ता दिनेले अप्ठेरो मानेपछि विजयले सम्झाए, 'क्यामेरा चलाउँदा उसको कान बन्द हुन्छ ।' तर फोटो खिच्दा कान मात्र होइन, नरेन्द्रका कुनै पनि इन्द्रियले काम गर्दैनन् रे ।

फोटोग्राफीमा नरेन्द्रलाई अमेरिकाका जेम्स नाच्टवे र स्टिभ म्याकवरी अनि नेपालका चन्द्रशेखर कार्की र गोपाल चित्रकारले 'कनेक्ट' गराएका छन् । उनको शब्दमा जेम्सको न्युज फोटोग्राफी 'लाइभ्ली' हुन्छ, विषय बलियो । स्टिभको ट्राभल फोटोग्राफीको 'फ्रेमिङ' अद्भुत हुन्छ । नरेन्द्रलाई करेन्ट अफेयर्सबाहेक प्राकृतिक छटाले तानिहाल्छ । उनको *इन्स्टाग्राम* हेर्दा त्यो स्वभाव थाहा हुन्छ ।

ठमेलको व्यापारिक घरानामा जन्मेका नरेन्द्र 'काजी साब' भनिने भीमकाजी श्रेष्ठका पाँच छोरामध्ये कान्छा हुन् । रोचक के भने पिताको 'काजी' पनि कसैले लिएनन् र पेसा पनि पछ्याएनन् । दाजुहरू सरकारी सेवा, कम्पनी र विज्ञापन एजेन्सीमा काम गर्छन् ।

शान्ति विद्यागृह लैनचौरबाट स्कुले जीवन छिचोलेका उनले त्रिचन्द्र कलेजबाट समाजशास्त्र र इतिहासमा स्नातक गरे । १३ वर्षअघि चावहिलकी सविनासित मागीबिहे गरेका उनकी छोरी सान्बी १२ वर्षकी भइसकिन् । सेन्ट जेभियर्स स्कुलमा ७ कक्षामा पढ्ने सान्बी नै उनको फोटोको पहिलो दर्शक हुन्छिन् । "*इन्स्टाग्राम*मा फोटो फाइल गर्ने बेला कन्फ्युज हुन्छ, सान्बीले छनोट गरिदिन्छिन्," नरेन्द्र भन्छन्, "उनी मेरी इन बिट्विन एडिटर हुन् ।"

जिन्दगीको ५० वर्षपछि फरक मार्ग लिने सोचमा छन्, नरेन्द्र । यसको अर्थ उनी व्यापार र संगीतमा 'कमब्याक' हुने छैनन् । "म कुनै संस्थामा प्रत्यक्ष संलग्न नभईकन इच्छाएको काम गर्न चाहन्छु," उनी भन्छन्, "के गर्ने भन्ने होमवर्क जारी छ ।" उनी यस्तो काम गर्न चाहन्छन्, जहाँ आफ्नो कोही बोस नहोस् । ने

हामीले कस्तो कृषि चाहेको हो ?

यमुना घले

धनकुटाका घ्युफल (एभोकाडो) का कृषकसँग छलफल गर्दा थाहा भयो, उनीहरू यसको खेती व्यावसायिक स्तरमा लैजान चाहन्छन् । तर तिनमा मुख्य तीन वटा विषयमा अझै विश्वास जगाउनुपर्ने देखिन्छ । एक- त्यस क्षेत्रमा कम्तीमा पनि ११ जातका एभोकाडो चल्तीमा छन्, जसको आकार, गुदीको मात्रा, रंग, स्वाद र पानीको मात्राबारे अध्ययन गरेर माग, बजारभाउबारे जानकारी र भण्डारणलगायत बजार व्यवस्थापन । दुई-गाउँमा सबैले एभोकाडो खेती सुरु गरेकाले अबको चार-पाँच वर्षमा प्रशस्त उत्पादन भएपछि व्यवस्थित बजार नभएका कारण एभोकाडो इस्कुसको भाउमा नजाओस् । तीन-उत्पादनको बढ्दो सम्भावना देखेर केही व्यवसायीले एभोकाडोसम्बन्धी उद्योग खोल्न आवश्यक जमिन खोज्न आएका र नगरपालिकासँग छलफल अगाडि बढिरहेकाले बजार पाइने संकेत देखिएको छ । यस विषयप्रति स्थानीय सरकार पनि सहमत भएको देखिन्छ ।

यसले इंगित गर्छ, कृषकलाई व्यावसायिकताउन्मुख गराइरहँदा निजी क्षेत्रको भूमिका र स्थानीय सरकारको उत्तरदायित्वलाई प्रभावकारी बनाउन आवश्यक छ ।

देशमै कृषिमा आधारित व्यवसाय गर्न कृषि पढेकै जनशक्ति हुनुपर्छ भन्ने छैन भन्ने उदाहरण चितवनमा पुष्प व्यवसाय गरिरहेका कृषक, कर्मचारी र श्रमिकसँग कुराकानी गरेपछि पुष्टि भयो । कृषि व्यवसायमा सम्भावना देखेरै पुष्प व्यवसाय गरिरहेकाले वर्षौंको अनुभवलाई उपयोग गर्दै अझ नवीनतम प्रविधितिर जाने सोच बनाएकाले यसमा थप सहयोग गर्नुपर्ने देखिन्छ । त्यसैगरी उनीसँग काम गरेरै अनुभव तथा सीप हासिल गरेका स्थानीय कर्मचारी र श्रमिकले पुष्प उत्पादनको पाटोलाई आफैँले उद्यमको रूपमा अगाडि बढाउने योजना बजारमा प्रचलित 'इन्क्युबेटर' को अवधारणालाई व्यवहारमा उतार्ने एउटा सशक्त माध्यम हुन सक्छ ।

कृषक सबै व्यावसायिक मात्र छैनन्, पारिवारिक पनि छन् । उदाहरणका लागि, बर्दियाको सोनाहाबस्तीमा छानाभरिका पाकेका कुभिन्डोबारे बुझ्दा भारतीय आएर एउटाको २० रुपैयाँमा लैजाने र पछि पेठा (चास्नीमा डुबाइएको मिठाई) बनाएर सानो पोकाको २० रुपैयाँमा त्यहीँ ल्याएर बेच्ने गर्दा रहेछन् । सोनाहाहरू खोलामा बालुवा चालेर सुन खोज्ने समुदाय भएकाले त्यहाँ काम गर्ने एउटा परियोजनाले बसोबासको अधिकारबारे सहयोग गरेको र अर्को परियोजनाले पोषणबारे सिकाएको रहेछ । तर कृषिमा आधारित उद्यमचाहिँ नसोचिएको भन्ने थाहा भयो ।

कृषिको महत्त्व कति बृहत्तर छ भनेर बुझ्न चुरे क्षेत्रको अध्ययन उपयुक्त उदाहरण हुन सक्छ । बर्दिबासको रजबासमा भूमिगत पानीको संरक्षण गरेपछि सिँचाइ कुलो बनाएर तीन बाली लगाउन सफल भएको, तरकारी खेती गर्न थालेपछि तराईबाट महँगोमा ल्याएर खानु नपरेको र खानेपानीको आपूर्ति सहज भइरहेको देखियो । यसबाट त्यस क्षेत्रका जनताले मात्र लाभ नपाएर तल्लो तटीय भेगमा भूमिगत पानीका स्रोत संरक्षण भएको, भूक्षय रोकिएको र तराईको अन्नभण्डार जोगिएको समग्र बुझाइ रहेको पाइयो । तर ती समुदायले अझसम्म पनि आफूले पुस्तौँदेखि चर्चिएको भूमिको लालपुर्जा नपाएको गुनासो राखेका थिए ।

यसले के पुष्टि गर्छ भने कृषि उत्पादनको माध्यम मात्र नभई समुदायको पेसा, पहिचान र आत्मसम्मानसँग जोडिएको विषय पनि हो ।

कृषिमा बाह्य कारणले पनि असर पारिरहेको हुन्छ । बढ्दो पुरुष आप्रवासन, जलवायु परिवर्तन र अन्तर्राष्ट्रिय बजारका कारण कृषि एक चलायमान, थप जटिल र संवेदनशील क्षेत्रको रूपमा विकसित हुँदै गइरहेको छ । यसले ल्याउने फाइदाको तुलनामा विविध प्रकारको जटिलता र असुरक्षालाई पनि निम्त्याइरहेको छ । उदाहरणका लागि, पुरुष भारत, खाडी मुलुक, मलेसिया वा अन्य कुनै देशमा गए पनि लालपुर्जाको एकल अधिकार आफैँमा सीमित गरेर बाहिरिरहेका छन् । सरकारले १ सय रुपैयाँमा संयुक्त पुर्जा बनाउन सकिने व्यवस्था गरे पनि देशबाहिर वा भित्रै भएका र बुझेका वर्गमा पितृसत्तात्मक सोचको उपजका कारण यस्ता रूपान्तरणमुखी कार्यक्रमले खासै गति लिन सकेको छैन ।

कृषि क्षेत्रमा आइपर्ने चुनौतीलाई सम्बोधन गर्ने खाले प्रविधिमा आधारित अनुसन्धानका आधारमा आवश्यक तयारी गरिनुपर्छ । जल तथा मौसम विज्ञानबाट प्राप्त सूचनालाई कृषि प्रणालीसँग जोडेर भूगोल अनुकूलित कार्यक्रम तयार गर्नु अत्यावश्यक भइसकेको छ । हाल कृषि अन्तर्राष्ट्रिय व्यापार र अन्य सन्धि-सम्झौताको अभिन्न अंग भइसकेको छ । जस्तै, विश्व व्यापार संगठनको कृषिसम्बन्धी सम्झौता, बौद्धिक सम्पत्ति अधिकार, कृषकको अधिकार, स्थानीय समुदायको अधिकार र क्षेत्रीय, द्विपक्षीय व्यापार सम्झौताको अभिन्न पाटो भइसकेकाले कृषिलाई प्राविधिक पक्षबाट मात्र हेर्न मिल्दैन ।

सारांशमा माथिका यिनै अवस्थालाई विम्बको रूपमा मात्र लिने हो भने कृषि आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक पक्षलाई जोड्ने कडी हो भन्नेमा अत्युक्ति हुँदैन । हाल कृषिसँग सम्बन्धित प्रावधानलाई तीनै तहका सरकारमा विभिन्न जिम्मेवारीको बाँडफाँट गरिएको छ । ने

व्यंग्यका नयाँ बादशाह

विदेशमा लोकप्रिय बनेको स्ट्यान्ड–अप कमेडी नेपालमा बामे सर्दै

यम बम
तस्बिर : सरोज बैजु

कुनै बेला हास्यव्यंग्यमा अरूको नक्कल अपरिहार्य ठानिन्थ्यो । क्यारिकेचरमा पात्रकै हाउभाउ र वेशभूषा । अझ हास्य कलाकार आफ्नो परिचयभन्दा पात्रबाट लोकप्रिय हुन्थे ।

नेपाली हास्यव्यंग्य यसरी नै हुर्की बढ्यो । अघिल्लो पुस्तालाई भैरव अर्यालका हास्यव्यंग्यले गोरेटोमा हिंड्न कुनै न कुनै रूपमा मद्दत मिल्यो । अहिलेका स्थापित प्रायः हास्य कलाकार त्यही ढोका पार गर्दै आएका हुन् । कति सफल भए, कतिले आधा बाटोमै सपना मोडे ।

अहिले अवस्था फेरिएको छ, नौलो प्रविधिमा नयाँ अभ्यास । हास्यव्यंग्यका अनेकन ढोका खुलेका छन् । जस्तो, स्ट्यान्ड–अप

कमेडी । पछिल्लो पुस्ताले रूचाएको यो शैली नेपालमा बामे सर्दै छ । स्ट्यान्ड-अप कमेडियनमध्येका एक हुन्, आदर्श मिश्रा । उच्च शिक्षाका लागि बाराबाट काठमाडौं आएका मिश्रा दुई वर्षदेखि स्ट्यान्ड-अप कमेडी गर्दै छन् ।

सामाजिक विषयवस्तुलाई केन्द्रमा राखेर हास्यव्यंग्य गर्ने उनका पछिल्ला शृंखलामा दाइजो प्रथा, खुला दिसापिसाब, छोराछोरीबीचको भेदभाव समेटिए । जारी कमेडी च्याम्पियनका प्रतियोगी उनका यी शृंखलाले सामाजिक दायित्वबोध गरेको छ । भलै उनी 'हास्य कलाकारले सामाजिक मुद्दा उठान गरेको नभई फरक शैलीबाट दर्शकलाई हँसाएको' रूपमा व्याख्या गर्छन् । मिडिया स्टडिज अध्ययन गरिरहेका मिश्रा धाराप्रवाह कमेडी मात्र गर्दैनन्, बीचबीचमा 'भोजपुरी लवज' ले झनै मिठास थपिदिन्छन् पनि ।

बीचबीचको व्यंग्यले हाँसोको फोहोरा छुट्छ । उनी भन्छन्, "कति सजिलै हँसायो भन्ने लाग्छ होला तर कक्षामा झैं बसेर स्क्रिप्ट लेख्नुपर्छ, रट्नुपर्छ । हँसाउन झन् गाह्रो छ ।"

विदेशका टेलिभिजन हेरेर कमेडीको मजा लिने युवायुवतीले अहिले स्वदेशमै हास्यरस पाएका छन् । ०४२ मा *नेपाल टेलिभिजन*को स्थापना भएपछि यहाँ पनि हास्यव्यंग्य विधाले उचाइ नपाएको होइन । तर टेलिभिजन सेटमा हास्यसिरियलको ग्ल्यामर बिस्तारै ओरालो लाग्यो, अहिले औंलामा गन्न सकिने मात्र छन् । लुट सिनेमाले व्यंग्य क्षेत्रलाई मलजल गर्‍यो नै । स्थापित कलाकार हास्य सिनेमातिर लागिरहेका बेला अवसरको ढोका खुलेको छ, हास्यव्यंग्यमा ।

युट्युब च्यानलमा उपलब्ध स्ट्यान्ड-अप कमेडीलाई मलजल गर्ने काम कमेडी च्याम्पियनले गरिदिएको छ । यही शैलीलाई पछ्याउँदै छन्, हिमेश पन्त । उच्च शिक्षाका लागि धादिङबाट काठमाडौं पुगेका उनी रसायनशास्त्रका विद्यार्थी हुन् । लक्ष्य वैज्ञानिक बन्ने अनि रूचि हास्यव्यंग्य । भन्छन्, "कमेडीमा समय दिन सक्छु भनेरै रसायनशास्त्र रोजेको हुँ । कमेडीलाई दिनको केही घन्टा दिएर अगाडि बढाइरहेको छु ।"

अहिले पछ्याइहेको स्ट्यान्ड-अप शैली नेपाली परिवेशका लागि नौलो भए पनि क्रेज बढेको उनी ठान्छन् । पन्त कमेडी च्याम्पियनका प्रतियोगी मात्र होइनन्, विद्यार्थी हँसाउन स्कुल, कलेजसमेत पुग्छन् ।

हास्य कलाकारको सपना बोकेरै स्याङ्जाबाट काठमाडौं हिँडेका विष्णुप्रसाद गौडेल (मेक्साम) सानो छँदै तर्कवितर्क गर्थे । अरूभन्दा फरक लवज र शैलीबाट प्रस्तुत हुन्थे । हरेक विषयलाई रोचक ढंगबाट प्रस्तुत गर्दा साथीभाइ हाँस्थे । उनी हास्य कलाकारको प्रस्तुति सुनेर र हेरेर सिक्न थाले ।

जानीनजानी गाउँघरमै कला प्रस्तुत गरिरहेका उनी कमेडी च्याम्पियन हुने भएपछि यहाँ आए, भाग लिए । गौडेललाई यहाँको अभ्यास नौलो लाग्यो । स्क्रिप्ट लेखेर पहिलो पटक अभ्यास गर्ने मौका पाए । भन्छन्, "मेरो कार्यक्षेत्र हास्यविधा नै हो भनेर अनुभूति भइसकेको छ ।"

हास्य कलाकारलाई लागिरहन्छ- दर्शकले प्रस्तुति मन पराउँछन् कि पराउँदैनन्, हँसाउन

> **'दले दाइ' प्रस्तुतिको पात्रमध्येका एक थिए, प्रधानमन्त्री । '... हुँदैन म बाहिरका दलाली हायर गर्दिनँ । मेरो काम त विष्णु भाइ नै हेर्छ' समेटिएको व्यंग्य ओलीले सुने हाँसो सायदै थाम्न सक्लान् ।**

सकिएन भने ? उनी भन्छन्, "स्टेजमा चढ्दै गर्दा हँसाउन सकिएन भने सफल भइँदैन कि भन्ने पीर त हुन्छ नै ।"

हास्य कलाकारमा ह्युमर चाहिन्छ नै । ह्युमर त्यो हो, कमेडी सुनेपछि धेरै समयपछि पनि सम्झिएर हाँसून् । त्यसका लागि पन्चलाइन चाहिन्छ नै । व्यंग्य त्यो हो, जसमाथि गरिएको छ, त्यही मान्छे पनि सुनेर हाँसोस् ।

सुमन कोइरालाको 'दले दाइ' प्रस्तुतिको पात्रमध्येका एक थिए, प्रधानमन्त्री केपी ओली । '... हुँदैन म बाहिरका दलाली हायर गर्दिनँ । मेरो काम त विष्णु भाइ नै हेर्छ' समेटिएको व्यंग्य ओलीले सुने सायदै हाँसो थाम्न सक्लान् । सामाजिक र राजनीतिक विषयलाई केन्द्रमा राखेर हँसाउने कोइराला 'पन्चलाइन' मा माहिर छन् ।

इटहरीबाट डेढ वर्षअघि काठमाडौं छिरेका उनी टेलिफिल्ममा आबद्ध थिए । भन्छन्, "सिक्ने क्रममा छु । स्टेज चढ्दा दर्शक हाँसून् भन्ने हुन्छ । नयाँ-नयाँ अभ्यासका क्रममा कहिले राम्रो भइदिन्छ, कहिले बिग्रन्छ नै ।"

काठमाडौं सपनाको सहर । सपनाको भारी बोकेर आउने कति सफल हुन्छन्, कति सपनाकै भारीमा थिचिन्छन् । सहर अवसरको खोजी पनि हो । मोरङका सुमन कार्की पनि हास्य कलाकारको सपना बोकेरै चार वर्षअघि मोरङबाट काठमाडौं हिँडेका हुन् । अहिले कमेडी च्याम्पियनमा हँसाइरहेका सुमनलाई हास्यव्यंग्यबाटै जिन्दगीको उडान भर्नु छ । भन्छन्, "हास्यव्यंग्यमै लाग्छु भनेर समय खर्चेको छु । यसबाहेक विकल्प छैन, जति घोटिनुपर्छ, यसैमा कर्म गर्छु ।"

अहिले यी हास्य कलाकारलाई हरेक साता नयाँ-नयाँ अनि अब्बल प्रस्तुति कसरी दिने भन्ने चिन्ता हुन्छ । बाटो, बजार र यात्रामा कमेडीका 'पन्चलाइन' भेटिने गरेको कार्की सुनाउँछन् ।

हास्यव्यंग्यमा अरूलाई उडाउँदा दर्शक झन् खुसी हुन्छन्, हाँस्छन् भन्ने भ्रम पनि छ । तर दर्शकले खोज्ने यथार्थपरक हास्यव्यंग्य हो । कतिपय यस्ता कलाकार हुन्छन्, जो आफैंमाथि व्यंग्य गरेर दर्शकलाई हसाउँछन् । तीमध्येका हुन्, रोल्पाली युवक खड्गबहादुर पुन मगर । भन्छन्, "मेरो आफ्नै भोगाइ फन्नी छ । दर्शकले रूचाइदिनुभएको हो ।" दुई वर्षअघि काठमाडौं पुगेका उनी हास्यव्यंग्यबाहेक नृत्य र कोरियोग्राफी गर्छन् । दोहोरीसाँझका जागिरे पनि ।

स्ट्यान्ड-अप कमेडी क्यारिकेचरभन्दा भन्दा जोखिमपूर्ण हुन्छ नै । मिश्रा भन्छन्, "क्यारिकेचरमा एउटा पात्र हुन्छ, पात्रका कुरा बोलेर निस्कन्छ । आफैं भएर बोल्दा झन् जोखिम हुन्छ नै । दर्शक रिसाउने पनि मसितै हो ।"

आ-आफ्नो ठाउँमा दर्शक, श्रोतालाई हँसाइरहेका यी हास्य कलाकारले प्लेटफर्म पाएका छन् । कमेडी च्याम्पियनबाट यिनीहरूको कला लाखौं दर्शककहाँ पुगेको छ । यससँगै चुनौती पनि बढेको छ । कार्की भन्छन्, "अब प्रस्तुतिका लागि माग आउँछ तर त्यसको यही शैली र अब्बलता कायम गर्न सकिन्छ कि नाइँ भनेर डर हुन्छ नै ।" ने

बाघको बखान

योगेश ढकाल

आज बाघसँग दुई समस्या छन् । एक– वासस्थानमाथि अतिक्रमण । दुई- छुट्टै न्यायालयको अभाव । पृथ्वीमा मानिसको उत्पत्तिभन्दा पहिला साम्राज्य चलाएको बाघ आज सुकुम्बासी मात्र भएको छैन, उसको भाषा बुझ्ने प्रयास पनि भएको छैन । सात दशकअघि विश्वमा एक लाखभन्दा बढी बाघ थिए । आज ३ हजार ९ सयमा झरेका छन् । वासस्थान ९३ प्रतिशतबाट ७ प्रतिशतमा सीमित छ । बाघको भाषा बुझ्ने प्रयासमा सन् २०१० मा रूसको पिटर्सवर्गमा अन्तर्राष्ट्रिय बाघ सम्मेलन गरियो, जहाँ बाघ पाइने देशका प्रतिनिधि भेला भएका थिए । बाघको भाषा बुझेर न्यायको प्रत्याभूति दिन पहिलो सामूहिक भेला थियो, जसले सन् २०२२ सम्म यसको संख्या दोब्बर बनाउने घोषणा मात्र गरेन, २९ जुलाईलाई 'बाघ दिवस' का रूपमा सुरु गर्‍यो ।

वातावरण तथा वन्यजन्तु संरक्षणकर्मीका लागि बाघ 'सुनकुखुरी' हो । बाघको रोदनका रिपोर्टबाट प्रशस्त कमाइ गरेका छन् । विश्वका कुनाकाप्चा पुगेका छन् । एनजीओ प्रतिवेदनका खात लागेका छन् । ती एनजीओ प्रतिवेदनमा संरक्षणका समस्याको पत्र-पत्र मात्र केलाइएको छैन, त्यसका विधि र उपायका लामा सूची छन् । दुःखको कुरा, ती प्रतिवेदन आजसम्म नेपाली नागरिकले बुझ्ने भाषामा आएनन् । संरक्षण क्षेत्र आसपासका स्थानीयले बुझ्ने भाषामा बाघलाई परिचित गराइएन, उल्टै आतंक, त्रासको पर्याय र 'सोकेसको जन्तु' झैं प्रचारित गरियो । नत्र यति धेरै स्रोत-साधन खर्चेर संरक्षणको प्रयास भइरहँदा पनि नेपाली भाषामा किन पुस्तक वा प्रतिवेदन लेखिँदैन ? जबकि नेपाल बाघ पाइने देशको सूचीमा ८ औं स्थानमा पर्छ ।

त्यही संकट र संकोच चिर्न संरक्षणकर्मी तथा चराविज्ञ हेमसागर बरालको *पाटेबाघ*लाई नेपाली भाषामा लिखित सामग्रीमध्ये दुर्लभ उपलब्धि मान्न सकिन्छ । पुस्तकमा बाघको सामान्य परिचयदेखि संरक्षणमा लागेका एनजीओको सूचीसम्म समेटिएका छन् । रोचक पक्ष- रंगीन तस्बिर समेटिएकाले बाघका प्रजाति र अंग सहजै छुट्याउन सकिन्छ ।

नेपालमा बढ्दो संख्याले बताउँछ, बाघको भाषा र न्याय बुझिँदै छ । एक दशकमा नेपालमा पाटेबाघको संख्या १ सय २१ बाट २ सय ३५ पुग्यो । बाघ पाइने १३ देशमध्ये नेपालमा तीव्र गतिमा पाटेबाघ बढ्दा विश्वभरका संरक्षणकर्मी हौसिनु अस्वाभाविक होइन तर नागरिकले बाघबारे बुझिने भाषा नहुनु अप्ठेरो हो । त्यसलाई केही सहज पार्ने एउटा खुड्किलो हुन सक्छ, *पाटेबाघ* ।

बाघ संरक्षणमा सन् २०१० मा रूसको सेन्टपिटर्सवर्गमा पहिलो अन्तर्राष्ट्रिय सम्मेलन र मन्त्रीस्तरीय अन्तर्राष्ट्रिय बाघ सम्मेलनभन्दा पहिला विश्व बैंकको प्रयासमा बाघ सम्मेलन भयो । थाइल्यान्ड सम्मेलनमा संरक्षणको ध्येयभन्दा व्यापारिक प्रयोजन बढी थियो । पिटर्सवर्गको निरन्तरता सन् २०१३ मा थिम्पु हुँदै २०१६ मा नयाँ दिल्ली आइपुग्यो । दिल्ली घोषणा थियो- बाघको संख्या ३ हजार ८ सय ९० पुग्यो । दुःखको कुरा, आईयुसीएनको वयस्क बाघको संख्या संकटको रातो सूचीमा २ हजार १ सय ५४ भन्दा बढी छन् ।

अहिले बाघ रूसको सुदूर-पूर्वी क्षेत्रदेखि चीन, भारत, भुटान, बंगलादेश, लाओस, नेपाल, भियतनाम, कम्बोडियालगायत देशमा पाइन्छ । सन् २०१६ को तथ्यांकले भारतमा सबैभन्दा धेरै २ हजार २ सय २६ र लाओसमा २ वटा पाटेबाघ छन् । लाओससहित भियतनाम र कम्बोडियामा बाघ लोप भइसकेको छ ।

पाटेबाघ
लेखक : **हेमसागर बराल**
प्रकाशक : **हिमाली प्रकृति**
पृष्ठ : १३०

पुस्तकमा नेपालमा बाघको संख्या घट्नुलाई राजनीतिक अस्थिरता, प्राकृतिक प्रकोप, चोरी-सिकारी र व्यक्तिगत इबीजस्ता सन्दर्भ जोडिएका छन् । नेपालमा राणा र दरबारिया घरानाका सदस्यले बाघको सिकार गरेर साहस र रणकौशल प्रतिविम्बित गर्थे । जनावरका अंग महलमा सजाउने लहडले पनि बाघको संख्या घटायो । तराईमा बढ्दो बसाइँसराइ र मानिस-बाघको निरन्तर द्वन्द्वसँगै वासस्थानमा समस्या परेकाले यसको संख्या घटेको छ । बरालले भनेजस्तै एकातिर विकासका पूर्वाधार निर्माणमा तीव्रता र प्राकृतिक स्रोतमाथिको दोहनका कारण भू-परिधिमा आएको फेरबदलले बाघको संख्या घटाएको छ भने अर्कोतिर यसको अखेटोपहारले सिकार प्रवृत्ति बढ्दो छ, जसलाई लेखक बरालले अन्धविश्वासका रूपमा व्याख्या गरेका छन् । २० अर्ब डलर बराबरको बाघका अंग तस्करी हुने नेपाल ट्रान्जिटका रूपमा विकास भएको छ ।

बोझिला र तर्कको भीडभन्दा पनि औसत बुझाइका सन्दर्भ राखेका बरालले बाघको बनोट, ऐतिहासिक पृष्ठभूमि, वासस्थान, रजाइ क्षेत्र निर्धारण तरिका, आहारा, सिकारका तरिकाबारे सटिक जानकारी दिएका छन् । साथै, बाघ र अन्य प्राणीबीचको फरक, धार्मिक, सांस्कृतिक महत्त्व र प्राकृतिक सन्तुलनमा पुगेको योगदान उल्लेख गर्दै बाघ पर्यटनदेखि संरक्षणका चुनौती, संकट, चोरी-सिकारीका प्रसंग गाँसेका छन् । गहन अध्येतालाई भने पुस्तक औसत लाग्न सक्छ । ■

तीन किताब

जीवा लामिछाने | लेखक



किनाराका कथा

आत्मकथा **लङ वाक टु फ्रिडम**का हरेक पृष्ठमा नेल्सन मन्डेलाको धैर्य, ज्ञान, मानवतावादी भावना उजागर भएका छन् । उनले रंगभेदविरोधी अभियानमा लाग्दा पाएका दुःख, पीडा, अफ्रिकी राष्ट्रिय कंग्रेसका गतिविधि र आफ्नो लामो जेलयात्रालाई सजीव चित्रण गरेका छन्, पुस्तकमा ।

जनजातिको पारम्परिक संस्कृतिको राजदूतझैं अग्रस्थान रहेका उनी श्वेत वर्चस्वमुखी राष्ट्रका लागि चुनौती थिए । मन्डेलाको जीवनकालमा एकातिर सोभियत संघ र अमेरिकाबीच शीतयुद्ध जारी थियो भने अर्कातिर भियतनाम युद्ध । यसको असर रंगभेदविरुद्धको आन्दोलनमा पनि पर्‍यो । २७ वर्ष जेल जीवन बिताउनु परे पनि उनी उत्पीडितको पक्षमा बोल्नबाट कहिल्यै विचलित भएनन् । दक्षिणी अफ्रिकी शासनविरुद्ध तोडफोड, राजद्रोह र हिंस्रक षडयन्त्र रचेको आरोप उनीमाथि थियो । जेलबाट रिहाइ भएपछि उनलाई नैतिक नेताको सम्मान मिल्यो । आफूलाई चरम यातना दिएका श्वेत जातिप्रति समेत देखाएको सहिष्णुताले उनलाई महान राजनेता बनायो । मानव अधिकार र जातीय समानताको संग्राममा महत्त्वपूर्ण शक्तिको पर्यायका रूपमा प्रतिष्ठित मन्डेला दक्षिण अफ्रिकाका पहिलो अश्वेत राष्ट्रपति बन्न सफल भए । समावेशी लोकतन्त्र र शान्तिका लागि अटुट संघर्ष गरेकाले नोबेल शान्ति पुरस्कारबाट सम्मानित मन्डेलाको यो पुस्तक व्यक्तिकथा मात्रै नभएर रंगभेदविरोधी आन्दोलन, तत्कालीन समाज र इतिहासको आधिकारिक दस्तावेज पनि हो ।

पर्ल एस बकलिखित उपन्यास **द गुड अर्थ**मा सय वर्षअधिको चिनियाँ किसान वाङलुङको जीवनचरित्र मिहीन ढंगले उतार गरिएको छ । यो चरित्र विश्वका किसानले भोगेको यथार्थ प्रतिविम्बजस्तो लाग्छ ।

तत्कालीन चीनको सामाजिक, आर्थिक र राजनीतिक परिवेश बुझ्न पनि यो उपन्यासले मद्दत गर्छ । यो कथा त्यो कालखण्डको हो, जतिबेला बेलायत र अमेरिकाजस्ता मुलुकको चीनमाथि व्यापारिक वर्चस्व थियो । विश्व साम्राज्यको चेपुवामा परेको चीनमा एकातिर कुलीनहरू थिए भने अर्कातिर सर्वहारा । भुइँमान्छेको ठूलो संख्या थोरै सम्भ्रान्तको शासन-दायरामा थिए । धनी र गरिबबीचको दूरी झन्-झन् बढ्दो थियो । वाङलुङले नवधनाढ्यहरूमा विकसित सामन्ती चरित्रलाई प्रतिनिधित्व गर्छ । सम्पत्ति जोड्नुअघि वाङलुङ एक कर्मयोगी थियो । धनी महिलाकी सुसारे ओलानसँग उसको प्रेम र संघर्ष रोचक लाग्छ । आमा-बा नभएका वाङलुङ आफ्नो गरिबीसँग अहोरात्र लड्छ । माटोप्रति अगाध स्नेह राख्दै कृषिमा समर्पित हुन्छ । निरन्तरको परिश्रमले धनधान्य भएको वाङलुङमा पैसाको मात चढ्छ र गलत महिलाको संगतमा फस्छ । नोकरचाकर राख्न रूचाउने ऊ जुवाको कुलतमा फसेपछि विकट दुःखमा साथ दिने श्रीमतीलाई समेत उपेक्षा गर्न थाल्छ । धरतीजस्तै सारा अप्ठ्यारा पचाउने ओलानमाथि वाङलुङको पुरूषवाद हाबी हुन्छ । बिस्तारै उसले अकल्पनीय दुःखको पहाड बोक्नुपर्छ । आफन्तहरूले समेत धोका दिन्छन् । अनेक धोकाका ढोका उघ्रँदै जान्छन् । इतिहास र संघर्ष कहिल्यै बिर्सन नहुने पाठ वाङलुङको जीवनयात्राबाट लिन सकिन्छ । अमेरिकी साम्राज्यवादलाई टेवा दिएको आरोपमा चिनियाँ क्रान्तिले *द गुड अर्थ*माथि प्रतिबन्धको ताल्चा झुन्ड्याइदिएको थियो ।

वालविवाहजस्तो सामाजिक कुरीतिप्रति तीखो व्यंग्य गरिएको छ, **सेतो धरती**मा । अमर न्यौपानेलिखित यो उपन्यास बाल्यकालमै विधवा भएर देवघाटमा वैधव्य जीवन बिताइरहेकी तारा आमाको वास्तविक जीवनकथामा आधारित छ । न्यौपानेको लेखनीमा सरलता र कल्पनाशीलताको सघन मिश्रण हुनुका साथै दार्शनिक भावको झल्को पनि पाइन्छ । सात वर्षको उमेरमा विवाह भएर नौ वर्षमै विधवा भएकी तारालाई पारिवारिक जीवनबारे उति थाहा हुँदैन । त्यो पुस्ताका आमाहरूले बेहोर्नु परेको बुहार्तन, समाजको अपहेलना आदिलाई उपन्यासमा चित्रण गरिएको छ । विधवा हुनु, माइतीको आश्रयमा रहनु, आमाको निधन हुनु, बुढेसकालमा बाबुले बिहे गर्नु, सौतेनी आमाको व्यवहारबाट आजित हुनु, देवघाट पुग्नु र त्यहीं जीवन बिताउने निर्णय गर्नु ताराको जीवनका घुम्ती हुन् ।

उपन्यासमा बालविधवा ताराको बालसुलभ अबोधता र उनको सहनशीलता उजागर भएको छ । पितृसत्तात्मक समाज र परम्परामा बाँच्न बाध्य ताराले जीवनभर विवाह गर्दिनन् तर यौवन विकासले यौनचाहना फक्रेपछि कल्पनामा केही पुरुषसंग उनले मनोगत सहवास गरेकी हुन्छिन् । शारीरिक पवित्रताको खासै अर्थ हुँदैन भन्ने दार्शनिक सन्देश पनि उपन्यासले दिन खोजेको भान हुन्छ । वर्णित घटनाहरू नयाँ पुस्ताका लागि काल्पनिक लाग्न पनि सक्छन् । लाग्छ- तत्कालीन पितृसत्तात्मक सामाजले नारी जातिमाथि गरेको अन्याय, अत्याचार र पीडाको पराकाष्ठा बुझ्न *सेतो धरती*लाई एक ऐतिहासिक प्रतिवेदन मान्न सकिन्छ । ने

■ **प्रस्तुति : गुरुङ सुशान्त**

त्यो अधुरो इच्छा

दुर्गानाथ शर्मा भन्थे, 'नेपालका सरकारी मिडियामा स्वतन्त्र पत्रकारिताको समय आएकै छैन ।'

कुन्दन अर्याल

(विसं २००४–२०७६)

दुर्गानाथ शर्माको निधनसँगै नेपाली टेलिभिजन पत्रकारिता इतिहासको प्रारम्भिक अध्यायको अन्त्य भएको छ । ७२ वर्षसम्मको आयुमा उनले छापा पत्रकार, लोकप्रिय समाचार वाचक, सक्रिय प्रसारण पत्रकार र प्रशासकको भूमिका कुशलतापूर्वक निर्वाह गरे ।

एक महिनाअघि मैले दुर्गा दाइलाई उनको आत्मकथा *छाल* पठाइदिएकामा धन्यवाद दिन फोन गरेको थिएँ । एक आलेखमा मैले त्यो पुस्तकलाई उद्धृत गरिसकेको थिएँ । तर उही पुस्तक लेखकको शब्द र हस्ताक्षरसहित हातैमा आइपुगेको क्षण म असाध्यै खुसी भएँ ।

भेट्न जान मिलेन, मैले फोनमै कृतज्ञता ज्ञापन गरेँ । उनले भनेको एउटा वाक्य मेरा कानमा अहिले पनि गुञ्जिरहेको छ, 'तपाईंलाई मन परेछ । मेरो एउटा चिनो तपाईंको न्याकमा रहिरहने भयो ।' उनलाई अन्तिम बिदाइ गरेर फर्किएपछि मैले त्यो किताबलाई न्याकबाट झिकेँ र उनको हस्ताक्षरलाई स्पर्श गरेँ ।

नेपालमा टेलिभिजन पत्रकारिताको इतिहास साढे तीन दशकभन्दा पुरानो छैन । तर छोटो अवधिमै नेपालमा सयौँ टेलिभिजन च्यानल स्थापना भइसकेका छन् । दुर्गा दाइले यो परिदृश्यको परिकल्पना गरेका थिए/थिएनन्, मैले सोध्न पाइनँ । तर उनको स्मृतिमा ताजै थियो, राजा वीरेन्द्रको सोखका कारण सुरू भएको टेलिभिजनले परियोजनाकै चरणमा विरोध सामना गर्नु परेको अवस्था । उनी अति गरिब मुलुकमा टेलिभिजनको औचित्यसम्बन्धी बहस चल्ने जमानादेखिको इतिहासका साक्षी थिए । दिग्गज सम्पादक चन्द्रलाल झा नेपालजस्तो देशमा टेलिभिजन विलासिताको विषय हो भन्दै *नेपाल टाइम्स*मा सम्पादकीय लेख्थे । अर्का प्रखर सम्पादक मणिराज उपाध्याय *समाज* दैनिकमा आफ्नो तर्क राख्थे, टेलिभिजनले शिक्षा र संस्कृतिको उत्थान गर्छ । टेलिभिजन परियोजनामा आबद्ध भएपछि दुर्गा दाइ आफ्ना सहकर्मीहरूसँगै टेलिभिजन पत्रकारिताका आधारभूत पक्षको अध्ययन गर्न थाले । उनैले रमा सिंहसँगको सहकार्यमा नेपालमा पहिलो पटक टेलिभिजन समाचार बुलेटिन तयार गरेका थिए । देशको पहिलो पुस्ताका यी टेलिभिजन पत्रकारले अनेकौं दक्ष सहकर्मी तयार गरे, पुस्ता-दरपुस्तालाई टेलिभिजन-कलाको उदाहरण देखाए ।

दुर्गा दाइले एक पटक नेपाल टेलिभिजनमा प्रधानमन्त्री मनमोहन अधिकारीसँग छलफल कार्यक्रमको सहजीकरण गरेका थिए । उनले ध्रुवहरि (सर) अधिकारी, मलगायत केही पत्रकारलाई प्रश्न सोध्न निम्त्याएका थिए । सिर्जनशीलता र स्तरीयताप्रति उनको अनुराग थियो । धेरै पछि *नेपाल टेलिभिजन*को कार्यकारी अध्यक्षका रूपमा पनि मैले अनुभव गरेँ । दुर्गा दाइको पुस्ताले तयार गरेका अधिकांश पुराना टेलिभिजनकर्मी आफ्नो कामप्रतिको उत्कट र इमानदार लगावबाट अभिप्रेरित थिए ।

अभिभावक उनलाई डाक्टर बनाउन चाहन्थे । तर उनी विज्ञापन एजेन्सीको जागिरमा होमिए । केही समयपछि उनी *गोरखापत्र*को विज्ञापन सुपरभाइजर बन्न पुगे । ०२६ सालको उत्तरार्द्धतिर उनले युवराज वीरेन्द्र-ऐश्वर्य विवाहको तयारी भइरहँदा *गोरखापत्र*को उपसम्पादक पदमा खुला प्रतिस्पर्धाबाट नाम निकालेर पत्रकारिता आरम्भ गरे । ठूलो विज्ञापन छपाउने अन्य अखबार नभएको समयमा उनमा सायद त्यही जागिरले *गोरखापत्र*प्रति आकर्षण जगायो । *गोरखापत्र*मा १७ वर्ष र *नेपाल टेलिभिजन*मा स्थापनाकालदेखि निवृत्त नहुन्जेल झन्डै २२ वर्ष । ०३२ सालदेखि टेलिभिजन प्रसारण सुरू नभएसम्म उनी *रेडियो नेपाल*का समाचार वाचक थिए ।

त्यो आंशिक नियुक्ति थियो । तर रेडियो-समाचार वाचनको ख्यातिले प्रसारण पत्रकारितामा उनको लोकप्रिय छवि निर्माण गर्‍यो । आफ्नो पत्रकारिताबारे उनको प्रस्टोक्ति थियो : धेरैजसो समय सरकारी सञ्चार माध्यममा काम गरेकाले मेरो पत्रकारिता आज्ञाकारी पत्रकारिता थियो । सायद यस्तै सम्यक दृष्टिले नै उनलाई सीमितताकै बीच पनि कर्मशील हुन प्रेरित गरिरह्यो । मेधावी, मिहिनेती र मिलनसार दुर्गा दाइको जीवनपर्यन्तको निष्कर्ष थियो : पञ्चायत, बहुदल र पछिल्लो गणतन्त्रकालको पत्रकारिताको अनुभवका आधारमा भन्नुपर्दा नेपालमा साँच्चै स्वतन्त्र पत्रकारिताको समय आएकै छैन, सरकारी सञ्चार माध्यममा ।

रेमन्ड विलियम्सले *टेलिभिजन: टेक्नोलोजी एन्ड कल्चरल फर्म*मा समाजमा यस आमसञ्चार माध्यमले पारेको प्रभावको गहन सैद्धान्तिक समीक्षा गरेका छन् । मैले नेपालमा टेलिभिजन सुरू हुँदाका बखतको सामाजिक मनोविज्ञानलाई दुर्गा दाइकै अनुभवको आलोकमा विलियम्सको सोचको विश्लेषण गरेको थिएँ ।

त्यो देखाउँदै दाइसँग छलफल गर्न चाहन्थेँ । उनको अवसानले हामी दुवैको इच्छा अधुरै हुन पुग्यो । ने

आर्यघाटमा अस्ताएको विश्व घटना

छापा र प्रसारण दुवैतर्फ एकसाथ परिचित हुनु र त्यसमा भिजेर काम गर्न पाउनु चानचुने उपलब्धि थिएन ।

ध्रुवहरि अधिकारी

'सञ्चार माध्यमको सम्पत्ति भनेको समाचारमा विश्वसनीयता हो ।' दुर्गानाथ शर्माको यो अटल मान्यता उहाँको संस्मरणात्मक पुस्तक छाल (२०७३) मा भेटिन्छ । ०२६ साललाई पत्रकारिता क्षेत्रको प्रवेशवर्ष मानेर हिसाब गर्दा किताब लेख्ने समयसम्म आइपुग्दा उहाँले ४७ वर्षको अनुभव सँगालिसक्नुभएको देखिन्छ, जसमध्येका ४० वर्ष उहाँ *गोरखापत्र*, *रेडियो नेपाल* र *नेपाल टेलिभिजन*मा क्रियाशील रहनुभयो । उहाँले मुलुकको जेठो अखबार, पहिलो रेडियो प्रसारण संस्था र पहिलो टेलिभिजन प्रसारण केन्द्रमा आबद्ध भएर काम गर्ने दुर्लभ अवसर पाउनुभएको हो । २०६१ मा *नेपाल टेलिभिजन*को महाप्रबन्धकबाट सेवानिवृत्त हुँदाको प्रसंग शर्मा आफैँले लेख्नुभएको छ : 'सरकारी पत्रकारिताको यो मेरो ४० वर्षको अवधि हो, पेन्सनबिनाको ।' छापा र प्रसारण दुवैतर्फ एकसाथ परिचित हुनु र त्यसमा भिजेर काम गर्न पाउनु चानचुने उपलब्धि थिएन ।

सेवानिवृत्तिपछिका अर्को १५ वर्ष उहाँ पत्रकारितामा सक्रिय रहनुभयो । भनौँ, गत २२ माघमा परलोक हुनुभन्दा केही दिनअघिसम्म पनि उहाँ क्रियाशील हुनुहुन्थ्यो । अखबारमा समसामयिक विषयमा विवेचनात्मक लेख छपाउँदै पत्रकारिताका कक्षाहरूमा विद्यार्थीबीच आफ्नो ज्ञान र अनुभव बाँड्दै गरेको अवस्थामा उहाँलाई देख्न सकिन्थ्यो । एक्कासि 'अब उहाँ रहनुभएन' भन्ने खबर सुन्दा पत्याउन गाह्रो परेको हो, हामी सबैलाई ।

'विश्वसनीयता' बारे शर्माको मान्यता संस्थागत कार्यकालको अनुभवमा मात्र आधारित भने होइन । विभिन्न समयमा भारत र अमेरिकासमेतका मुलुकमा गरेको विषयगत अध्ययन र लिएका तालिम अनि त्यसपछिको निरन्तरको अभ्यासले उहाँलाई पाको पत्रकार बनाएको हो । पढेर जानिने कुराभन्दा परेर जानिने ज्ञानगुन मूल्यवान हुन् । जुन बखत अखबार भनेकै *गोरखापत्र* थियो र *रेडियो नेपाल* भनेकै प्रसारण माध्यमको पर्याय थियो, त्यस कालखण्डलाई सन्दर्भमा राखेर पढ्ने-बुझ्नेले 'सरकारी' माध्यमको भूमिकालाई सहजै आकलन गर्न सक्छ । दुर्गाजीले राजा ज्ञानेन्द्रसँग पहिलो टेलिभिजन अन्तर्वार्ता लिएको घटना र त्यसअघि राजा वीरेन्द्रका कतिपय विदेश भ्रमणमा सामेल रहेका प्रसंगलाई तत्तत् परिवेशमा हेरिनु आवश्यक छ । आजको आँखाले त्यस बखतको परिदृश्य हेर्दा अन्याय हुन जान्छ ।

*गोरखापत्र*मै हो, मैले दुर्गाजीलाई भेटेको र संवाददाता र उपसम्पादक भएर सँगसँगै काम गरेको । पेसागत सहकार्यको क्रममा हाम्रो मित्रता बाक्लिँदै गयो । बिहान *रेडियो नेपाल*मा समाचार वाचन गरेर दिउँसो *गोरखापत्र*मा आउँदा शर्माले अन्तर्राष्ट्रिय समाचार शीर्षक टिपेको कागज लिएर आउनुहुन्थ्यो, जसले विश्व-समाचार पृष्ठमा राख्ने सामग्री छनोट गर्न म र अन्य सहकर्मीलाई सजिलो हुन्थ्यो । पछि दुर्गाजीलाई नेपालमा टेलिभिजन प्रसारणको काम थाल्ने जिम्मा पाउनुभएका सिनेकर्मी नीर शाहले आफ्नो टोलीमा सामेल गर्नुभयो । शाहले मेरो पनि रुचि बुझ्न डाक्नु भए पनि मुद्रण माध्यममै बढी रमाउँछु भनेर *गोरखापत्र*मै बसेँ । सँगै रहँदा *गोरखापत्र*बाहिर अंग्रेजी लेख-सामग्री अनुवाद गर्ने काम पाउँदा हातखर्च जुटाउन सकेकामा हामी बेलाबेलामा मक्ख पनि पर्थ्यौं ।

दुर्गाजी टेलिभिजनतिर गएपछि पनि हाम्रो मित्रता अटुट रह्यो । नेपाल प्रेस इन्स्टिच्युट (एनपीआई) मा प्रशिक्षक भएर काम गरियो, पत्रकारिताका पाठ्यपुस्तक सम्पादनमा लागिपर्‍यौं । उहाँ एनटिभीको महाप्रबन्धक छँदा ०६० साल असोजमा दोस्रो च्यानल (एनटिभी प्लस) शुभारम्भ गरिने कार्यक्रमको सञ्चालक हुन मलाई आमन्त्रण गर्नुभयो, जतिखेर मैले नीर शाह र सुरेश पुडासैनीजस्ता व्यक्तित्वलाई दर्शकसामु पुनः चिनाउने अवसर पाएँ । यस्ता अविस्मरणीय क्षण र प्रसंग अनगन्ती छन् । उहाँको कृति *छाल*मा गोकुलप्रसाद पोखरेल, भारतदत्त कोइराला र मनरञ्जन जोशीहरूले दिनुभएका मन्तव्यले नै स्पष्ट पार्छन्, दुर्गाजी मिलनसार, मृदुभाषी, गुणी र उपकारी व्यक्तित्वका धनी हुनुहुन्थ्यो । कोइरालाले उहाँको उच्च मूल्यांकन गर्दै 'मिडिया आइकन' नै भन्नुभएको छ । पुस्तकमा शुभेच्छाका दुई शब्द लेख्ने मौका म र फोटो पत्रकार गोपाल चित्रकारले पनि पाएका छौं ।

मिष्ठभाषी भएकै हुनाले रेडियोबाट गुञ्जिने दुर्गानाथ शर्माको स्वर असंख्य श्रोताबीच प्रिय रह्यो । जन्मले पूर्व मेची अञ्चलको नेपाली भए पनि समयको अन्तरालमा उहाँको मधुर तर आधिकारिक स्वर सुदूरपश्चिमको महाकालीसम्म परिचित बन्यो । पछिपछि त सूचना प्रविधिमा भएको विकासले शर्माको स्वर देशविदेशमा समेत फैलियो । बेलाबखत अस्ट्रेलियाको सिड्नीमा बस्दा म दुर्गाजीको समाचार-समीक्षा (नेपालीमा) स्थानीय *एसबीएस रेडियो*बाट उहीं पनि सुन्न पाउँथें । सुखद अनुभूति हुन्थ्यो ।

नेपालमा टेलिभिजन प्रसारणको युग नआउँदैको कुरो हो । सबैका लागि तात्तातो समाचारको स्रोत एउटै थियो- *रेडियो नेपाल* र समाचारका परिचित वाचक हुनुहुन्थ्यो, दुर्गानाथ शर्मा । त्यसैताका *गोरखापत्र*मा हाम्रा सहकर्मी (द *राइजिङ नेपाल*मा कार्यरत) कुन्द दीक्षितले कतै लेखेका थिए- कुनै दिन नेपालमा टेलिभिजन आयो भने थालनी सायद यसरी हुनेछ : 'अब दुर्गानाथ शर्माबाट समाचार...।' केही वर्षको अन्तरालमा उनको भविष्यवाणी सत्य साबित भयो । दुर्गानाथ शर्मा समाचार प्रस्तोता भएर जनसमक्ष देखा पर्नुभयो । ने

९ प्रश्न | विकास बस्नेत

'मानिसलाई सृष्टिकै विवेकी ठान्नु अहं मात्र'

विकास बस्नेत, पेसाले सरकारी कर्मचारी । सोखचाहिँ वाइल्डलाइफ फोटोग्राफी । उनी हङकङमा रहेको एसियन वाइल्डलाइफ फोटोग्राफर्स क्लबको जनवरी महिनाको फोटोग्राफर अफ द मन्थ घोषित भए :

यो उपाधि के आधारमा दिएको हो ?

सीमसार क्षेत्रमा बसाइँसराइ गर्ने आगन्तुक चराको मैले फोटो खिचेको थिएँ । सोही आधारमा दिइएको हो । वाइल्डलाइफ फोटोग्राफीमा पनि सीमसारका आगन्तुक चरा मेरो रूचि हो ।

फोटोग्राफीमा वाइल्डलाइफ नै रोज्नुको कारण ?

अन्यमा विषयवस्तुको सीमितता हुन्छ । वाइल्डलाइफ त विविधताको अथाह सागर हो । वन्यजन्तुबारे हामीलाई कति नै थाहा छ र ?

वाइल्डलाइफ फोटोग्राफीबाट तपाईंले के सिक्नुभयो ?

मानव जाति आफूलाई यो जगत्‌को सबैभन्दा विवेकी प्राणी ठान्छ । वन्यजन्तुको जीवन बुझेपछि त्यो हाम्रो अहं रहेछ भन्ने लाग्यो । प्रकृतिमा मानव जातिको स्थान उच्च छ भन्छौं । तर मानिस र अन्य जीवजन्तुको सम्बन्ध उचनीच होइन, समानान्तर छ ।

कसरी ?

पृथ्वीमा वन्यजन्तु आफ्नै हिसाबले बाँचेका रहेछन् । तिनका संघर्ष मानिसका जस्तै कठिन छन् । हामी त चराचर जगत्‌को समग्र सृष्टिको सानो अंश मात्र रहेछौं । हामी सभ्यताको जननी भन्नु बेकार हो ।

फोटो खिच्दा अहिलेसम्म सम्भिरहने घटना कुनै छ ?

काठमाडौंको टौदहमा सर्पलाई न्याउरी मुसाले लखेटिरहेको थियो । मैले त्यो दृश्य कैद गरें । अनि, अन्तिममा सर्पलाई न्याउरी मुसोबाट छुटकारा दिलाएं । पछि मलाई यो काम निरर्थक लाग्यो किनभने त्यो क्षणिक भावुकता थियो । आखिर प्रकृति त यसैगरी चल्छ होइन र !

फोटोग्राफीमा मन खोलेर लाग्न पाउनुभएको छ ?

सरकारी बिदाको सदुपयोग गर्दै आफ्नो रूचि पूरा गरिरहेको छु । वन्यजन्तुको दृश्य खिच्न कति समय लाग्छ, भन्नै सकिँदैन ।

खिच्न नपाएको फोटो छ ?

बाघ र बच्चा सँगै भएको फोटो खिच्ने रहर छ । अझ बच्चा मुखमा बोकेको । यसका लागि धेरै पटक चितवन र बर्दिया पुगें । चितवनमा तीन दिन लगातार एउटै स्थानमा बस्दा पनि भेटिएन ।

आफूले चाहेको 'सट' लिन नपाउँदा जागिर छाडिदिउँजस्तो लाग्दैन ?

वाइल्डलाइफ फोटोग्राफी गरेरै जीवन गुजार्न सकिँदैन । त्यस्तो समय आयो भनेचाहिँ पक्कै छाड्छु ।

नेपालको वाइल्डलाइफ फोटोग्राफी अन्तर्राष्ट्रिय दाँजोमा कस्तो छ ?

मैले सुरु गर्दा वाइल्डलाइफ फोटोग्राफी गर्ने थोरै थिए । उपकरण सस्तो हुंदै गएकाले रूचि भएकालाई सजिलो भएको छ तर अझै पनि वाइल्डलाइफ फोटोग्राफीका माध्यमबाट नेपाललाई संसारमा चिनाउन सकेका छैनौं । विविधताको गहिराइमा पुग्न सकेका छैनौं । काठमाडौं वरपरका चरा खिचेर *फेसबुक*मा राख्दा मात्रै पनि धेरैले भन्छन्- यहां पनि यस्तो चरा छ र ! हामीले आफ्नै वरपर चिनेका छैनौं भने विश्वले चिन्ने कहिले ?

▪ **मनबहादुर बस्नेत**

मन्तुष्ट

म बुलडोजर चलाउँछु । मलाई बुलडोजर-गर्ल भन्न सक्नुहुन्छ । तर प्लिज ! लेखमा मेरो नाम उल्लेख नगरिदिनु होला । कारण, मेरो लोग्नेलाई निको लाग्दैन । लोग्नेले मलाई अत्यन्त माया गर्नुहुन्छ । म पनि उहाँलाई औधी माया गर्छु । केही दिनयता भने उहाँको मायामा कैफियत देख्छु ।

केही दिनयता भन्नाले तपाईंको अपहरण भएयता भन्न खोज्नुभएको हो ?

सही ठम्याउनुभयो । म शिवपुरी जंगलमा बुलडोजर चलाइरहेकी थिएँ । माटो-बाटो सम्याइरहेकी थिएँ । यस्तैमा कुन्नि कताबाट एउटा मान्छे आइपुग्यो । त्यो अग्लो चिन्डे मान्छेले कालो अलीबाबा ट्राउजर अनि कालै ओभरकोट लगाएको थियो । उसैले मेरो अपहरण गरेको हो । अपहरण पनि के भन्नु ! लाग्छ, म वशीकरणमा परेकी थिएँ । त्यसले मलाई कालो जादू गर्‍यो ।

तपाईंको कुरा बाझियो । कहिले अपहरण भन्नुहुन्छ, कहिले वशीकरण । वशीकरण हो भने उसले करणी आशयको उद्देश्यले तपाईंलाई ...

होइन, होइन । करणीको त सवालै छैन । उसलाई देखेपछि म ऊप्रति अनायास मन्त्रमुग्ध भएकी हुनुपर्छ । बुलडोजरको इन्जिन बन्द गरेर उसैको पछि लागेँ । उसले मलाई एउटा पुरानो महलभित्र लिएर गयो । बाहिरबाट जीर्ण देखिए पनि उक्त महल भित्रबाट भने ज्यादै आधुनिक देखिन्थ्यो । उसले सेमिनार हलजस्तो विशाल कक्षमा छिराएर अंगुरका झुप्पाहरू दियो । अंगुर मेरो मनप्रिय फल हो भन्ने कुरा उसले कसरी चाल पायो ? ताज्जुब लाग्यो ।

तपाईंले ऊसित कुराकानी गर्नुभएन ? उसको नाम के थियो, सोध्नुभएन ?

उसले आफ्नो नाम प्यारासाइट बतायो । प्यारासाइट ! त्यो पक्कै पनि उसको निकनेम, गुप्तनेम या कोडनेम हुनुपर्छ । नत्र प्यारासाइटजस्तो अजीव-ओ-गरिब नाम कसले राख्छ ? प्यारासाइट शर्मा ओली, प्यारासाइट महरा, प्यारासाइट देउवा, प्यारासाइट दाहाल तथा प्यारासाइट वीरविक्रम शाहजस्तो नामथर को राख्दो हो ?

ओके बुलडोजर गर्ल ओके ! त्यो किडन्यापरले तपाईंलाई अपहरण गर्नुको कारण, रहस्य या प्रयोजनचाहिँ के रहेछ ?

ठ्याक्कै के प्रयोजन थियो, यकिन भएन । तर उसले मलाई एउटा फिल्म देखायो । फिल्म मलाई बबाल लाग्यो । त्यस्तो भव्य एवं आकर्षक फिल्म मैले बिरलै हेरेकी छु । त्यस्तो दामी फिल्म हेर्न पाइने हो भने त म पटक-पटक अपहरणमा पर्न चाहन्छु । वाह, कस्तो माइन्ड ब्लोइङ फिल्म



थियो त्यो ! म मन्तुष्ट भइगएँ ।

मन्तुष्ट ? यु मिन सन्तुष्ट ?

जब मन सन्तुष्ट हुन्छ, तब हामी मन्तुष्ट हुने गर्छौं । कमन सेन्स, म्यान !

ओके ओके, गज्जब ! अब भन्नुस्, अपहरणकारीले कुन फिल्म देखाएको थियो ?

फिल्म पनि उसले *प्यारासाइट* नै देखायो । अ साउथ कोरियन थ्रिलर ड्रामा, यु सी ! खैर, फिल्मको अन्त्यपछि अपहरणकारीले मेरो लोग्नेको फोन नम्बर माग्यो । मैले टिपाइदिएँ । त्यसपछि लोग्नेलाई फोन गरेर उसले भन्यो, 'तपाईंकी वान एन्ड द ओन्ली । लोन्ली वाइफ अपहरणमा पर्नुभएको छ । तपाईंलाई हेक्का होस् ।'

क्वाइट इन्ट्रेस्टिङ ! कस्तो विचित्रको किडन्यापर रहेछ । यसले तपाईंको लोग्नेसित फिरौती माग्यो होला, होइन ? कति रकम माग्यो ?

फिरौती रकम होइन, उसले फिरौती डिभिडी माग्यो । उसले मेरो लोग्नेसित अर्को बिहान घाम उदाउनुअघि प्यारासाइट फिल्मका सय थान डिभिडी चक्काहरू कुनै पनि हालतमा ल्याइपुर्‍याउने आदेश दियो । नल्याएको खण्डमा निजले मलाई सय झुप्पा अंगुर जबर्जस्ती खुवाएर मर्डर गरिदिने धम्की पनि लोग्नेलाई दियो । उसको कुरा सुनेर म भयभीतभन्दा बढी आश्चर्यचकित भएँ ।

म पनि आश्चर्यचकित परेको छु । तपाईंको लोग्नेले अर्को बिहान *प्यारासाइट* फिल्मका सय थान डिभिडी ल्याए ?

बिहानसम्म कुर्नै परेन । मध्यराततिर लोग्ने शिवपुरी जंगल आइपुग्नुभयो, सय थान डिभिडी लिएर । बिचरा लोग्ने । त्यत्तिका डिभिडीहरू उहाँले कसरी जुगाड गर्नुभयो होला ? डिभिडी पाएर अपहरणकारी प्रसन्न भयो । मलाई तत्काल छाडिदियो । यसरी एउटा विसंगतिपूर्ण अपहरणको उदेकलाग्दो एपिसोड समाप्तियो ।

एउटै फिल्म त्यत्तिका डिभिडीहरू अपहरणकारीलाई किन पो चाहिएको रहेछ ?

यस्तै खालको प्रश्नले म पनि केही दिन सोचमग्न भएँ । मनमा जिज्ञासाको बादल छाइरह्यो । त्यो बादल हिजो फाट्यो । साँझपख, म बुलडोजरमा घर फर्किरहेकी थिएँ । त्यो किडन्यापरलाई मैले दरबारमार्गको जेब्रा क्रसिङमा देखेँ । बाटो काटिरहेका मानिसलाई ऊ *प्यारासाइट* फिल्मको डिभिडी बाँडिरहेको थियो । अचम्म ! प्यारासाइट अपहरणकारीले प्यारासाइट मानिसलाई *प्यारासाइट* फिल्म हस्ते गरिरहेको थियो । लाग्थ्यो, सहरमा ऊ प्यारासाइटका कीटाणुहरू फैलाइरहेको थियो । ने

गुलाबी मैता

गुलाबी रङ अर्थात् प्रेमागनको रङ, नारीको रङ । यो रातोजस्तो आक्रामक हुँदैन बरू सूक्ष्म र सौम्य हुन्छ । यही हल्का गुलाबी पहिरनमा सजिएकी छन्, मोडल मैता देवकोटा । गहुँगोरो वर्णकी मैता गुलाबी रङको वनपिसमा सुन्दर र आकर्षक देखिएकी छन् । त्यसमाथि उनको गुलाबी ओठ र आँखाको त कुरै नगरौं, जसले सुनमा सुगन्ध थप्ने काम गरेको छ ।

रातो भाले क्वाँयाँ क्वाँयाँ...

रातो भाले क्वाँयाँ क्वाँयाँ... । कतिपय रेस्टुराँका नामै काफी हुन्छन्, यो गीतजस्तै । जस्तो, रातो भाले । नामअनुसारकै खाना छ, रातो भालेमा । चिकेनका भेराईटी परिकारदेखि कन्टिनेन्टल फुड पाइन्छ, यहां । बबरमहलमा रहेको रातो भाले सहरमा जमघट गर्न उपयुक्त थलो पनि हो । बर्थडे, पार्टी मनाउन, साथीसँग जमघट गर्न रातो भाले प्रसिद्ध छ । शान्त वातावरणमा विशिष्ट स्वादका परिकार पाएपछि के चाहियो ?

महेश प्रधान

डियर जिन्दगी

यो अरूजस्तो सामान्य गन्थन होइन ।
एउटा कविको संवेग हो,
अन्तस्करणबाट निक्लेको ।

१७ वर्षीया कवि प्रशस्ति अर्याल टुप्लुक्क आइपुगिछिन्, काव्यिक नगरीमा रेड *मुन* लिएर । भनिन्छ, कवि बेपर्वाह हुन्छन् । उनको प्रस्तुति त्यस्तै नै छ । उनले कवितैपिच्छे शीर्षक दिएकी छैनन् । बरू एउटै शीर्षकमा थुप्रै कविता लेखेकी छन् । जस्तो, जटिलता, रिस, शक्ति र चाहना ।

यी शीर्षकभन्दा पहिले जिन्दगीलाई चिट्ठी लेखेकी छन्, जसलाई सुरूदेखि अन्त्यसम्म ५ शीर्षकमा बाँडेकी छन् । पहिलो चिट्ठीमा जिन्दगीलाई सम्बोधन गर्दै आफ्नो वरिपरिका परिवर्तनलाई नियालेकी छन् । यी कविलाई परिवर्तन त्यति मन पर्दो रहेनछ । वयस्क मान्छेलाई जस्तै उनलाई सबै कुरा भद्रगोल लाग्दो रहेछ र जिन्दगीबाट यही कुरा सिकेको उनी बताउँछिन् । 'मान्छे र वरपरका चीजबिज छिटोछिटो परिवर्तन हुन समय लाग्दैन,' उनको गुनासो छ ।

उनका कविता रोचक छन् । कुनैमा 'बस्, एउटा कोठा होस्, जुन किताबले भरिएको होस् र खाली पाना होस्, जहाँ आफ्ना भावना पोख्न पाऊँ,' उनले भनेकी छन् । कतै साथीसँग बच्चामा रमाइलो गर्दै हिंडेका, कुदेका बालसुखको बिस्कुन लगाएकी छन् । कतै मनोपरामर्शदाताजस्तो जिन्दगीलाई प्रश्न गर्छिन्, तिमी ठीक त छौ ? स्वप्न छाउनुपर्ने आँखामा नडाकिएको आँसु आएको प्रसंग उनी निर्धक्क खोल्छिन् । डर र सोचाइबिनाको नीद उनको चाहना हो तर कवि हुन्, सोचाइले त्यसै कहाँ छाड्थ्यो र !

रोदन मात्र होइन, कृतज्ञता पनि झल्केको छ, उनको लेखनमा । र, त भन्छिन्, 'म ऋणी छु । ती सबै रात र सबै पलका लागि, जुन तिमी मसँग अड्कियौ । धन्यवाद प्रिय साथी । यहाँ आएदिएकामा, मलाई बुझिदिएकामा, ढाडस दिएकामा ।'

सरल अंग्रेजीमा लिपिबद्ध कविताले चर्चित कवि रूपी कौरको सम्झना गराउँछ । तर प्रशस्तिको कवितामा आफ्नै भोगाइ, सपना, रहर, इच्छामा प्रश्न छ । जीवनको अर्थ खोजिरहने जोकोहीका लागि उनको कविता आँखीझ्याल हुन सक्छ । जीवनको नैराश्यलाई उनको प्रश्न छ । आशा गरौं, यो उनको कल्पनाशीलता मात्र होओस् ।

मेगा सेल

एकै ठाउँमा ब्रान्डेड सामान सस्तोमा पाए कस्तो होला ? सुन्धारास्थित सिभिल मलले मेला सेल अफर ल्याएको छ । मलको पार्किङ लटबाहिरै २२ स्टल राखेको छ । १० माघदेखि ३ फागुनसम्म चल्ने मेलामा स्वेटर, ज्याकेट, मेकअपका सामान, गगल्स, जुत्ता, ब्याग सबै सेलमा राखिएको छ ।

६० प्रतिशतसम्म डिस्काउन्ट दिइएका सामान सबै सिभिल मलभित्रकै हुन् । मलको पाँचौं तलामा रहेको द स्पार्कल इन्टरप्राइजेजका प्रोप्राइटर रविनले पहिलो पटक मलले मेगासेल गरेको बताए । भन्छन्, "सहरमा यति धेरै मल छन् । तर सिभिल मलको विशेषता के हो ? यहाँ कस्ता ब्रान्डेड सामान पाइन्छन् ? तिनका बारे जानकारी दिन मेगा सेल राखेका हौं ।"

द स्पार्कलले लेडिज पर्स तथा ब्याग सेलमा राखेको छ । ४ हजार २ सयदेखि २ हजार ५ सयसम्म पर्ने ब्रान्डेड ब्याग ६० प्रतिशत छूट सेलमा पाइन्छ । हरेक मौसमका लागि चाहिने सामान फरक-फरक हुन्छन् । तसर्थ जाडोको महिना सकिनै लाग्दा स्टक क्लियरेन्स गरिन्छ ।

मलमै रहेको तिरूपति पपुलर च्वाइसका स्टाफ राजेन्द्र थापा भन्छन्, "हामीले स्टक क्लियरेन्स गर्न राखेका हौं । उनको स्टलमा पुरूषले लगाउने जाडोका लुगा पाइन्छन् । यहाँ १ हजारदेखि ५ हजारसम्मका सामान किन्न सकिन्छ ।

नोटबुक

सन्तोष आचार्य

रैथानेमारा निकुञ्ज

हामी देशका निकुञ्ज घुम्छौँ, रमाउँछौँ । वनजंगल घुम्छौँ । डुंगा सयर गर्छौं । हात्ती चढ्छौँ । सफारी गर्छौं । तर हामीमध्ये कसैले त्यही निकुञ्जलाई आश्रय बनाएर जीवन निर्वाह गरिरहेका रैथानेबारे कहिल्यै सोचेका छौँ ? जस्तो, चितवन राष्ट्रिय निकुञ्ज नै पुगौँ न । सिकार खेल्न आएका राजा वीरेन्द्रलाई यहाँका आदिवासी थारू समुदायले डुंगा सयर गराउँथे, कुनै बेला । थारू समुदायलाई राजाले एक पटक तिमीहरूलाई अरू जग्गा चाहिन्छ भनेर सोधेछन् । उनीहरूले भनेछन्, 'सरकार ! जग्गा होइन, वनजंगल र खोलानाला भए पुग्छ ।' राजाले हुकुम प्रमांगी गरेर उनीहरूको चाहना पूरा गरे । यो ०२९ सालको कुरो थियो ।

तर त्यसको एक वर्षपछि विदेशी दातृसंस्थाको दबाबमा आफैँले दिएको वनजंगल र खोलानालाको उपभोग गर्न नपाउने गरी वीरेन्द्रले उनीहरूबाट खोसे । त्यहाँ निकुञ्ज बन्यो । रैथाने समुदायका कष्टका दिन त्यहीँबाट सुरू भए । झन्डै ९ सय ६४ वर्गकिमि क्षेत्र रैथानेबाट खोसियो । चितवन, मकवानपुर, पर्सा र नवलपरासीका केही भूभागमा पर्ने यो ठाउँलाई निकुञ्ज घोषणा गरिएपछि पुस्तौँपुस्तादेखि चुरे क्षेत्रदेखि नारायणी, रिउ र राप्ती नदी बसोबास गरिरहेका थारू समुदायलाई त्यहाँबाट अलग गरियो ।

३ कात्तिक ०७६ मा *नेपाल*मा प्रकाशित आवरण कथामा सहकर्मी यम बमले चितवन पुगेर गरेको स्थलगत रिपोर्टको सार थियो, बस्ती जोगाउने कि वन्यजन्तु ? अर्थात्, जीवजन्तुले बालीनाली सखाप पारेकै छन् । स्थानीय वन्यजन्तु आक्रमणको त्रास खेपेका छन् । अंगभंग भएका छन् । मृत्यु भोगेका छन् ।

सौराहाको एक होटलमा वेटर रहेका स्थानीय कुशवेन्द्र चौधरीले केही समयअघि मलाई भनेको अझै सम्झिन्छु । उनले भनेका थिए, "हामी बसेको थलोमा निकुञ्ज आएको हो, निकुञ्ज भएको ठाउँमा हामी गएको होइन ।" एकातिर सरकारी नीतिको प्रहार, अर्कोतिर वन्यजन्तुको आक्रमण । दुवैको मारबाट पिल्सिएका छन्, यहाँका आदिवासी ?

कसका लागि निकुञ्ज

चितवन राष्ट्रिय निकुञ्जका रैथाने समुदायको जीवनशैली वनजंगल र खोलानालामा निर्भर छ । उनीहरूका लागि कन्दमूलदेखि माछामासु अनि दाउरापातको स्रोत नै यही हो । तर जब उनीहरूको बस्तीमा निकुञ्ज पुग्यो, जीवनशैली क्षतविक्षत भयो । पश्चिमाले सिकाएअनुसार बनाइएको निकुञ्जमा सेनाको आवश्यकता भयो तर पुस्तौँदेखि बस्दै आएको समुदायको रत्तिभर पनि आवश्यकता बोध गरेन, निकुञ्जले ।

आफ्नै भूगोलमा यो समुदायलाई राज्य र दातृ निकाय लागेर सीमान्तकृत बनाइयो । के रैथाने समुदायको जीवनस्तर उकास्न निकुञ्ज बनाएको हो ? होइन, जैविक विविधता जोगाउने भनिए पनि राजपरिवार, पैसावाल र पावरदार विदेशीलाई सिकार खेल्न बनाइयो, निकुञ्ज । निकुञ्ज निर्माणका सकारात्मक पाटा पनि छन् तर रैथाने समुदायलाई साथमा लिएर चलाउँदा बढी प्रभावकारी हुन्थ्यो । रैथानेको जीवनशैलीमाथि हमला गर्नु पर्दैनथ्यो । तर सत्ताको घैँटोमा घाम नलागेपछि के नै गर्न सकिन्छ र !

सेनाको सास्ती

लामो समयदेखि प्राकृतिक स्रोत व्यवस्थापनको अध्ययन, अनुसन्धान र वकालतमा संलग्न सोमत घिमिरेले लेखेको *जुर्मुराएको बखत*मा निकुञ्जसँगै बस्ती छिरेको सेनाले रैथानेहरूको जीवन कसरी दुरूह बनाएको छ भन्ने केही घटना उल्लेख गरेका छन् । बस्ती-बस्ती डुलेर अनि रैथानेसँग भेटेर उनले तयार पारेको यो पुस्तक पढ्दा थाहा हुन्छ, चितवन राष्ट्रिय निकुञ्जमा सेनाले रैथानेमाथि गर्दै आएको अत्याचार । यो भूगोलमा माछा मारेर जीवन गुजारा गर्ने माझी जाति पनि छन् । सेनाले उनीहरूलाई माछा मार्न दिन्छ तर मारेको माछामाथि भने उसको हक चल्छ । घिमिरे लेख्छन्, 'स्थानीयलाई माछा मार्न नदिनेभन्दा पनि माछा खोस्न बसेको छ, सेना ।' त्यसरी खोसिएको माछा सेनाको अफिसर मेसमा जर्साबको खान्की बन्न पुग्छ । माछा मारेर फर्किएकी युवतीको हातबाट माछा खोसेर सजायस्वरूप नांगै नचाएका नमीठा पल पनि थुप्रै छन् ।

घरेलु प्रयोजनका लागि वनमा घाँसपात, दाउरा लिएर फर्कंदा सेनाको बुट बजारिनु यहाँका लागि नयाँ घटना होइन । बिरामी हुँदा वनबाट जडीबुटी ल्याएकै कारण तस्करको नाममा थुनामा जाकिएका छन्, रैथाने । हजुर ! वनजंगल र नदीनालामा रैथानेलाई प्रवेश निषेध छ । यो भूमिसँग जीवनको साइनो जोडिएको छ, भूमि सन्तानहरूको । तर यस्तो साइनो तोड्न सरकारले जंगलमा सेनाको परेड खेलाएको छ ।

यत्तिमै सेनाले दिने सास्ती सकिँदैन । सेनाका जवान रैथानेका घर-घर डुल्छन् । युवतीसँग मायाप्रेम गर्छन् । युवती गर्भवती हुन्छन् । सन्तान जन्मिन्छन् । त्यतिबेला सेनाका यस्ता जवानको कतै सरूवा भइसक्छ अनि पिताविहीन सन्तान जन्मिन्छन् । युवती र बच्चा अलपत्र पर्छन् । बाबुको पहिचान नपाएका यस्ता सन्तान समाजका लागि समस्या हुन्छन् । यसबारे सैनिक मुख्यालयलाई थाहा नभएको होइन । तर किन-किन यस्ता घटना अहिले पनि घटेका छन्, चितवनका जंगलमा । ■

पाल्पा सिमेन्ट इन्डष्ट्रिज प्रा. लि., सुनवल, नेपाल

थप जानकारीका लागि

काठमाडौं शाखा: ९८२४२४४११४, ९८०१९४३५५५, ९८०१९४३५४३ । भैरहवा शाखा: ९८०१९४३५१३, ९८०१९४३५१२

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८